# शिक्षक

www.teacher.org.np

मूल्य रु ५०/-

पुस २०६८

- सबै स्कूलः 'जनवादी' स्कूल
  - शिक्षा मन्त्री
- शिक्षकलाई पिताको पत्र
- शिक्षकविनाका कीरा-फट्याङ्ग्रा
- कथा लेख्नुस्, ल्यापटप जित्नुस्




## निरन्तर मूल्याङ्कन

## किन र कसरी ?


Dabur
Chyawanprash
"घरमै दुई चम्चाको तयारी
राख्छ टाढा बिमारी"
Proven to give
3 TIMES
more immunity!
अब Mango र
Orange flavour मा पनि
New
Dabur
Chyawanprash
(Mango)
New
Dabur
Chyawanprash
(Orange)
Ad Media/DCP/07-11
जाडो महिनाको आगमनसँगै आएको छ - रुघा खोकीको समस्या पनि । जति-जति चिसो बढ्दै जान्छ, त्यती नै हाम्रो रोग प्रतिरोधात्मक शक्ति पनि घट्दै जान्छ र प्रदुषण अनि किटाणुले हामीलाई बिरामी बनाउने पूरा तयारी गर्छ । त्यसकारण ४७ आयुर्वेदिक तत्व युक्त डाबर च्यवनप्राश दैनिक २ चम्चा सेवन गरी ३ गुणा रोग प्रतिरोधात्मक शक्ति बृद्धि गर्नुहोस् र यी सबै समस्याहरुबाट सजिलै बच्नुहोस् ।
डाबर च्यवनप्राश - घरमै दुई चम्चाको तयारी, राख्छ टाढा बिमारी ।

# शिक्षक
## मासिक

वर्ष ४ पूर्णाङ्क ४५

पुस २०६८
Dec 2011–Jan 2012


# निरन्तर मूल्याङ्कन पद्धति
# अवधारणा र अभ्यास




- निरन्तर मूल्याङ्कन पद्धति के ? किन ? कसरी ? - *चेतनाथ गौतम*
- हाम्रो विद्यालयमा यसरी भइरहेछ क्रियान्वयन - *मेदिन लामिछाने*
- पुगेन तयारी
- रिपोर्टः प्रगतिपथमा प्रगति शिक्षा सदन

पृष्ठ ३२-४९




## एक पिताको पत्र शिक्षकलाई


पृष्ठ २८-३०


## समाचार


१४-१६

खुल्यो शिक्षण लाइसेन्स ■ ३५ हजार शिक्षक बढुवा हुँदै ■ 'हिस्टान'द्वारा माग प्रस्तुत ■ क्षेशिनि हेटौंडामा ■ मन्दिरको भेटीः शिक्षकको तलब ■ २०६८ को एसएलसी परीक्षा तालिका ■ शिक्षा ऐन नियमबारे नयाँ पुस्तक


## अन्य सामग्री


- रिपोर्टः शिक्षा ऐन संशोधन प्रस्ताव १८
- अन्तर्वार्ताः शिक्षामन्त्री दीनानाथ शर्मा २०
- अगुवाहरूको यो कस्तो प्रतिबद्धता ! *कृष्णप्रसाद ढकाल,* २२
- प्राथमिक तहमा चेस अनिवार्य ! ३१
- गरिबी कसरी बुझ्ने ? *पीताम्बर शर्मा,* ५२
- *ब्रेकिङ विथ ओल्ड आइडियाज् र नेपालको शिक्षा* *गुणराज लोहनी,* ५४
- व्यक्तित्वः जिरीका जिरेल सर ५६
- शिक्षक चाहिंदैनन् कीरा फट्याङ्ग्रालाई ! *डा. तीर्थबहादुर श्रेष्ठ,* ५८


## बहस शिक्षा र शिक्षकका समस्या


पृष्ठ २४-२७

- बालकुमार जमरकट्टेल
- रामप्रसाद अर्याल


## स्तम्भ


विषय-सन्दर्भ २, हेराइ र बुझाइ ३, प्रतिक्रिया र सुझाव ४, हामी विद्यार्थी ८, मनका कुरा १०, जिज्ञासा र जवाफ ६४, फुर्सद ६७, आलोपालो ७२



ज्ञान-विज्ञान शैक्षिक सहकारी संस्था लिमिटेडका लागि अध्यक्ष दीपक थापा द्वारा प्रकाशित

**सम्पादक**
राजेन्द्र दाहाल

**सल्लाहकार सम्पादक**
केदार शर्मा

**सहायक सम्पादक**
सुदर्शन घिमिरे

**वरिष्ठ संवाददाता**
बाबुराम विश्वकर्मा

**संवाददाता**
प्रमोद आयाम

**ले-आउट**
विपेन्द्र घिमिरे
खड्गबहादुर मगर

**प्रमुख कार्यकारी अधिकृत**
पीताम्बर कट्टेल

**विज्ञापन**
रामचन्द्र घिमिरे

**लेखा**
बन्दना श्रेष्ठ

**बिक्री वितरण/ग्राहक सेवा**
हरि ढकाल, तारानिधि रेग्मी

**कार्यालय**
**ज्ञान-विज्ञान शैक्षिक सहकारी संस्था लिमिटेड**
***(शिक्षक मासिक)***
मचागाः (मच्छिन्द्रमार्ग), जावलाखेल, ललितपुर,
**पो.ब.नं. ३९१, ललितपुर**
फोनः सम्पादकीय- ५५४३२५२
व्यापार/विज्ञापन- ५५४८१४२
ग्राहक गुनासो (उपत्यका मात्र)- ४२६५६८६,
फ्याक्सः ५५४११९६
इमेलः mail@teacher.org.np,
वेबः www.teacher.org.np,
मुद्रणः जगदम्बा प्रेस, हात्तीवन, ललितपुर

जिप्रका लपु द.नं ५३/०६५/०६६


**ग्राहक तथा बिक्रेताहरूले समयमै पत्रिका प्राप्त नभएमा फोन नं. ९७२१५८००४८ मा तत्काल जानकारी गराउनुहोला। यो नम्बरमा जानकारी गराउँदा पनि पत्रिका प्राप्त नभएमा फोन नं. ९८५११३६३४५ मा प्रमुख कार्यकारी अधिकृतलाई खबर गरिदिनुहोला।**

■ केदार शर्मा

# शिक्षकको मानमर्दन नगरौँ

**सबै** साधु मानिस हुन्, तर सबै मानिस साधु होइनन् ।

कतिपय साधुहरू गाँजा खान्छन्, तर न त सबै गँजडी साधु हुन्, न सबै साधु नै गँजडी !

कृष्णले अर्जुनलाई गीतामा सबैलाई एकैदृष्टिले हेर्नुपर्छ भनेका छन् । तर लोकव्यवहारमा त्यसो गर्न सम्भव हुँदैन । त्यसो गर्दा कहिलेकाहीँ एकदमै ठूलो, अपराध बराबरकै गल्ती हुनसक्छ । "यिनीहरू यस्ता छन् त्यसैले बाँकी पनि यस्तै होलान्" भनेर सामान्यीकरण (जेनरलाइजेशन) गर्नु एक किसिमको दृष्टिदोष नै हो ।

शिक्षक मासिकले शिक्षकहरूबाट भएका कैयन् त्रुटि र कमी-कमजोरीहरूलाई हमेसा औँल्याएको छ । यो क्रम भोलिका दिनमा पनि जारी नै रहनेछ । तर हाम्रो सधैँको प्रयत्न छ, गल्ती गर्नेलाई औँल्याउने । चोरीको प्रमाणपत्रका बारेमा होस् वा अर्कालाई खेताला लगाएर खान पल्केका शिक्षकहरूको कुरा उठाउँदा होस्; हामीले जहिले पनि त्यस्ता कुरालाई अपवादका रूपमा लियौँ र समाज एवं शिक्षण पेशालाई त्यस्ता अपवादका अवगालबाट जोगाउने प्रयत्न गर्‍यौं । नपढाउने, स्कूलको स्रोत साधन बिगार्ने वा अरू कुनै पनि विकृतिलाई अघि बढाउने शिक्षकको कुरा गर्दा पनि हाम्रो दृष्टिकोण र शैली त्यही रहेको छ । हाम्रो नीति नै यही हो ।

हामीलाई कुनै शिक्षकले अभिभावकको सपना र बालबालिकाको भविष्यका सम्भावनाहरूप्रति खेलबाड गरेको देख्दा असह्य पीडा हुन्छ र हामी त्यसका बारेमा रिपोर्टिङ गर्छौं, विचार विमर्श गर्छौं र त्यस्ता कुरा नदोहोरिऊन् भनेर आफ्नातर्फबाट सक्दो प्रयत्न गर्छौं । शिक्षकहरूप्रतिको दुर्व्यवहार पनि हामीलाई सह्य हुँदैन । शिक्षकहरू माथिका दबाब, गुण्डागर्दी, अपहरण र हत्यामा हाम्रो स्वर मुखर हुनाका कारण यिनै हुन् ।

तर हामी अन्योलग्रस्त त्यसबेला हुन्छौं, जब शिक्षकका अगुवा, शिक्षकका प्रतिनिधि सङ्गठन, सरकारको शिक्षा मन्त्रालय र बालहितको ठेक्का लिएको युनिसेफ जस्ता संस्था समेत आम शिक्षकहरूकै हुर्मत लिन अग्रसर हुन्छन् । हामीलाई दु:ख लाग्छ, उनीहरूको सङ्कीर्णता देखेर ।

प्रसङ्ग हो "शैक्षिक सुधारका लागि हामी शिक्षकहरूका पेशागत संघ-संस्थाहरूद्वारा जारी गरिएको" भनिएको एउटा 'प्रतिबद्धता पत्र' को । जसमा शिक्षकका पेशागत संघसंस्थाहरू यस्तो प्रतिबद्धता जारी गर्छन् :

- विद्यालय हाताभित्र धूमपान, मद्यपान तथा अमर्यादित गतिविधि गर्ने छैनौं ।
- आफ्नो बदलामा अन्य शिक्षक (खेताला) राखी आफू अन्य गतिविधिमा सामेल हुने छैनौं । साथै विशेष परिस्थिति बाहेक काजमा बस्ने छैनौं ।
- विद्यालय-समयमा पेशागत तथा शैक्षिक अधिकार बाहेक अन्य गैर-शैक्षिक क्रियाकलापमा सामेल हुने छैनौं ।

यी पेशागत संघसंस्थाहरूद्वारा गरिएका प्रतिबद्धताका केही नमुना हुन् । चाखलाग्दो कुरा त के छ भने यी बुँदा कुनै पनि सङ्गठनले गर्ने वा गर्नुपर्ने प्रतिबद्धता हुन सक्दैनन् । व्यक्तिविशेषको कुरा अलग हो । शिक्षकहरूको आचारसंहिता र ऐन कानुनले नै रोक लगाएका यस्ता काम शिक्षकले गर्दैनन् र कथं कसैले त्यस्तो गर्छ भने त्यो अपवाद हुन्छ भन्ने सामान्य मान्यता हो । अपवादमा रहेकाहरूलाई कारबाही गर्नु राज्यको कर्तव्य हो । तर त्यसो नगरेर आमरूपमा जारी गरिएका यस्ता प्रतिबद्धता स्वीकार्नुको अर्थ भने- हामी यसमा उल्लेख भएका सबै काम आजसम्म गर्ने गरेका थियौं, र अब चाहिँ गर्दैनौं भन्ने हुन्छ । केही अपवाद शिक्षकले गर्ने वा गरेका त्यस्ता अपवित्र कार्यका निम्ति देशभरका सम्पूर्ण शिक्षकलाई कुश पानी समाउन लगाउनु 'जेनरलाइजेशन'को पराकाष्ठा हो, आम शिक्षकहरूको मानमर्दन हो ।

**केही अपवाद शिक्षकले गर्ने वा गरेका त्यस्ता अपवित्र कार्यका निम्ति देशभरका सम्पूर्ण शिक्षकलाई कुश पानी समाउन लगाउनु 'जेनरलाइजेशन'को पराकाष्ठा हो, आम शिक्षकहरूको मानमर्दन हो ।**

आफ्नो आचारसंहिताको बर्खिलाफ गर्ने व्यक्ति सर्वत्र छन् । पैसा र शक्ति हुनेहरूले यसै गरी सही गराउँदै हिँड्ने हो भने प्रतिनिधिसभाका सदस्यहरूलाई भेला पारेर पासपोर्ट बेच्दैनौँ, अपहरण गराउँदैनौँ, हत्याको अभियोग लागेको भए कानून अनुसार बेहोर्छौं भनेर पनि सही गराउन सक्नुपर्छ; हिम्मत छ कुनै संस्थामा त्यसो गराउने ? आँट छ कुनै संस्थामा सरकारी कर्मचारीलाई घुस खाँदैनौं भन्ने कागजमा सही गराउने ? छैन भने शिक्षकहरूमाथि मात्र आम रूपमा यत्रो प्रहार किन ?

हाम्रो देखाइमा शिक्षकहरूको हक हितका लागि भनेर राजनीतिक पार्टीका भ्रातृसङ्गठनका रूपमा कार्यरत सङ्गठनहरू नै कतिपय विकृतिका जड हुन् । 'आफूसित सम्बद्ध' भएको भनेर तिनै प्रतिबद्धतामा उल्लेख भएका गल्ती गर्ने शिक्षकहरूलाई नै कारबाहीबाट जोगाउन प्रयत्न गर्ने पनि तिनै सङ्गठनहरू हुन् । जाति हुन्थ्यो शिक्षकहरूका पेशागत संघसंस्थाहरूले 'यस्ता यस्ता क्रियाकलापमा संलग्न शिक्षकहरूलाई हामी हाम्रो सङ्गठनको सदस्यता दिने छैनौँ, सदस्य रहेको भए निकाला गर्नेछौँ र उनीहरूलाई कानूनी कारबाहीबाट जोगाउने छैनौँ' भन्ने प्रतिबद्धता गर्ने हिम्मत गरेको भए । तर उनीहरूले त्यसो गरेनन् । सरकारले ? शायद युनिसेफले इशारा गरेकैले सही ठान्यो । र, युनिसेफले ? शायद, उसले त आकर्षक काम मात्र गर्ने ठेक्का लिएको छ, सार्थक कामको होइन ।

# हेराइ र बुझाइ



**गिजुभाई** (सन् १८८५-१९३९)
बाल शिक्षाशास्त्री

**जीवित ग्रन्थ**

जो किताब पढेर ज्ञान प्राप्त गर्छन्,
ती शिक्षक बन्छन्,
जो बालबालिकालाई पढेर ज्ञान प्राप्त गर्छन्,
ती शिक्षाशास्त्री बन्छन्
शिक्षाशास्त्रीका निम्ति हरेक बालक एउटा सार्थक, अद्वितीय
र जीवित ग्रन्थ हो।

**सच्चा स्कूल घर**

आफूले जस्तो आचरण गरे पनि
आफ्ना सन्तानलाई चाहिँ सु-संस्कृत बनाउन सक्छौं भन्ने
कुनै बाबु-आमाले ठान्छन् भने-
ती ठूलो भूल गरिरहेका हुन्छन्।
आमा-बाबु र घर नै
संसारका सबैभन्दा ठूला
र शक्तिशाली स्कूल हुन्
घरमा बिगारिएका बालकलाई
विद्यालय र शिक्षकले त के,
भगवानले पनि सुधार्न सक्दैनन्।

- *मातापिताका प्रश्न* बाट



# प्रतिक्रिया र सुझाव




## शिक्षा सम्बन्धी भनाइ राख्दा के होला ?

*शिक्षक* मासिक मङ्सिर २०६८ देखि आठ पृष्ठ बढाएर सम्पूर्ण ग्राहक वर्गहरूलाई थप सामग्री दिन खोजेजस्तो देखियो। तर पृष्ठ बढाए पनि सबैको लोकप्रिय पत्रिकामा शिक्षा सम्बन्धी विभिन्न प्रसिद्ध व्यक्तिहरूका भनाइ कुनै पृष्ठको एउटा सानो ठाउँमा राख्दा अऩ्र बेस हुन्थ्यो कि ?

छविलाल पौडेल, जगन्नाथपुरी निमावि, अयोध्यापुरी-३, माडी, चितवन

(टिप्पणी: **तपाईंको सुझावलाई यसै अंकदेखि साकार पार्ने प्रयास गरेका छौं। कस्तो लाग्छ, लेख्दै गर्नुहोला। –सं.**)

## व्यवस्थापन: स्रोत व्यक्ति हैन केन्द्रको

*शिक्षक* को कात्तिक अङ्कमा प्रकाशित स्रोतव्यक्ति निर्देशिका २०६८ को सेरोफेरोमा रहेर म *शिक्षक* मार्फत शिक्षा विभाग तथा मन्त्रालयसामु केही कुरा राख्न चाहन्छु।

२०४९ सालदेखि सञ्चालनमा आएको स्रोतकेन्द्र व्यवस्थापनको लागि स्रोतकेन्द्र व्यवस्थापन निर्देशिकाको सट्टा स्रोतव्यक्ति निर्देशिका आएको छ।

२०३८ सालमा ग्रामीण विकास परियोजना अन्तर्गत सेती अञ्चलमा नमुनामा आधारित सेती परियोजना सञ्चालन भएपछि स्रोतकेन्द्र र समूह विद्यालय अवधारणा प्रकाशमा आयो। स्रोतकेन्द्र स्थापना गरी समूह विद्यालयको निरीक्षण गर्ने जिम्मेवार स्रोतव्यक्ति बनाइयो। शिक्षामा जनसहभागिता र गुणात्मक विकासका लागि त्यो एउटा उत्कृष्ट नमुना (Model) थियो। यसकै अनुभवमा आधारित भएर २०४९/५० सालमा आधारभूत तथा प्राथमिक शिक्षा विकास परियोजनामार्फत सुपरीवेक्षण प्रणालीलाई अऩ्र व्यवस्थित गर्ने प्रयास भयो। स्रोतकेन्द्रलाई व्यवस्थित गर्न थुप्रै प्रकारका प्रक्रियाको प्रयोग गरियो। तर सही कार्यान्वयनको अभावमा अपेक्षाकृत परिणाम प्राप्त हुन सकेन। फलस्वरुप रणनीति नै परिवर्तन गर्न थालियो। स्रोतव्यक्ति निर्देशिका २०६८ ले कार्यान्वयन पक्षलाई कतिको दरिलो बनाउने हो, हेर्न बाँकी छ। शैक्षिक विकेन्द्रीकरणको सिद्धान्त व्यापक र परिस्कृत बन्दै गएको बेला यो निर्देशिका केन्द्रीकृत बनेको छ।

यसका राम्रा पक्षका साथै मेरा केही सुझाव वा अपेक्षा प्रस्तुत गर्न चाहन्छु:

**राम्रा पक्ष**

क) स्रोतव्यक्ति नियुक्ति प्रक्रिया।
ख) जसले नियुक्त गऱ्यो उसैले हटाउने व्यवस्था।
ग) स्रोतव्यक्ति छनोटका आधार तथा मापदण्ड निर्धारण।
घ) पद करारमा नियुक्ति हुने अथवा आवधिक नियुक्ति।
ङ) पुन: नियुक्ति हुनसक्ने प्रावधान।
च) स्रोतकेन्द्र व्यवस्थापन समिति गठन।

**नराम्रा पक्ष**

क) जिशिअ प्रति बढी निर्भरता।
ख) मावि तहमा पाँच वर्ष स्थायी मात्र उम्मेदवार हुन पाउने।
ग) तलब, भत्ता, सेवा, सुविधा तथा शर्तलाई हेर्दा जिशिकाको कर्मचारीको रूपमा रहने।
घ) सरुवा प्रावधान हेर्दा विभाग तथा मन्त्रालयमा पहुँच हुनेले पायक पर्ने ठाउँमा सरुवा तथा काजमा बसेर स्रोतकेन्द्र प्रभावित हुने देखिन्छ।
ङ) जिशिकाको मिलेमतोमा स्रोतकेन्द्र कार्यक्रम प्रभावकारी नहुने सम्भावना।
च) सहयोगात्मक भन्दा बढी प्रशासनिक हुने र प्रअ र शिक्षकसँग द्वन्द्व भई कार्यगत एकतामा आँच आउन सक्ने।

**मेरो भनाइ**

क) स्रोतकेन्द्र व्यवस्थापन निर्देशिका २०६८ हुनुपर्ने।
ख) स्रोतकेन्द्रप्रतिको दायित्व तथा जवाफदेहिता किटान गरिनुपर्ने।
ग) स्रोतव्यक्ति बन्ने व्यक्ति सकेसम्म स्नातकोत्तर हुनुपर्ने किनकि स्रोतकेन्द्र विद्यालय उमावि भएमा प्रअ तथा शिक्षकले नपत्याउने अथवा हेप्ने प्रयास हुनसक्छ।
घ) जुनसुकै तहको स्थायी पाँच वर्ष गरेको शिक्षक भए पनि उसको योग्यता, अनुभव, तालिम तथा मुख्यगरी प्रस्ताव पत्रको आधारमा उम्मेदवार बनाउनुपर्ने।
ङ) लोकतान्त्रिक/सहयोगात्मक भन्दा प्रशासनिक/परम्परागत सुपरीवेक्षणलाई अँगाल्ने देखिन्छ। यसलाई लचिलो बनाउनुपर्ने हुन्छ।
च) स्रोतव्यक्ति बन्ने व्यक्तिले तयार पार्नुपर्ने ४० पूर्णाङ्कको प्रस्ताव पत्र तथा २० पूर्णाङ्कको योग्यता, तालिम तथा अनुभवलाई छनोटको आधार बनाउनुपर्ने।
छ) स्रोत केन्द्रमै कार्य सम्पादन गर्नुपर्ने।
ज) स्रोतकेन्द्रका सम्पूर्ण शैक्षिक गतिविधिलाई सहयोगी, नेतृत्वकर्ता, नमुना, विशेषज्ञ सल्लाहकारको रूपमा स्थापित गराउनुपर्ने।

सीताराम बस्नेत, सोलुखुम्बु

## समीक्षात्मक सिकाइको समीक्षा

समीक्षात्मक सोच विषयमा केन्द्रित *शिक्षक* मासिकको कात्तिक, २०६८ अङ्कले पाठकलाई स्तरीय खुराक पस्कने जमर्को गरेको छ। माउ लेखले त्रिविका पूर्व उपकुलपति केदारभक्त माथेमा लगायत अन्य सम्बन्धित सेवा प्रदायक कार्यकारीहरूका अभिव्यक्तिहरू उल्लेख गरेर प्रस्तुतिमा मूल्य थप गरेको छ। डा. कोइरालाले त किलो ठोक्ने सोचाइलाई भौतिक विज्ञानबाट आरम्भ गरी अर्थशास्त्र हुँदै स्त्री-पुरुषको शारीरिक भिन्नतासम्म तान्नु भएको छ। गुरु मैनालीको लेखमा समीक्षात्मक

सोचाइबाट देशको आर्थिक विकास र सामाजिक सुरक्षाका उपायहरू समेत पर्गेल्न सकिने तर्क छ। तर हामी यहाँनेर कुन तहका विद्यार्थीको कुरा गरिरहेका छौं? लेखक, नेता या विचारकले आफ्नो पाठक, श्रोता वा अनुयायीको उमेर, सोच्ने तह र रुचि के होला भनेर अभिव्यक्ति सम्प्रेषण गर्ने बेलामा नसोच्नु नै 'समीक्षात्मक सोच' सम्बन्धित सबैभन्दा ठूलो विरोधाभास हो भन्ने मेरो मान्यता छ।

लेख लेख्नु कुनै ठूलो कुरा हैन तर लेख पढेर पाठकले के कति कोसेली प्राप्त गर्छ भन्ने विषय महत्त्वको हो। कुन उमेरका बालबालिकाले कसरी सोच्दछन् र उनीहरूलाई संलग्न गरिएका गतिविधिमा कुन तहका सामग्रीको प्रयोग हुनुपर्छ भनेर विचार-विमर्श तथा अनुसन्धान नहुनु गहन चिन्ताको विषय हो। सोचको विकास गराउँछु भनेर ५-६ कक्षाका विद्यार्थीलाई वागमती नदीको भ्रमण गराएर 'यसको समाधान गर्न राज्यले के गर्नु पर्ला?' भनेर सोध्नु मेरो विचारमा बहुलट्ठीपना बाहेक केही हुन सक्दैन। *शिक्षक* का पाठक प्राथमिक कक्षामा क, ख सिकाउनुपर्ने वा माध्यमिकमा बीजगणित वा नेपाली विषय पढाउनुपर्ने गुरुहरूलाई प्रस्तुत क्वाँटी मीठो लाग्ला? मीठो नलागी नलागी खाएमा त्यो क्वाँटीले कहीं पखाला त नचलाउला? यक्ष प्रश्नहरू सिर्जना भएका छन्।

समीक्षात्मक सोचको ज्ञान र प्रयोग दैनिक जीवनको अपरिहार्य अंश हो। देश विकास वा बुद्ध दर्शनसम्म पुग्नै पर्दैन। टेलिफोनमा दिइएको निर्देशन सुनेर त्यसका आधारमा तोकिएको स्थानमा आफ्नै प्रयासले पुग्न सक्नुलाई यस्तो प्रयोगको एउटा उदाहरणको रूपमा लिन सकिन्छ। निर्देशन सुन्दा कुन कुरामा विशेष ध्यान दिने? तोकिएको ठाउँमा पुग्नका लागि आफू भएको स्थानबाट कति समय लाग्छ? बाटोमा जानकारी दिनसक्ने चिन्हहरू के के छन् आदि बुँदा यस परिस्थितिमा महत्त्वका हुन्छन्। नक्साको प्रयोगको त यसपछिको कुरा हो।

सात-आठ कक्षामा सिकाइएको 'प्रधानाध्यापकलाई चिट्ठी' को अनुभवले स्नातकसम्मको शिक्षा हासिल गरेकाहरू समेत एउटा रोजगारी प्राप्त गर्न सक्ने आवेदन लेख्न हात कमाउँछन्। यस्तो किन भएको हो भने उनीहरूको सूचना विश्लेषणात्मक क्षमता वा समीक्षात्मक सीप निम्छरो हुन्छ। उनीहरूको ज्ञान भण्डारमा विद्यालयमा वा कलेजमा समीक्षात्मक चिन्तनको जुन तहको मूल्य थप हुनुपर्ने थियो त्यो नहुनुको परिणाम हो।

*शिक्षक* ले ध्यान पुऱ्याउनुपर्ने अर्को पक्ष भनेको सम्बन्धित विषयमा पूर्वीय दर्शनको पाटोलाई पनि समेट्नु हो। पत्रिकाले पश्चिमा ज्ञान वा शोधलाई मात्र महत्त्व दिएको जस्तो देखिन्छ। जबकि शिक्षा या दीक्षा प्रदान गर्ने प्रक्रियामा वा आर्जित ज्ञान प्रयोग गर्ने सिलसिलामा हाम्रा अग्रजहरूले वटुलेर माऊेका सूत्रहरूले आज पनि उत्तिकै महत्त्व राख्छन्।

**डा. नवराज खतिवडा**
**नेपाल विकास अनुसन्धान प्रतिष्ठान**
**पुल्चोक, ललितपुर**

## एकदिनको रमाइलो

शुक्रबारको दिन थियो। सदाझैं पहिलो घण्टीमा कक्षा १० मा गएँ। आज विद्यार्थीको अनुहारमा कौतुहल र चमक थियो, किनभने प्रत्येक शुक्रबार मैले पाठ्यपुस्तक नपढाइकन अरू नै विषयमा चर्चा/क्रियाकलाप गर्ने/गराउने गरेको थिएँ। कहिले 'जोक' सुनाउने, कहिले उनीहरूकै कथा, कविता, गीत सुन्ने कहिले त्यस्ता कुराहरू आफैंले सुनाउने गर्थें। आज पनि के हुने हो भन्ने उत्सुकता उनीहरूमा थियो। आजको हाजिरमा प्रत्येकले एक-एक जना साहित्यकारको नाम भन्नुपर्ने सुझाव दिएर म हाजिर गर्न थालें। उनीहरू आपसमा खासखुस गर्न र किताब पल्टाउन थाले। साहित्यकारहरूको नाम नदोहोऱ्याइकन भन्नु गाह्रै काम थियो। शुरुशुरुका ३०/३५ जनाले भनेपछि अरू चाहिँ उभिएर 'यस सर' भन्ने वा त्यत्तिकै रहन थाले। एकजनाले चाहिँ मेरै नाम भन्दा, कक्षाभरी हाँसो गुञ्जियो।

हाजिर सकिएपछि मैले भनें- 'आज एउटा अलि अनौठो काम गर्ने है! सधैं हामी तिमीहरूको परीक्षा लिन्छौं, आज तिमीहरूले हाम्रो परीक्षा लिने।' विद्यार्थीहरू छक्क पर्देथिए। मैले पाटीमा सबै शिक्षकहरूको नाम लेखें। अनि मैले उनीहरूलाई एकपन्ना कागजमा ती नाम सार्न लगाएँ।

मैले भनें, 'अब तिमीहरूले हामीलाई अङ्क दिने। पूर्णाङ्क १० हो। कसैसँग छलफल नगरिकन आफ्नै मनलाई सोधेर हामीमध्ये तिमीहरूलाई को मनपर्छ, को मनपर्दैन, मनपर्ने/नपर्ने आधारहरू आफैं बनाएर, कसलाई कति अङ्क दिँदा ठीक पर्छ, त्यति नै अङ्क देओ। कपीमा आफ्नो नाम नलेख्नु। साथीहरूलाई पनि नदेखाउनु। अङ्क दिइसकेपछि कपी बेन्चमा घोप्ट्याउनु।'

करिब सात मिनेटपछि कक्षाको 'मनिटर'ले सबैका कपी जम्मा गरेर मलाई दिए। यत्तिकैमा एकजना विद्यार्थीले सोधिहाल्यो, 'सर, यसको रिजल्टचाहिँ कहिले निस्कन्छ?' 'यसको रिजल्ट कहिल्यै निस्कँदैन। अरू कोही सरहरूलाई म यो देखाउँदिनँ पनि। तिमीहरूले पनि यसबारे कतै चर्चा नगर्नू ...।' यस्तै के-के भनेर कक्षाबाट बाहिरिएँ।

बेलुकी पख फुर्सद मिलाएर प्रत्येक कपी हेरें। विद्यार्थीको मूल्याङ्कन क्षमता थाहा पाएर साह्रै खुसी लाग्यो। नियमित रूपमा विद्यालय आउने, अल्छी नगरिकन कक्षा लिने, हप्काइदप्काइ नगर्ने, मित्रवत् व्यवहार गर्ने, पाठ्यपुस्तक भन्दा बाहेकका सामग्रीहरूमा पनि ध्यान दिने शिक्षकहरूलाई विद्यार्थीले मन पराउँदा रहेछन्। हँसिलो अनुहार र फराकिलो व्यवहारको शिक्षक उनीहरूको छनोटमा पर्दा रहेछन्। पढाउने क्षमताभन्दा पनि हाउभाउले उनीहरूलाई मख्ख पार्दोरहेछ। त्यसबाहेकका शिक्षकहरूलाई उनीहरूले रुचाएको देखिएन।

पर्सिपल्ट कक्षामा पस्दा विद्यार्थीहरू मतिर हेर्दै मुसुमुसु हाँसिरहेका थिए। 'मलाई पास गराइदिएकोमा तिमीहरूलाई धन्यवाद है' मैले पनि हाँस्दै भनें। 'सर, कसको नम्बर धेरै आयो? उनीहरूको जिज्ञासा अझै मेटिएको थिएन।

**इन्द्रकुमार श्रेष्ठ, सरस्वती उमावि, खानीभन्ज्याङ, ओखलढुङ्गा**

# प्रतिक्रिया र सुझाव

## सेवा अवधि नीति सकारात्मक

नेपाल सरकार, शिक्षा मन्त्रालयले ल्याउन लागेको आठौं शिक्षा ऐनमा सेवा अवधि २० वर्ष र उमेर ५० वर्ष नाघेका सबै शिक्षकहरूलाई अनिवार्य अवकाशको व्यवस्था गरिनु हुँदैन, अवकाश स्वेच्छिक हुनुपर्छ। अस्थायीको हकमा २०४८ सालमा विभिन्न कारणले स्थायी हुनबाट छुटेका शिक्षकहरूलाई विशेष प्रक्रियाबाट नै स्थायी गर्दा न्यायिक हुनेछ। स्वेच्छिक अवकाश लिन चाहने एवं ५० वर्ष नाघिसकेका शिक्षहरूको हकमा औषधी उपचार खर्चसहित रु.१० लाखसम्म क्षतिपूर्ति स्वरुप प्रदान गरिनुपर्छ अर्थात् २० वर्षसम्म सेवा गरेका स्थायी शिक्षक सरह सुविधा दिइनुपर्छ। २०६३ सालभित्र अस्थायी नियुक्ति पाई सेवारत शिक्षकहरू स्थायी भएमा सेवा अवधि जोडिनुपर्छ र आन्तरिक परीक्षामा स्थायी हुन नसकेमा सेवा अवधिको आधारमा औषधि उपचार सहित आकर्षक सुविधा प्रदान गरी बिदा दिनुपर्छ। विगतमा ५० प्रतिशतको परीक्षामा स्थायी भएका शिक्षकहरूको समेत बढुवाको व्यवस्था गरिनुपर्छ। २०६३ सालपछि नियुक्ति पाई सेवारत शिक्षकहरूको हकमा खुल्ला विज्ञापनमा जाँदा वर्षको दुई अंकको दरले अनुभव अंक प्रदान गरिनुपर्छ। अस्थायी नियुक्ति बन्द गरिनुपर्छ। यही व्यवस्था नै सबैलाई मान्य हुन सक्नेछ।

विजयकान्त झा
अस्थायी शिक्षक आन्दोलन केन्द्रीय समिति

## लाखौं अंक निस्कियोस्!

*शिक्षक* मासिक का हामी नियमित पाठक हौं, तर पत्र भने प्रथम हो। यस पत्रिकामा प्रकाशित प्राय: हरेक सामग्रीले हामीलाई आकर्षित गर्ने गरेको छ। साथै शिक्षा क्षेत्रसँग सम्बन्धित विभिन्न जल्दाबल्दा कुराहरू, शैक्षिक बहसहरू, गतिविधिहरू, शैक्षिक समस्याहरू र समाधानहरू, शैक्षिक समाचारहरू, साहित्यिक सामग्री, खेलहरू अनि यस्तै यावत् शैक्षिक विषयवस्तुहरूलाई लिएर गरिएका टीकाटिप्पणीले गर्दा पत्रिकाको महिमा चुलिएको छ।

हामी जस्ता शिक्षकले विद्यालयमा बालबालिका शिक्षणको अलावा खाली समय सदुपयोग मात्र हैन; समग्र शैक्षिक विषयसँग सम्बन्धित कुराहरूको ज्ञान ज्ञात गर्न पाउँदा साह्रै खुसी लाग्छ। किनकि कतिपय विद्यालयहरूमा हामीले जस्तो अवसर कहाँ पाएका छन् र? हुन त हामीले पनि विगतको केही वर्षदेखि मात्र यस्तो अवसर पाएका हौं। यसरी नै निरन्तर शिक्षक र शिक्षा सम्बन्धी मूलभूत विषयवस्तुहरूलाई प्रस्तुत गर्दै *शिक्षक* मासिक लाखौंलाख अङ्कहरू पार गरोस्। शुभकामना!!!

राजीव राना मगर
भूमेदेवी प्रावि, कल्याणपुर-४, खुर्सानी, नुवाकोट

## पत्रिका ढिलो आयो!

"*शिक्षक* मासिक सदैव ग्राहक वा पाठकको सेवामा समर्पित छ। हामी हाम्रा ग्राहक वर्गमा *शिक्षक* समयमा नै पुऱ्याउन प्रतिवद्ध छौं" भनेर नियमित रूपमा *शिक्षक* पत्रिकामा छापिन्छ। तर हाम्रो यो भोजपुर जिल्लाको दक्षिण भेग, रानीबास-८ घोरेटारको एकमात्र हतुवापुस्तक तथा स्टेशनरी पसलमा *शिक्षक* पत्रिका समयमा आइपुग्न सकिरहेको छैन। यहाँ छिटो भनेको पनि एक महिनापछि मात्र आइपुग्छ। *शिक्षक* मासिकले प्रतिवद्धता देखाए जस्तो त भइरहेको छैन नि! जसको कारण *शिक्षक* पत्रिकाले मागेका कुराहरू पठाउन समय बितिसकेको हुन्छ। त्यसैले अलि चाँडो आइपुग्ने गरी पत्रिका पठाइदिनुपऱ्यो।

लंका हाङ्विम राई
शंखरानी निमावि, रानीबास, भोजपुर

**(टिप्पणी: सुझावका लागि धन्यवाद। त्यहाँका स्टेशनरी पसलले *शिक्षक* पत्रिका कहाँबाट कसरी प्राप्त गरिरहेको हो, त्यसको जानकारी हामीलाई गराइदिनु भए समस्या समाधान गर्न सजिलो हुनेछ। तैपनि हाम्रा तर्फबाट आवश्यक प्रयास हुने नै छ। -सं.)**

## शुभेच्छा!

*शिक्षक* मासिक शिक्षकहरूको ढुकढुकी नै बनेको छ। यो पत्रिका ज्यादै उपलब्धिमूलक अनि सम्पूर्ण शिक्षक वर्गको खुल्दुली मेट्ने काम गरेको हुँदा यसको उचाइले सगरमाथा छोएको जस्तो लाग्छ। *शिक्षक* मासिकले निरन्तरता पाइराखोस् मेरो हृदयदेखि शुभेच्छा छ।

लक्ष्मी काफ्ले, हिमाली उमावि, रत्ने, स्याङ्जा


विश्वविद्यालयका प्राध्यापकहरूबाट अध्यापन गराइने यस काठमाडौं शिक्षा क्याम्पसमा
एम.एड. (अङ्ग्रेजी, नेपाली, स्वास्थ्य, शैक्षिक योजना तथा व्यवस्थापन र पाठ्यक्रम)
बी.एड. एकवर्षे र तीनवर्षे (अङ्ग्रेजी, नेपाली, स्वास्थ्य, गणित, जनसंख्या, सामाजिक, शैक्षिक प्रशासन र सुपरिवेक्षण)
+२ (शिक्षा, मानविकी, व्यवस्थापन र कम्प्युटर विज्ञानका कक्षा सञ्चालन भइरहेको छ।
तीनथाना, काठमाडौं, फोन: ४३११८४३)

नेपालको पहिलो सामुदायिक शिक्षा क्याम्पस

**काठमाडौं शिक्षा क्याम्पस**
पद्मोदय उमाविको भवन,रामशाहपथ, काठमाडौं,
फोन: ०१-४२३०२४०, ९८४१३२५९००, ९८४१२६५५४४,
नोटिस बोर्ड नं.: क्याम्पस सूचना-१६१८०१४२३०२४०, विद्यार्थी सूचना-१६१८०७००३०२४१
उक्त नं. हरूमा नेपालभरिका लोकल फोनबाट सम्पर्क गर्न सकिनेछ।
E-mail: kscram@ksc.edu.np, URL: www.ksc.edu.np

KSC Notice
- ✓ विभिन्न विषयका विशेषज्ञहरूद्वारा छुट्टै स्रोत कक्षाको व्यवस्था गरिएको।
- ✓ वेबसाइट नोटिस बोर्ड तथा फेसबुकमार्फत सूचना प्रदान र आधुनिक प्रविधिबाट अध्यापन।
- ✓ एम.एड.तथा बि.एड.को अभ्यास शिक्षण २०६८को वाह्य परीक्षा पौष पहिलो हप्ताबाट सुरु।
- ✓ प्रयोगात्मक परीक्षाको तयारीकालागि सम्बन्धित शिक्षकहरूसँग सम्पर्क राख्न सुचित गरिन्छ।

**एक वर्षे तथा तीन वर्षे बि.एड. प्रथम वर्षमा छात्रवृत्ति सहित भर्ना खुल्यो।**



Giving you a whole new perspective in school and children entertainment activities,
Happy Kids
Our channel of distribution
N
"Happy Kids" - A brand that provedes you the ultimate children's play equipments you're looking for
APLUS
Business Link
GPO Box : 282, Shanti Basti,Naya Bato,
Ring Road, Lalitpur, Nepal
Tel : +977-1-5539352, 5550465, 5549059
Fax : +977-1-5550288
E-mail: happykidsnepal@gmail.com
www.aplusbusinesslink.com
Sole Distributor of
LION
KODOMO & Kirei Kirei
A complete baby care products
Dealer wanted from
remaining Distircts




ग्राहकको सुविधा
हाम्रो निरन्तर प्रतिवद्धता
(कुनैपनि ATM कारोबारमा रू. २५/- को बचत!)
अब देशभरका SCT नेटवर्कमा भएका कुनैपनि ATM बाट
सानिमाको Debit Card प्रयोग गरी निःशुल्क रकम झिक्न सकिने।
आजै नजिकको शाखाहरुमा खाता खोली यस सेवाको अधिकतम लाभ उठाउनुहोस्।
सानिमा विकास बैंक लिमिटेड
SANIMA BIKAS BANK LIMITED
banking simplified
(Promoted by Non-Resident Nepalese)
P.O. Box 20394, Nagpokhari, Kathmandu. Tel: +977 1 4428979-80, Fax +977 1 4428969, E-mail : sanima@sanimabank.com
Customer help line : +977-1-4428979 ext. 408/411/215/216, Khandbari, Sankhuwasabha, Tel: 029-560986
For more information SMS "SATM" to 2265 or Call our nearest branch.

## हामी विद्यार्थी

**एलिना श्रेष्ठ**



# लक्ष्य: असल विद्यार्थी बन्ने !

**जीवनभर असल विद्यार्थी बन्न चाहन्छु । डाक्टर नै हुनुपर्छ भन्ने मेरो हठ छैन । न त इन्जिनियर नै हुन्छु वा शिक्षक नै बन्नुपर्छ भन्ने आग्रह नै छ । म पूर्णरुपेण खुला छु । मेरो मनमा त यतिखेर केवल जिज्ञासा मात्र छन् । एउटा असल विद्यार्थी बन्दै जाँदा जे बनुँला त्यही बनुँला ।**

काभ्रे जिल्लाको दुर्गम गाउँ चेरे घर भए पनि बुबाले काठमाडौंमा गाडी चालकको जागिर गर्नुभएकाले म अठार वर्षअघि थापाथली अस्पतालमा जन्मिएकी रहेछु । पाँच वर्ष जेठो दाइसित खेल्दै-चल्दै म बानेश्वरको एउटा सानो डेरामा हुर्किएँ । बाल्यकालका दिन सम्झँदा म अहिले पनि धेरै रोमाञ्चित हुन्छु । दाइ नजिकैको सरकारी स्कूल (रत्नराज्य)मा पढ्नुहुन्थ्यो । दाइ स्कूल जाँदा आफू पनि स्कूल जान पाए हुन्थ्यो जस्तो लाग्थ्यो । पाँच वर्ष पुगेपछि मेरो स्कूल जाने पालो आई पनि हाल्यो ।

कक्षामा मिसले खुब रमाइला कथा सुनाउनुहुन्थ्यो । स्कूलमा मलाई सबभन्दा बढी मन पर्ने कुरा यही थियो । कहानीको स्वाद लिएर हामीहरू कहिले उफ्रन्थ्यौं त कहिले नाच्थ्यौं । कथा सुन्दासुन्दै कक्षामै म कैयन् पटक निदाएँ पनि । निदाउँदा पनि मिसले कहिल्यै गाली गर्नुभएन । (शायद शिक्षकहरूले गाली गरेको नसुनेकाले होला, मलाई पनि गाली गर्न आउँदैन र गाली मन पनि पर्दैन ।) सुत्ने ठाउँ त स्कूलमा कहाँ थियो र ! तैपनि बेञ्चमा टाउको राखेर मज्जाले निदाइन्थ्यो । विजया श्रेष्ठ, शोभा, गुणराज, शेषमणि भट्टराई, गोपाल सर लगायत अधिकांश शिक्षकले मलाई आफ्नै छोरी झैं माया गर्नुहुन्थ्यो । म यसै पनि धेरै बोल्नुपर्ने मान्छे । जतिबेला पनि प्याच्च बोलिहाल्थें । तैपनि उहाँहरूले मलाई ठूलो स्वरले गाली गर्नुभएन । बरु यसरी बोल्नुपर्छ भनेर सम्झाउनुहुन्थ्यो । त्यही मायामा लुटपुटिन पाएको कारणले होला, आज पनि रत्नराज्य स्कूल मलाई आफ्नै घर जस्तो लाग्छ । उहाँहरू आफ्नै बाआमा जस्तो लाग्छ ।

रत्नराज्यमा मलाई पढाउने अधिकांश शिक्षकमा स्कूल राम्रो बनाउनुपर्छ, विद्यार्थीलाई सफल बनाउनुपर्छ भन्ने भावना थियो । शोभा मिसले अक्षर राम्रो बनाउन कति राम्रोसित उत्प्रेरित गर्नुहुन्थ्यो, त्यो सम्झँदा अहिले पनि म रोमाञ्चित हुन्छु । ल है राम्रोसित लेख्नेलाई आज म यो उपहार दिन्छु भनेर फेरी-फेरी चकलेटहरू दिनुहुन्थ्यो । आज फर्केर हेर्दा लाग्छ, बालबालिकाको मनोविज्ञान बुझ्ने र उनीहरूलाई सिक्न उत्प्रेरित गर्ने राम्रो कलामा मेरा गुरुहरू निपुण हुनुहुँदोरहेछ । त्यति मात्र होइन, उहाँहरूसित धैर्य पनि अथाह रहेछ । हामी कति चकचक गर्थ्यौं । तर उहाँहरू पटक्कै नझर्कने !

म सानोमा औसत विद्यार्थी पनि थिइनँ । कक्षा पाँचबाट ६ मा जाँदा मेरो रोल नं. २६ थियो । पढाइमा उति सारो लगनशील नभएकाले पनि म कमजोर विद्यार्थी बन्न पुगेकी थिएँ । मलाई गणित ज्यादै गाह्रो लाग्थ्यो । पास हुने अङ्क आउन पनि मुस्किल पर्थ्यो । पछि गणित शिक्षकले मेरो समस्या बुझेर अलि समय दिन थाल्नुभयो । अवधारणा बुझाएर पढाउन थाल्नुभयो । म त गणित पनि बुझ्न पो थालेंछु ! त्यसपछि बिस्तारै गणित रमाइलो लाग्न थाल्यो । शायद यसैले होला, मेरो रुचि र ध्यान बिस्तारै पढाइमा जान थाल्यो । अरू नै कुरामा गफिने म पढाइका कुरामा केन्द्रित भएर कुरा गर्न थालें । कण्ठ गर्न भनेपछि सक्दै नसक्ने मलाई शिक्षकहरूले एउटा मन्त्र दिनुभयो, "बुझेर पढ, नबुझेका कुरा सोध, कण्ठ गर्नै पर्दैन ।" त्यही मन्त्रलाई अनुसरण गर्दै जाँदा हरेक माथिल्लो कक्षामा मेरो पढाइको स्तर उकासिँदै गयो र अन्ततः वि.सं. २०६६ को एसएलसीमा देशभरका सार्वजनिक विद्यालयका केटी विद्यार्थीमा अब्वल अङ्क (८८.६ प्रतिशत) हात लाग्यो ।

डाक्टर बन्ने सोचका साथ यतिखेर म एउटा निजी कलेजमा कक्षा १२ मा जीव विज्ञान पढिरहेकी छु । स्कूलमा नेपाली माध्यममा पढेकाले होला, कलेजका शुरु शुरुका महिनामा त मलाई शिक्षकहरू के भन्दै हुनुहुन्छ भनेर बुझ्न पनि गाह्रो नै भयो । तर हरेस नखाई कक्षामा बसें, अङ्ग्रेजी भाषामा अलि बढी ध्यान दिएँ । नआए पनि साथीहरूसित धक नमानी अङ्ग्रेजीमै कुरा गर्न थालें । यसो गर्दा बिस्तारै धक लाग्न छाड्यो । त्यसपछि चाहिँ मेरो सिक्ने रफ्तार बढ्यो । धक लागेसम्म सिक्न सकिँदोरहेनछ, सिक्नका लागि त सबभन्दा पहिला धक र लाज भन्ने कुरा हटाउनै पर्ने रहेछ । अहिले म

अङ्ग्रेजीमा समेत राम्रोसित संवाद र सञ्चार गर्न सक्ने भएकी छु। पढाइमा पनि निजी विद्यालयबाट आएका साथीहरूसित भन्दा म कम छैन।

सफल विद्यार्थी हुन मैले सिकेको सबैभन्दा महत्त्वपूर्ण कुरा हो, विषयवस्तु बुझेर पढ्ने। नबुझेका कुरा धक नमानी सोध्ने, गृहकार्य समयमै गर्ने। शिक्षकले जति सिकाउनुभएको छ वा कोर्समा समेटिएको कुरामा मात्र आफूलाई सीमित नगरी रुचि लागेको पाठ/विषयमा थप खोज र अध्ययन गर्नुपर्दोरहेछ। म अहिले कोर्सका भन्दा बाहिरका पुस्तक र पत्रपत्रिका पढ्ने र रेडियो सुन्ने गर्छु। यसले मेरो ज्ञानको दायरा फराकिलो बनाउन त मद्दत गरेकै छ, सँगसँगै सामाजिकीकरण पनि गरिरहेको छ। यहाँ आएपछि डा. भगवान कोइराला जस्ता प्रसिद्ध डाक्टर, लोकप्रिय नेता गगन थापा, व्यापारी रञ्जित आचार्य, समाजसेवी अनुराधा कोइराला, चर्चित गायिका कोमल वली लगायतका विभिन्न विधाका राष्ट्रिय व्यक्तित्वहरूसित अन्तरक्रिया गर्ने मौका पाइयो। यस्ता व्यक्तिसित साक्षात्कार हुँदा उहाँहरूको विचार र व्यक्तित्वलाई नजिकबाट अनुभव गर्ने अवसर त मिल्यो नै, धेरै ऊर्जा, प्रेरणा र ज्ञान मिल्दोरहेछ। त्यसैले, मेरो विचारमा यस्ता व्यक्तिहरूसित भेटघाटको अवसर छुटाउनु हुँदोरहेनछ, बरु कुनै तरिकाले भए पनि यस्तो अवसर जुटाउनु पो पर्ने रहेछ। स्कूलले पनि यस्तो भेटघाटको बन्दोबस्त मिलाइदिएको भए झनै धेरै कुरा सिकिसकेकी हुन्थेँ कि! नयाँ नयाँ कुरा सिक्न र आत्मविश्वास बढाउन यस्तो क्रियाकलाप असाध्यै उपयोगी हुने रहेछ। स्कूल या कलेजहरूको तर्फबाट हामी विद्यार्थीले नै पनि त्यस्तो अवसर निर्माण गर्न सक्ने रहेछौं। त्यसनिम्ति खाँचो छ त हामी विद्यार्थीकै अग्रसरताको। आफैं तत्पर हुने अग्रसरताको। राम्रो विद्यार्थीको पहिचान बनाउने अग्रसरताको।

सानैदेखि मलाई पढाइमा भन्दा नृत्य र सङ्गीतमा विशेष रुचि थियो। अहिले पनि मौका मिल्यो कि गाउँछु, नाच्छु। नाच्दा शरीर मात्र होइन, दिमाग पनि उत्तिकै ताजा हुनेरहेछ। त्योभन्दा बढी ब्रह्माण्ड, पृथ्वी, मानिस, जन्म-मृत्यु जस्ता अस्तित्वमुखी सवालहरूमा बढी जिज्ञासु थिएँ। आज पनि यी र यस्ता जिज्ञासाहरू मेरो मनमा उत्तिकै सजिव छन्। मैले अझै उत्तर पाएको छैन। कहिले पाउँछु, पाउँछु कि पाउँदिनँ, त्यो पनि थाहा छैन।

स्कूलमा शिक्षकहरूले भन्नुहुन्थ्यो, "जिज्ञासा शान्त नभए सम्म खोजी गरिरहनु, कहिल्यै निराश नहुनु।" त्यसैले, म मेरो तर्फबाट ती जिज्ञासाहरू मेटाउन हरदम प्रयत्न गरिरहेकी छु, गरिरहनेछु। मैले मेरो जिज्ञासा मेट्न नयाँ नयाँ किताब पढ्ने, सम्बन्धित क्षेत्रका विज्ञसित छलफल गर्ने र आत्मचिन्तन गर्नुपर्ने रहेछ भन्ने बोध गरेकी छु। आखिर मेरो लक्ष्य असल विद्यार्थी बन्ने नै हो। म जीवनभर असल विद्यार्थी बन्न चाहन्छु। शायद त्यसैले होला, म डाक्टर नै हुनुपर्छ भन्ने मेरो हठ छैन। न त इन्जिनियर नै हुन्छु वा शिक्षक नै बन्नुपर्छ भन्ने आग्रह नै छ। म पूर्णरुपेण खुला छु। मेरो मनमा त यतिखेर केवल जिज्ञासा मात्र छन्। एउटा असल विद्यार्थी बन्दै जाँदा जे बनुँला त्यही बनुँला।

*श्रेष्ठ हाल ब्रिज वाटर इन्टरनेशनल कलेज, सिनामङ्गल काठमाडौंमा कक्षा १२ मा अध्ययनरत छिन्।*




मनका कुरा

# समर्पित सङ्कल्प नै सच्चा शिक्षकको गहना

■ **कलानिधि दाहाल**

आँखामा स-साना ज्योतिका धर्साहरू कोरेर शिक्षण विधिको विकास भएको छ। तर विधि एउटा कुरा हो, मनबाटै जन्मने शिक्षा वितरणको सङ्कल्प अर्को कुरा। विधिसँग त्यत्रो अर्थ रहँदैन- मनदेखि समर्पित सङ्कल्प भए।

यस सन्दर्भमा गहिरिँदा मलाई आफैं यसको उदाहरणमा उभिउँजस्तो लाग्छ। शिक्षण पेशा शुरु गरेको- तीन वर्षपछि र आजभन्दा तीन वर्ष अघिसम्मको अवधिभरि म एउटा सत्ता शिक्षक थिएँ। मसँग कुनै पनि शिक्षण विधिको तालिम थिएन। सभा-समारोहमा तुल टाँगेर, माइक समाएर कथित विद्यालय प्रमुखहरू भट्याउने गर्थे- 'आकर्षण अर्थात् मोटिभेसन, बोलाइ, सिकाइ र लेखाइ। अनि शिक्षण सामग्रीको प्रयोग, शिक्षक साथीहरू ! यी हरेक शिक्षकका शिक्षण विधिका गहना हुन्।' उनीहरूका मुखबाट त मैले कहिल्यै सुन्न पाइनँ- आकर्षण यसरी गर्ने, बोल्न यसरी सिकाउने, सिक्नै पर्ने कुरा यसरी सिकाउने र लेखाइका डोबहरू यसरी निर्धारण गर्ने भनेर।

म त सटासट कक्षामा जान्थेँ, जान्छु- अहिले पनि। औपचारिकता पछि आफू मौन रहेरै पूराका पूरा विद्यार्थीका एकएक आँखामा आँखा जुधाएँ, जुधाउँछु। यस प्रक्रियाबाटै कुन विद्यार्थी कुन मनोलोकमा रहेको छ- स्वतः थाहा हुन्छ समर्पित शिक्षकका लागि। अब म आफैं निर्धारण गर्छु- दण्डव्यवस्था। यहाँ शिक्षा निर्देशिकामा लेखिएका बनावटी आदर्श मिश्रित वाक्यले काम गर्दैनन्, तिनकै अक्षरका पखेटामा उडेर ठूला कुर्सीमा जमेका विद्यालय प्रमुख/उपप्रमुखले काम्दा ओठ र डराएका मनले दिएका मनगढन्ते निर्देशन पनि त्यहाँ काम लाग्दैनन्। फकाएर हुन्छ वा सम्झाएर, तर्साएर हुन्छ वा पिटेर-घरतिर छरिएको विद्यार्थी मनलाई, प्रेमी-प्रेमिकातिर दौड्दै गरेको विद्यार्थी विचारलाई, कसैको त्रासबाट त्रसित भएको विद्यार्थी मनलाई लक्ष्यको बिन्दुमा एउटै विधिले कहिल्यै ल्याउन सक्दैन।

●●●

**मैले धेरै विद्यार्थी कुटेको छु- मर्माहत हुने गरी कुटेको छु, अहिले पनि कुट्छु। त्यस्ता विद्यार्थी आज कतै डाक्टर छन्, कतै इञ्जिनियर त कतै विदेशको बाढीमा होमिएर डलर भित्र्याइरहेका पनि। सबै सबैको एउटै स्वर हुन्छ- 'सर ! तपाईंले त्यति नपिटेको भए म, म हुन्नथेँ।' उसले बोलेको आवाजमा कृत्रिमता छैन। हुनुपर्ने पनि छैन, कारण ऊ मभन्दा हरेक क्षेत्रमा माथि छ र उसलाई यो पनि थाहा छ- यसलाई ढाँट्नु हुँदैन, ढाँट्यो भने अहिले पनि पिटाइ खानै पर्छ।**

उडेका मनका केन्द्रहरू फरकफरक भएकाले फरक फरक विधिबाटै उनीहरूलाई केन्द्रबिन्दुमा ल्याउनुपर्छ।

यस्तो विधिमा सिद्धान्त हुँदैन। तत्कालीन समय सन्दर्भसँग पुग्ने समर्पित सचेतना शिक्षकमा हुनुपर्दछ अनि मात्र उसले आकर्षक शिक्षा वितरण गर्न सक्छ- भिन्न मनोलोकका विद्यार्थी बीचमा पनि।

म क्रूर भएर पनि रमाइलो शिक्षक छु, कठोर भएर पनि कोमल। म ढोकाबाटै ओठ हँसिला बनाएर कम्मर मर्काउँदै या शिर हल्लाउँदै कक्षामा प्रवेश गर्छु। त्यसबेला विद्यार्थीले मेरो स्वभावलाई कतिले कस्तो रूपमा र कतिले कस्तो रूपमा लिएका छन्- स्वाभाविक रूपमै थाहा भइसक्छ। पठनपाठनकै मानसिकतामा रहेका विद्यार्थीहरू अनौठो मानेर पनि मन्द मुस्कान भन्दा माथिल्लो उत्तेजनामा जाँदैनन्। उच्छृङ्खल विद्यार्थी बुर्कुसी मार्न लागिहाल्छन्। अब दण्डव्यवस्था शिक्षकको हिम्मतले त्यहीं निर्धारण गर्नुपर्दछ। कम प्रतिशत मात्र सम्झाइबुझाइ पछि ठीकमा आउने हुन्छन् भने बढीभन्दा बढी प्रतिशत विद्यार्थीको सङ्ख्या राम्रै दण्ड खोजेर उफ्रेको हुन्छ। त्यसबेला त्यस उत्तेजित विद्यार्थी मनोलोकलाई ठीक ठाउँमा ल्याउन नसक्ने शिक्षक शिक्षकै भएर रहन्छ भने उसले विद्यार्थीको भविष्य त्यस विषयमा सधैंका लागि सर्वनाश गरिरहेको हुन्छ।

मैले धेरै विद्यार्थी कुटेको छु- मर्माहत हुने गरी कुटेको छु, अहिले पनि कुट्छु। त्यस्ता विद्यार्थीहरू आज कतै सुई घोचिरहेका डाक्टर छन्, कतै गृहनिर्माण, मार्गनिर्माण, पुलनिर्माणका रेखा कोरिरहेका इञ्जिनियर त कतै पर्यटनको ताना ओकलिरहेका भीडभित्र छन्; कतै नेता नौटङ्कीका माइक फुकिरहेका, कतै पत्रकारिताका पाना पल्टाएर बसेका पत्रकार छन् त कतै विदेशको बाढीमा होमिएर डलर भित्र्याइरहेका पनि। सबै सबैको एउटै स्वर हुन्छ- 'सर ! तपाईंले त्यति नपिटेको भए म, म हुन्नथेँ।' उसले बोलेको आवाजमा कृत्रिमता छैन। बनावटीपन छैन, हुनुपर्ने पनि छैन, कारण ऊ मभन्दा हरेक क्षेत्रमा माथि छ र उसलाई यो पनि थाहा छ- यसलाई ढाँट्नु हुँदैन, ढाँट्यो भने अहिले पनि पिटाइ खानै पर्छ।

शिक्षामा आउँदै गरेको ह्रासको दोषी विद्यार्थी नभएर शिक्षकमा रहेको समर्पित सङ्कल्पको अभाव हो। कोरा निर्देशक नीतिको प्रतिफल हो। तालिमको खोक्रो स्वाङ शिक्षकलाई मेसिन बनाउने शिक्षानीति अर्को दोष भाजकका रूपमा देखापर्दछ। यस क्षेत्रमा यस्ता लज्जास्पद उदाहरण पनि छन्, जहाँ तालिम दिने व्यक्ति नै तालिमप्राप्त छैन। त्यस्ता तालिमी प्रमाणपत्रको अर्थ के ? यस्ता शिक्षकबाट शिक्षाको गुणस्तरमा कति सकारात्मक प्रभाव पर्ला ?

मैले यसै लेखको शुरुमा निर्धारण गरेको- शिक्षक भएको तीन वर्ष पछिदेखि र आजभन्दा तीन वर्षअघिको बीस वर्ष मैले साँच्चो एवं सही शिक्षा दिएँ- विद्यार्थीलाई। पढाउनुपर्ने पाठ त यसै पनि थाहा भइहाल्छ- तीन वर्षको अवधिमा। त्यस पाठसँग मिल्दोजुल्दो अर्को काल्पनिक खाका बनाउँथे- म। माथि उल्लेख गरिए झैं

कक्षाका सबै अन्तर-औपचारिकता समाप्तिपछि पढाउनैपर्ने पाठको शीर्षक कालोपाटीमा लेखिदिन्थें तर पढाउनचाहिँ आफूले तयार पारेको त्यसैसँग मिल्दोजुल्दो विषय आकर्षक ढङ्गले पस्किदिन्थेँ। विद्यार्थी स्वत: लट्ठ ! कारण; उसले नयाँ वस्तु पाइरहेको छ, नयाँ चेतना उसका मस्तिष्कभरि जन्मिसकेका छन्। यस्तो प्रक्रिया अपनाउँदा विद्यार्थीका अन्यत्र छरिएका विचारहरू यसै पनि केन्द्रित भएर आफूतिर आउँदारहेछन्। आकर्षण वा मोटिभेसनको यस प्रक्रियामा दशदेखि बाह्र मिनेटको समय लाग्छ जुन समयमा विद्यार्थी मन्त्रमुग्ध (पिनड्रप साइलेन्स) अवस्थामा आइसकेको हुन्छ। विद्यार्थी मानसिकतालाई अन्यत्र छरिन नदिइकन पाठको विषयवस्तु त्यसमै घटाइदिँदै गरेपछि विद्यार्थी स्पष्ट रूपले बुझ्ने बिन्दुमा पुगिसकेका हुँदारहेछन्। यो प्रक्रियालाई अलिकति फरक पारेर सबै विषयमा लागू गर्न सकिन्छ तर शिक्षक समर्पित सङ्कल्पको अवस्थामा हुनैपर्दछ। कति छन् यस्ता शिक्षकहरू ? म त भन्छु- नगण्य !

यस विधिबाट बुझाइका जम्मै प्रक्रिया पार गरेपछि सहज ढङ्गले गफ गरेकै पारामा उठाउँदै सोध्दै/सोध्दै उठाउँदै गर्नासाथ विद्यार्थीभित्र घरायसी वा साथीसङ्गातीका कारणले उत्पन्न मनका लज्जा, भय र चिन्ता सम्पूर्ण भागिसक्छन्। ऊ निर्भीक नागरिकका रूपमा विकसित हुँदै गएको अनुभव शिक्षकले त गर्छ नै स्वयं विद्यार्थीमा पनि यो अनुभव भइसकेको हुन्छ। के शिक्षकको काम चेतनशील, निर्भीक र नचाहिनेसम्मको लज्जारहित बनाउने होइन र ? यस सोचबाट अभिप्रेरित शिक्षकहरू औँलामा गन्न सकिनेसम्म होलान् ! मलाई त यो सङ्ख्या पनि विश्वास लाग्दैन।

म विद्यार्थीसँग निकै तल्लो दर्जासम्म पुगेर जिस्किन्छु। यसबाट विद्यार्थीका आन्तरिक भावावेगहरू स्पष्टसँग बुझ्न सकिन्छ। आत्तिने, डराउने, झोक्किने, झडङ्ग रिसाउने जस्ता उत्तेजित मनोविकार रहुन्जेल विद्यार्थीलाई कसैगरी पनि बुझाउने विषयमा पुऱ्याउनै सकिन्न भने असल नागरिक बनाउने त सपनाको फल मात्र हो। यो प्रक्रिया अपनाउँदा शिक्षकले थुप्रै जोखिमको सामना चाहिँ गर्नुपर्छ। पहिलो कुरो त, विद्यार्थीले आफूलाई नपच्ने कुराहरू पोलका रूपमा अभिभावककहाँ पुऱ्याउँछ। उनीहरू आगो जस्ता भएर सम्बन्धित शिक्षकको खोजीमा विद्यालय आउँछन्। त्यहाँ गलत विवाद (डिलिङ) भएमा एक त बच्चाबच्ची झिकेर विद्यालयलाई हानि पुऱ्याउन सक्छन् या त प्रशासनलाई सहमत गराएर शिक्षकले जागिरबाटै हात धुनुपर्ने अवस्थासम्म सिर्जना हुनसक्छ। यस्तो जोखिमलाई सहज स्वीकार गरी शैक्षिक गुणस्तर विकास गर्ने भनेर यो पेशामा आएका शिक्षकको सङ्ख्या कति होला? म त भन्छु- छँदै छैन। अपवादमा कतै भए अर्कै कुरा। अनि कसरी शैक्षिक गुणस्तर वृद्धि हुने ?

शिक्षक टेपरेकर्डर हुने होइन, चिन्तनको चौतारी हुन सक्नुपर्दछ। टेपरेकर्डर शिक्षकले कालोपाटीमुनिको निश्चित परिधिबाहेक अर्को ठाउँ टेकेको हुँदैन। यसमा त अझ कलेजका शिक्षकहरू ज्वलन्त उदाहरणका रूपमा देखापर्दछन्। जागिर त खान्छन् तर समर्पित पेशाप्रतिको सङ्कल्प उनीहरूसँग छँदै छैन। धर्म त निर्वाह गर्छन्; कर्तव्यशील दायित्वको भूमिका निर्वाह लगभग जिरोबिन्दुमै देखापर्दछ। अनि शैक्षिक गरिमाको सम्भावनाको सङ्केत नै कहाँ देखापर्ने ?

*सिद्धिगणेश मावि, सोह्रखुट्टे, काठमाडौं*




# दलीय हस्तक्षेपबाट आक्रान्त छन् जिशिका

**दलका नेता-कार्यकर्ताहरू आफूलाई मात्रै सार्वभौम नागरिक, सर्वज्ञ, सर्वेसर्वा, निर्णायक र सर्वगुण सम्पन्न ठान्ने गर्छन् । परिणामतः जिल्ला शिक्षा अधिकारी लगायत जिशिकाका कर्मचारी नेता-कार्यकर्ताहरूसँग दोहोरो कुरा गर्न नसक्ने, हप्काई खानुपर्ने, बाटोघाटो, होटल, पसल जता पनि सोधिने जायज-नाजायज प्रश्नहरूको जवाफ दिँदै हिँड्नुपर्ने अवस्थाबाट आक्रान्त छन् ।**

■ **तिलक गौतम**

देशको राजनीतिक तरलताबाट आक्रान्त क्षेत्रहरूमध्ये शिक्षा क्षेत्र एक हो । त्यसमा पनि बढी मारमा पर्ने निकाय हो जिल्ला शिक्षा कार्यालय । यतिबेला जिल्ला शिक्षा कार्यालयहरू स्वतन्त्र रूपमा काम गर्नै नसक्ने अवस्थामा छन् । जिल्लास्तरीय राजनीतिक संयन्त्र र अन्य समूहहरूको दबाबका कारण शिक्षा कार्यालयका कर्मचारी निराशा र तनावको अवस्था झेल्न बाध्य छन् ।

राजनीतिक दलहरू जिल्ला शिक्षा कार्यालयले सम्पादन गर्ने समग्र कामकाजमा आफ्नो उपस्थिति र हिस्सा खोज्छन् । खासगरी जिशिकाबाट सम्पादन हुने भौतिक विकास निर्माणका काम तथा शिक्षकको सरुवा-बढुवा र विभागीय कारबाही जस्ता विषयवस्तुमा तिनले आफ्नो स्वीकृति र उपस्थितिको सुनिश्चितता खोजेको देखिन्छ । जब विषय दलीय संयन्त्रमा पुग्छ त्यो या त प्रतिष्ठाको विषय बन्छ या भागबण्डाको सिकार बन्न पुग्दछ । कानुन, नीतिनियम तथा पेशागत मर्मलाई एकातिर थन्क्याएर भागबण्डा, प्रतिष्ठा र मानमर्यादासँग जोडेर गरिने निर्णय र सेवाको वितरण कति प्रभावकारी होला सजिलै अनुमान गर्न सकिन्छ ।

शिक्षा समितिको नाममा जिल्ला परिषद्को झल्को दिने गरी हुने दलीय उपस्थिति र तिनमा हुने राजनीतिक खिचातानीले जिशिकाहरूमा अनावश्यक दबाब सिर्जना गर्ने बाहेक अरू केही गरेको छैन । विषयको प्राविधिक मर्म, विद्यमान नीतिनियम तथा अन्तर-सम्बन्धित मुद्दाहरूको आधारमा गर्नुपर्ने निर्णय र सेवा-सम्पादनमा लोकप्रियता, स्थानीयता र प्रतिष्ठालाई आधार बनाइनु राजनीतिक हस्तक्षेपको पराकाष्ठा नै हो ।

सबैभन्दा ठूलो दुर्भाग्य त के छ भने, दलका नेता-कार्यकर्ताहरू आफूलाई मात्रै सार्वभौम नागरिक, सर्वज्ञ, सर्वेसर्वा, निर्णायक र सर्वगुण सम्पन्न ठान्ने गर्छन् । परिणामतः जिल्ला शिक्षा अधिकारी लगायत जिशिकाका कर्मचारी नेता-कार्यकर्ताहरूसँग दोहोरो कुरा गर्न नसक्ने, हप्काई खानुपर्ने, बाटोघाटो, होटल, पसल जता पनि सोधिने जायज-नाजायज प्रश्नहरूको जवाफ दिँदै हिँड्नुपर्ने अवस्थाबाट आक्रान्त छन् । शिक्षकलाई कानुन र उसले गरेका हर्कतका आधारमा गरिने विभागीय सजायलाई समेत तिनले 'फलानो पार्टीलाई गरिएको अन्याय र उपेक्षा'को रूपमा व्याख्या गरेर कानुनी राज्य र विधिको प्रशासनको ठाडै उपहास गर्ने गरेका छन् ।

नेताहरू सार्वजनिक मञ्चमा भाषण गर्दा त जिशिकालाई स्वतन्त्र रूपमा विधिपूर्वक कामकाज गर्न उर्दी जारी गर्छन्; तर साँझ हुन नपाउँदै फलानो शिक्षकलाई काजमा राखिदिन वा फलानाको फलानो काम गरिदिन भन्दै जिशिअको क्वार्टरमा यति फोन बजाउँछन्, भनिसाध्य छैन । एकातिर 'आफ्नाका लागि' भनेर नीति नियमले गर्न नमिल्ने, नसकिने काम गराउनका

# अमेरिकी आँखामा नेपाली विद्यार्थी

■ **खिला शर्मा पोखरेल**

करिब नौ वर्ष पहिलेको कुरा हो । म अमेरिकी प्रशिक्षार्थी स्वयंसेवकहरूलाई तालिमपछिको अभ्यास शिक्षणमा लगाउँदै थिएँ । न्याट्ली नाम गरेकी एउटी प्रशिक्षार्थीलाई भैरहवाको एउटा माध्यमिक विद्यालयको कक्षा ६ मा अध्यापन गर्न लगाउने व्यवस्था मिलाइयो ।

न्याट्लीले पढाउन थालेको केही दिनपछि आवश्यक सल्लाह वा सहयोग गर्न म उनलाई भेट्न पुगेँ । उनलाई मेरो पहिलो प्रश्न थियो, "तपाईंको अध्यापन कस्तो चल्दैछ, न्याट्ली ?" उनको जवाफ थियो, "खिला, तिमी त फटाहा रहेछौ !" मैले सोधें, "किन ?" उनी भन्दै गइन्, "तिमीले भनेका थियौ मेरो कक्षामा ३० जना विद्यार्थी हुनेछन् । तर पहिलो दिन २० जना थिए, दोस्रो दिन ४५ जना, तेस्रो दिन ७२ जना, चौथो दिन १०७ जना अनि पाँचौं दिन त १३० जना पो भए ! कक्षा नियन्त्रण र सञ्चालन गर्न नसकेर धुरुधुरु रुनु परिरहेको छ ।"

मैले उनलाई सम्झाएँ, "यो विद्यार्थी भर्नाको समय हो, कक्षा ६ भनेको नयाँ विद्यार्थी पनि भर्ना हुने कक्षा हो; त्यसैले हरेक दोस्रो दिन पहिलो दिनको भन्दा केही धेरै विद्यार्थी हुनसक्छन् भनेर त मैले भनेकै थिएँ नि ! यो नेपाली स्कूलको वास्तविकता हो । यो पनि नेपाली विद्यालयको बारेमा तपाईंले सिक्नुपर्ने अभ्यास शिक्षणको एक अङ्ग नै हो ।"

लागि साम, दाम, दण्ड र भेदका सबै नीति प्रयोग गर्ने, अर्कातिर नियम र कानुनको परिधिभित्र बसेर गरिएका काम कारबाहीलाई दलीय चश्माबाट हेरी जिशिअहरूलाई नाजायज आरोप र बिल्ला लगाउने कामहरू सामान्य जस्तै भइरहेका छन्। जिल्लाको शैक्षिक गुणस्तर सुधार र प्रभावकारिता बढोत्तरीका लागि चिन्ता, चासो र प्रयत्न गर्नुपर्ने अवस्थामा यस्ता निरर्थक विवाद, विखण्डन र मोलाहिजामा फस्नु जिशिकाहरूको दिनचर्या जस्तै भएको छ।

जिल्ला शिक्षा कार्यालयहरूलाई नीतिगत र कार्यान्वयन तहमा मार्गनिर्देशन गर्न शिक्षा ऐन र नियमावलीहरूमा थुप्रै समितिहरूको व्यवस्था गरिएको छः जिल्ला शिक्षा समिति, परीक्षा समन्वय समिति, जिल्ला अनौपचारिक शिक्षा समिति, गाउँ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति आदि। तर यी समिति राजनीतिक खिचातानी र विवाद सृजनाका स्रोत बन्नु बाहेक प्राविधिक, विज्ञ र आवश्यक मार्गदर्शनका काम गर्न असफल रहेका छन्। पार्टीहरू प्रत्येक समितिमा आफ्नो मान्छे राख्न चाहन्छन्। जहाँ र जेमा पनि आफ्नै मान्छे चाहिने उनीहरूको दम्भ र सोचका कारण विद्यालय व्यवस्थापन समितिहरू विरुप भएका छन्। शैक्षिक सेवा-सुविधाहरूलाई गुणस्तरीय र प्रभावकारी ढङ्गले सुसञ्चालन गर्नका लागि कल्पना गरिएका यस्ता समितिहरूलाई राजनीतिक दलहरूले 'तँ ठूलो कि म ठूलो' भन्ने जुधाइको मैदान बनाएका छन्। यी र यस्तै समितिहरूका नाउँमा उठ्ने विवाद, दबाब र भागबण्डा मिलाउन जिशिकाले खर्च गर्ने स्रोत, साधन, समय र प्रयत्न पूरै खेर गइरहेको छ।

यतिबेला ७५ वटै जिल्ला शिक्षा कार्यालयहरू भौतिक सुविधा विस्तार कार्यक्रम अन्तर्गत भवन, शौचालय र बाहिरी वातावरण लगायतका सुविधा वितरणको चटारोमा छन्। सुविधा वितरण र बाँडफाँडका लागि कार्यक्रम कार्यान्वयन निर्देशिकामा प्रस्ट सूचक र विधिको व्यवस्था गरिए पनि राजनीतिक तानातानकै कारण तराईका कतिपय जिल्लाहरूमा गोली हानाहान भएका समाचार ताजै छन्। पहाड र हिमालमा समेत यसलाई अनावश्यक तनावको विषय बनाइएको छ। यस्तो हुनुमा कर्मचारीको गैरजिम्मेवारीपन तथा स्वार्थहरू पनि कारक होलान् कतिपय ठाउँहरूमा, तर समग्रमा राजनीतिले अनावश्यक दबाब गर्दाको परिणाम हो यो भन्न सकिने प्रस्ट आधारहरू छन्।

जिल्लाहरूमा यतिबेला अर्को विवादको विषय बनेको छ दरबन्दी मिलान। वास्तवमा शिक्षा विभागले दरबन्दी मिलानका लागि यति प्रस्ट र वैज्ञानिक आधारहरू बनाएको छ कि तिनका आधारमा काम गर्ने हो भने १५ देखि ३० दिनभित्र प्रत्येक जिशिकाले दरबन्दी मिलानको काम सम्पन्न गर्न सक्छन्। तर दरबन्दी मिलानलाई यति ठूलो हाउगुजी बनाइएको छ कि हालसम्म अपवाद जिशिकाले मात्र यो काम सम्पन्न गर्न सकेका होलान्। स्थानीय दलहरूले निर्णयका लागि आफ्नो शर्त र अहङ्कार तेर्स्याउने कारणले नै दरबन्दी मिलानको काम हुन नसकेको हो।

जिल्ला शिक्षा कार्यालयहरूको हविगत प्रस्ट्याउन यस्ता अनगिन्ती उदाहरणहरू देखाउन सकिन्छ। एसएलसी परीक्षामा केन्द्र निर्धारण र केन्द्राध्यक्ष नियुक्ति गर्नेसम्मका विषयमा हुने राजनीतिक चासो र साँढे डुक्र्याइँका बारेमा त यो छोटो आलेखमा व्याख्या गरिएकै छैन। अर्कोतर्फ शिक्षा मन्त्रालयले यस वर्षदेखि नयाँ विद्यालयहरू (प्रावि, निमावि र मावि तह) को अनुमतिका लागि क्रमशः ४, ६ र ३ (पहाडमा) कोटा निर्धारण गरेपछि यसमा दलहरूले सूचक र प्रक्रिया भन्दा बाहिरबाट गरेका आग्रह र पूर्वाग्रहले जिशिकाहरूलाई परेको दबाब धेरै ठाउँमा अझै टुङ्गिएकै छैन।

राजनीति र प्रशासन बीच अन्योन्याश्रित सम्बन्ध हुन्छ र त्यत्तिकै रूपमा सीमाहरू पनि हुन्छन्। राजनीतिद्वारा तय गरिएका शैक्षिक नीतिलाई नियम कानूनको परिधिभित्र रहेर निर्धक्क रूपमा कार्यान्वयन गर्ने वातावरणको खाँचो जिशिकालाई छ। दलहरूले जिशिकाहरूबाट सम्पादन हुने काम-कारबाहीमा जवाफदेही, पारदर्शी, इमानदारी र विज्ञताको सुनिश्चितता त खोज्नुपर्छ, तर आफू अनुकूल राजनीतिक हस्तक्षेप गर्न पनि छोड्नुपर्छ। दलहरूले ठाडो हस्तक्षेपको सट्टा जिशिकाहरूलाई स्वतन्त्रपूर्वक नियमानुसारका निर्णय र सेवा सम्पादन गर्न दिने हो भने खस्किँदै गएको सामुदायिक विद्यालयको साख र गुणस्तरमा थोरै भए पनि सुधार हुनसक्छ। प्रत्यक्ष अनुभवका आधारमा कमसेकम मलाई चाहिँ यस्तो लाग्छ।

*विद्यालय निरीक्षक, जिल्ला शिक्षा कार्यालय, रूकुम*

---

त्यसपछि उनले आफ्नो वास्तविक अनुभव खोल्दै भनिन्, "मैले त ठट्टा पो गरेको। मलाई १३० होइन, ५३० भए पनि केही फरक पर्दैन। किनभने यिनीहरू नेपाली विद्यार्थी हुन्, अमेरिकी विद्यार्थी होइनन्। मलाई थाहा भयो नेपाली विद्यार्थीले अपेक्षा गर्ने शिक्षण क्रियाकलाप अमेरिकी विद्यार्थीको भन्दा निकै कम हुँदोरहेछ।"

यो अवस्था हाम्रा विद्यार्थीहरूको प्रतिनिधि अवस्था हो, भैरहवाको विद्यालयको मात्र होइन।

न्याट्लीको भनाइको सार थियो- नेपाली विद्यार्थी अमेरिकी विद्यार्थीको तुलनामा निकै शान्त र अनुशासित छन्। अन्तरक्रियात्मक शिक्षण बारे तिनलाई कुनै अनुभव छैन। प्रश्न गर्ने त बानी नै छैन। गृहकार्य गराउने र सोको परीक्षण गर्ने पद्धति छैन। उनीहरू शिक्षण प्रक्रियामा सहभागी हुन अभ्यस्त छैनन्। उनीहरूलाई केवल निष्क्रिय श्रोता मात्र बन्न सिकाइएको छ। उनीहरूलाई रित्तो लोटा ठानिएको छ। शिक्षक रुपी गाग्रीबाट जे खन्यायो, जति पोख्यो त्यही हो उनीहरूको सिकाइ। शिक्षकले खन्याए पुग्ने। शिक्षकले खन्याएको विषयवस्तु उनीहरूले पाएको (सिकेको) हुनु नपर्ने। हामी शिक्षकहरू विद्यार्थीबाट छलफल तथा अन्तरक्रियामार्फत उत्पन्न हुने असल हल्ला अनि सिकाइसँग असम्बन्धित खराब हल्ला बीचको भेद छुट्याउन नलाग्ने।

हुन पनि हामी शिक्षकहरूले विद्यार्थीलाई फरक विचार खोज्न त प्रोत्साहित नै गरेका छैनौं। फरक विचारको कदर पनि नगर्ने। हामी शिक्षक 'स्ट्याम्प' बन्यौं र उनीहरूलाई खाली कागज बनायौं- ड्याम ड्याम छाप हान्ने खाली कागज! हामी शिक्षक कस्ता छौं र हाम्रो शिक्षण विधि कस्तो छ भन्ने कुराको प्रतिविम्ब होइनन् र हाम्रा विद्यार्थी?

*श्री भैरवाश्रम उमावि, फुजेल-५, गोरखा*

# खुल्यो शिक्षण लाइसेन्स

**शिक्षक** सेवा आयोगले निम्नमाध्यमिक र माध्यमिक तहको अध्यापन अनुमतिपत्र (लाइसेन्स) का लागि आवेदन खुला गरेको छ । आयोगले शिक्षाशास्त्र पढेका र तालिम लिएका व्यक्तिका लागि स्थायी तथा अन्य विषय पढेकाका लागि दुर्गम क्षेत्रमा मात्रै पढाउन पाउने गरी अस्थायी अनुमतिपत्रको आवेदन मागेको हो। गत वर्ष शिक्षकको स्थायी पदपूर्तिको तयारी गर्नुपर्ने भन्दै आयोगले अनुमतिपत्रको आवेदन प्रक्रियालाई स्थगन गरेको थियो।

स्थायी अध्यापन अनुमतिपत्रका लागि आवेदन गर्ने उम्मेदवारले शिक्षाशास्त्रमा क्रमश: प्रमाणपत्र तह र स्नातक तह उत्तीर्ण गरेको हुनुपर्नेछ। अन्य विषयमा सो तह पूरा गरेका व्यक्तिले भने दशमहिने शैक्षिक तालिम लिएको हुनुपर्ने बताइएको छ। स्थायी अनुमतिपत्रको लागि आवेदन बुझाउने अन्तिम मिति २४ पुस २०६८ सम्म तोकिएको छ। यसको परीक्षा भने १९ (निमावि) र २० (मावि) फागुनमा हुने जनाइएको छ।

दुर्गम क्षेत्रमा विज्ञान, गणित र अङ्ग्रेजी विषय पढाउन चाहने तर शिक्षा विषय नपढेका उम्मेदवारले अस्थायी अध्यापन अनुमतिपत्र लिन पाउने वैकल्पिक व्यवस्था गरिएको छ । अस्थायी अनुमतिप्राप्त यस्ता व्यक्तिले शिक्षकलाई स्थानीय भत्ता दिनका लागि निर्धारण गरिएका जिल्ला र दुर्गम क्षेत्रमा मात्रै पढाउन पाउनेछन्। विज्ञान, गणित र अङ्ग्रेजीमा प्रमाणपत्र र स्नातक तह उत्तीर्ण व्यक्तिले क्रमश: निम्नमाध्यमिक र माध्यमिक तहका निम्ति आवेदन दिन पाउनेछन् । यसको म्याद २० पुससम्म छ।

अस्थायी अनुमतिपत्रका लागि लिखित परीक्षा पनि हुने छैन। सम्बन्धित क्षेत्रीय शिक्षा निर्देशनालयमा लिइने अन्तर्वार्ताको आधारमै अनुमतिपत्र दिइनेछ । यस्तो अनुमतिपत्रको म्याद दुई वर्षको हुनेछ। दुर्गम क्षेत्रका विद्यालयमा शिक्षाशास्त्रमा विज्ञान, गणित र अङ्ग्रेजी उत्तीर्ण शिक्षक पाउन कठिन भएपछि सरकारले नियमावली संशोधन गरेर अन्तर्वार्ताका आधारमा अस्थायी अनुमतिपत्र दिने व्यवस्था गरेको हो । यसैबीच, आयोगले यसै पटकदेखि प्राथमिक तहका लागि अध्यापन अनुमतिपत्र दिने प्रक्रिया खारेज गरेको छ। "प्राथमिक तहका निम्ति पनि प्रमाणपत्र तहकै योग्यता निर्धारण भइसकेपछि उक्त तहको निम्ति लाइसेन्स दिनुको औचित्य नै देखिएन । त्यसैले हटाइएको हो", अध्यक्ष उदयराज सोतीको कथन छ।

---

# ३५ हजार शिक्षक बढुवा हुँदै



**शिक्षक** सेवा आयोगले कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनका आधारमा शिक्षकको 'विशेष बढुवा' लाई तीव्रता दिएको छ। सरकारले २८ कात्तिकमा अध्यक्षमा उदयराज सोतीलाई पुन: आयोगको अध्यक्षमा नियुक्त गरेसँगै बढुवा प्रक्रिया सुचारु भएको हो।

२५ मङ्सिरसम्म ५५ जिल्लाका प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहका २३ हजार ३०३ जना शिक्षकको बढुवा भइसकेको जानकारी आयोगले दिएको छ। मङ्सिर मसान्तसम्म बढुवा प्रक्रिया सक्ने लक्ष्य लिए पनि सबै जिल्लाबाट शिक्षकको आवेदन र अन्य विवरण नआएका कारण यसमा ढिलाइ भएको आयोगका अध्यक्ष उदयराज सोतीले बताए। सबै जिल्लामा गरी करीब ३५ हजार शिक्षकले बढुवा पाउने आयोगको अनुमान छ।

विशेष बढुवा पाएका शिक्षकको बढुवा मिति आयोगबाट निर्णय भएकै दिनदेखि गणना हुने बताइएको छ।

## 'हिस्टान'द्वारा माग प्रस्तुत

**सरकारले** विगतमा आफूसँग भएका प्रतिबद्धताको कार्यान्वयन नगरेको भन्दै उच्चमाध्यमिक शिक्षक एशोसिएसन, नेपाल( हिस्टान)ले त्यसप्रति प्रधानमन्त्री डा. बाबुराम भट्टराईको ध्यानाकर्षण गराएको छ। 'हिस्टान'ले २६ मङ्सिरमा प्रधानमन्त्री भट्टराईलाई त्यसबारे आठबुँदे ज्ञापनपत्र बुझाएको छ।

तत्कालीन शिक्षा राज्यमन्त्री गोविन्द चौधरी संयोजकत्वको कार्यदलले दिएको सुझाव प्रतिवेदनका आधारमा सामुदायिक उमाविमा उपप्राध्यापक सरहका कम्तीमा तीन शिक्षकको दरबन्दी कायम गर्न 'हिस्टान' ले आग्रह गरेको छ। निजी उमाविका शिक्षकको सेवा, शर्त, सुविधा र वृत्ति विकासका लागि निर्देशिका ल्याउन तथा सामुदायिक क्याम्पसमा +२ तहका शिक्षकलाई विश्वविद्यालयका उपप्राध्यापक सरहको सुविधा उपलब्ध गराउन पनि उसले ध्यानाकर्षण गराएको छ।

साथै, देशभर सञ्चालित उमाविहरूलाई अविलम्ब स्थायी सम्बन्धन दिन, उमावि शिक्षालाई सर्वसुलभ, गुणस्तरीय र सीपमूलक बनाउन तथा नयाँ संविधानमा शिक्षक सेवा आयोगलाई संवैधानिक आयोगको मान्यता दिन समेत 'हिस्टान'ले आग्रह गरेको छ।

# क्षेशिनि हेटौंडामा




शिवकुमार कार्की

मध्यमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालय, हेटौंडा।

**भक्तपुरको** सानोठिमीमा रहँदै आएको मध्यमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालय हेटौंडामा सरेको छ।

हेटौंडा बसपार्क नजिकै क्षेशिनिको कार्यालय राखिएको छ। गत वर्ष सरकारले करिब तीन करोड रुपैयाँको लागतमा क्षेशिनिको नयाँ भवन बनाएको थियो। क्षेत्रीय शिक्षा निर्देशक देवकुमारी गुरागाईंका अनुसार, क्षेशिनिले ३ पुसदेखि हेटौंडामा आफ्नो काम/कारबाही शुरु गर्नेछ। जनकपुर, नारायणी र वागमतीका १९ जिल्ला मध्यमाञ्चल क्षेशिनिको क्षेत्राधिकारभित्र पर्दछन्। २०५२ देखि २०६६ सालसम्मका एसएलसी परीक्षाको मूल प्रमाणपत्र वितरण क्षेशिनिबाटै हुँदै आएको छ। साथै, मार्कशिटको प्रतिलिपि बनाउने तथा विद्यार्थीको नाम, थर र उमेर सच्च्याउने काम क्षेशिनिले नै गर्छ।

शिक्षा ऐन/नियमले माध्यमिक तहको कक्षा स्वीकृति, क्षेत्रीय स्तरमा शिक्षकको सरुवा, कानुन विपरित काम गर्ने शिक्षकलाई बर्खास्ती गर्ने, कार्य सम्पादन मूल्याङ्कनका आधारमा शिक्षकको बढुवा सिफारिस गर्ने, मातहतका शिक्षा कार्यालयको निरीक्षण तथा अनुगमन गर्ने लगायतका जिम्मेवारी क्षेशिनिलाई दिएको छ।

## प्रमाणपत्र वितरणमा सरलता

**दशमहिने** शिक्षण तालिम लिएका शिक्षकले मूल प्रमाणपत्र लिन अब काठमाडौं धाइरहनुपर्ने छैन। शैक्षिक जनशक्ति विकास केन्द्रका उपनिर्देशक लालजङ्ग चौहनका अनुसार 'क' श्रेणीका शैक्षिक तालिम केन्द्रबाटै प्रमाणपत्र दिइनेछ।

भोजपुर, सुनसरी, धनुषा, बारा, काभ्रे तनहुँ, रुपन्देही, सुर्खेत र डोटीमा गरी 'क' श्रेणीका ८ वटा तालिम केन्द्र छन्। तर, यो सेवा आउँदो वैशाखदेखि मात्रै शुरु हुनेछ। शैक्षिक जनशक्ति विकास केन्द्रका उपनिर्देशक लालजङ्ग चौहानले भने, "चैतसम्म प्रमाणपत्रको सफ्टवेयर बनाउने र तालिम केन्द्रका प्राविधिकलाई यसबारे अभिमुखीकरण दिने प्रक्रिया सक्नेछौं। वैशाखपछि शिक्षकले तालिम केन्द्रबाट प्रमाणपत्र लिन सक्नेछन्।"

नयाँ प्रमाणपत्रका लागि रु.२०० तथा प्रतिलिपिका लागि रु.१०० शुल्क लाग्नेछ। सानोठिमीस्थित शैक्षिक जनशक्ति विकास केन्द्रबाट प्रमाणपत्र लिंदा दोब्बर रकम तिर्नुपर्ने व्यवस्था गरिएको छ।


प्रकाशित भयो !



मूल्य रू.१००/-

- डा. विद्यानाथ कोइराला
- अञ्जु खड्का
- केशरजंग मगर



## समाचार

# मन्दिरको भेटी: शिक्षकको तलब !



देव पचभैया

**अर्घाखाँचीको** सुपादेउराली मन्दिरबाट उठेको भेटीबाट तीन वटा सरकारी स्कूलका ११ जना शिक्षकको तलब व्यवस्था गरिएको छ। तीमध्ये सात जनाले पूरै र चार जनाले आंशिक तलब पाउँदै आएका छन्। दुई जना परिचरलाई पनि मन्दिरकै भेटीबाट तलब दिने गरिएको छ।

सुपादेउराली मन्दिरमा मासिक रु.६० हजारदेखि रु.३ लाखसम्म भेटी सङ्कलन हुन्छ। मन्दिरदेखि ३ किलोमिटर पूर्वमा रहेको आदर्श माविलाई अहिलेसम्म रु.६० लाखभन्दा बढी रकम मन्दिरले सहयोग गरेको छ। सोही रकमबाट उक्त विद्यालयका केही शिक्षकको तलब र भवन निर्माणको खर्च व्यहोरिएको छ।

दरबन्दीको अभावका कारण उक्त स्कूलका प्रावि शिक्षकले निमावि तहमा शिक्षण गर्ने गरेका छन् भने त्यसनिम्ति उनीहरूलाई मन्दिरको आम्दानीबाट थप तलब दिने गरिएको छ। प्रअ डिल्ली थापाका अनुसार मन्दिरले विद्यालयको पठनपाठन सुधार गर्न ठूलो सहयोग गरेको छ।

अर्घाखाँचीको सीतापुरको शान्तिपुर निमाविका शिक्षकहरूलाई पनि सोही मन्दिरको भेटीबाट तलब दिने गरिएको छ। उक्त स्कूलका प्राविका ४ र निमाविका २ जना शिक्षकलाई मन्दिरको आम्दानीबाट तलब दिइएको छ। सीतापुर ७ को देउराली प्राविका एक शिक्षकको तलबको स्रोत पनि मन्दिर नै रही आएको छ।

**देव पचभैया**/पाल्पा

## २०६८ को एसएलसी परीक्षा तालिका

**परीक्षा सञ्चालन समय: बिहान ८:०० देखि ११:०० बजेसम्म**

| मिति | विषय |
|---|---|
| २०६८ साल चैत ७ गते मङ्गलबार | अनिवार्य अङ्ग्रेजी<br>वेदविद्याश्रमतर्फ– अनिवार्य संस्कृत व्याकरण र अनुवाद |
| २०६८ साल चैत ८ गते बुधबार | अनिवार्य नेपाली गैरनेपाली परीक्षार्थीहरूको लागि अङ्ग्रेजी (Elective English) |
| २०६८ साल चैत १० गते शुक्रबार | अनिवार्य गणित |
| २०६८ साल चैत १२ गते आइतबार | अनिवार्य विज्ञान<br>वेदविद्याश्रमतर्फ – अनिवार्य संस्कृत भाषा र साहित्य |
| २०६८ साल चैत १३ गते सोमबार | अनिवार्य सामाजिक अध्ययन |
| २०६८ साल चैत १४ गते मङ्गलबार | अनिवार्य स्वास्थ्य,<br>जनसङ्ख्या तथा वातावरण शिक्षा<br>वेदविद्याश्रमतर्फ – अनिवार्य कर्मकाण्ड<br>संस्कृततर्फ – अनिवार्य संस्कृत भाषा |
| २०६८ साल चैत १५ गते बुधबार | ऐच्छिक प्रथमपत्रका सबै विषयहरू |
| २०६८ साल चैत १६ गते बिहीबार | ऐच्छिक द्वितीयपत्रका सबै विषयहरू |

## शिक्षा ऐन नियमबारे नयाँ पुस्तक

**शिक्षा** ऐन र नियममावली संशोधनको अध्यावधिक जानकारी दिने गरी नयाँ पुस्तक प्रकाशित भएको छ। पुस्तकमा शिक्षा ऐन, २०२८, शिक्षा नियमावली, २०५९ र शिक्षक सेवा आयोग नियमावली, २०५७ का संशोधित प्रावधानलाई अध्यावधिक गरिएको छ। न्याय सेवाका सहसचिव चिरञ्जीवी खनालको समीक्षात्मक टिप्पणी समेटिएको उक्त पुस्तक पैरवी प्रकाशनले प्रकाशित गरेको हो। हाल अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा कार्यरत खनाल १२ वर्ष अघि शिक्षा मन्त्रालयमा कानुन अधिकृत थिए। शिक्षामा एमफिल समेत गरेका खनालको शिक्षा ऐनमा सातौं संशोधन भए लगत्तै समीक्षात्मक टिप्पणी सहित उक्त पुस्तक प्रकाशन गरिएको थियो। यो पुस्तक त्यसैको छैठौं परिमार्जित संस्करण हो।

पुस्तकबारे सहसचिव खनाल भन्छन्, "यसमा शिक्षा ऐन, शिक्षा नियमावली, शिक्षक सेवा आयोग नियमावलीमा भएको प्रावधानको मर्मलाई सकेसम्म सरल तरिकाले व्याख्या गर्न खोजिएको छ।" पुस्तकमा शिक्षासित सम्बन्धित भएर अदालतले प्रतिपादित गरेका २०३० सालदेखिका नजिरहरू पनि समेटिएको छ।

# कथा लेख्नुस् *ल्यापटप* जित्नुस् !

*शिक्षक* मासिकले आगामी चैत अङ्कमा विद्यार्थी (कक्षा १२ सम्म) ले लेखेका उत्कृष्ट कथा छाप्ने निर्णय गरेको छ। 'शिक्षकको पहिचान उसका शिष्य हुन्' भन्ने उक्तिलाई ध्यानमा राखी शिक्षक मित्रहरूले आफ्ना विद्यार्थीलाई कथा लेख्न र यो प्रतियोगितामा सहभागी हुन प्रेरित गर्नुहुने विश्वास राखेका छौं। भोलिका गौरवशाली कथाकारहरूको प्रेरणा-स्रोत बन्ने अवसर पनि हो यो।

**केही सामान्य नियम**

- कक्षा ६ देखि १२ सम्मका विद्यार्थीले मात्र प्रतियोगितामा भाग लिन पाउनेछन्।
- कथा स्पष्ट अक्षरमा, यथेष्ट मार्जिन छाडेर, पानाको एकातिर मात्र लेखिएको हुनुपर्छ। टाइप गरेर इमेलबाट पठाए झनै राम्रो।
- कथा बढीमा १५०० शब्दसम्मको हुनुपर्छ।
- कथा आइपुग्नुपर्ने अन्तिम मिति २०६८ फागुन १५। त्यस उप्रान्त प्राप्त कथाहरू प्रतियोगितामा समावेश गरिने छैनन्।

**थप**

- विद्यार्थीले कुनै पनि विषयमा आफ्नो भोगाइ, अनुभव वा सपनामा आधारित कथा लेख्न सक्नेछन्। उनीहरूको उमेर सुहाउँदो विषयवस्तु र प्रस्तुतिकरण भएका कथाले विशेष प्राथमिकता पाउनेछन्।
- लोककथा, दन्त्यकथा र नीतिकथाहरू प्रतियोगितामा सामेल गरिने छैनन्।
- कथालेखन सम्बन्धी सीप विकासका लागि हरेक शनिबार बिहान ८:१५ मा रेडियो नेपाल (FM 100MHz) मा हिमाल एशोसिएसनद्वारा सञ्चालित रेडियो कथा कार्यक्रम सुन्न सकिन्छ।
- **पुरस्कारः छानिएका उत्कृष्ट कथा लेखकलाई नोटबुक (ल्यापटप) प्रदान गरिनेछ।**

**शिक्षक** मासिक

पो.ब.नं. ३९१, मचागाः (मच्छिन्द्रमार्ग), जावलाखेल, ललितपुर
फोनः ५५४३२५२, ५५४८१४२, फ्याक्सः ५५४११९६
इमेलः mail@teacher.org.np, वेबः www.teacher.org.np



रिपोर्ट **शिक्षा ऐन संशोधन प्रस्ताव**

**बाबुराम विश्वकर्मा**

# अस्थायी शिक्षक र कर्मचारीलाई लाभ !

**सुझाव र सम्मतिका लागि शिक्षा मन्त्रालयले कानुन र अर्थ मन्त्रालय पठाएको शिक्षा ऐनको आठौं संशोधन प्रस्तावमा विद्यालय कर्मचारी र अस्थायी शिक्षकका समस्या समाधानलाई मुख्य प्राथमिकता दिइएको छ।**

शिक्षा मन्त्रालयले विद्यालय *क्षेत्र सुधार योजना (एसएसआरपी)* को कार्यान्वयन र अस्थायी शिक्षक तथा विद्यालय कर्मचारीका मागलाई सम्बोधन गर्नका लागि शिक्षा ऐन २०२८ को आठौं संशोधन प्रस्ताव तयार पारेको छ। मन्त्रालय स्रोतका अनुसार उक्त प्रस्ताव आवश्यक सुझाव र सम्मतिका लागि अहिले अर्थ र कानुन मन्त्रालयमा पठाइएको छ।

ऐन संशोधन प्रस्तावमा अस्थायी शिक्षकका माग सम्बोधन गर्ने तीन उपाय सुझाइएको छ। जसअनुसार पहिलो विकल्प, २१ साउन २०६१ सम्म सामुदायिक विद्यालयको दरबन्दीमा नियुक्त भई हालसम्म कार्यरत शिक्षकलाई आन्तरिक प्रतिस्पर्धा अगावै स्वेच्छिक अवकाशको लागि आह्वान गर्ने रहेको छ। यो विकल्प नरोजी स्थायी हुन चाहने शिक्षकहरूले आन्तरिक प्रतिस्पर्धाबाट स्थायी हुने दोस्रो विकल्प रोज्न पाउनेछन्। दोस्रो विकल्पको परीक्षामा अनुत्तीर्ण हुने शिक्षकलाई चाहिँ शुरुमै स्वेच्छिक अवकाश लिने शिक्षकको भन्दा ५० प्रतिशत कम सुविधा दिएर अवकाश दिने प्रस्ताव गरिएको छ।

शिक्षा मन्त्रालयको यो प्रस्तावप्रति नेपाल शिक्षक युनियन र शैक्षिक गणतान्त्रिक मञ्च सहमत छैनन्। युनियन र मञ्चले २४ कात्तिक २०६८ मा शिक्षा मन्त्रीलाई बुझाएको संयुक्त ज्ञापनपत्रमा अस्थायी शिक्षकलाई निवृत्तिभरणका लागि सेवा अवधि गणना हुने गरी आन्तरिक प्रतिस्पर्धाद्वारा स्थायी गरिनुपर्ने माग दोहोऱ्याएका छन्।

विद्यालय कर्मचारीको माग सम्बोधन गर्न दरबन्दी सृजना गर्ने प्रस्ताव पनि ऐनमा गरिएको छ। अस्थायी शिक्षकलाई स्थायी र विद्यालय कर्मचारीलाई दरबन्दीमा रुपान्तरण गर्दा शिक्षा मन्त्रालयका अधिकारीले करिब रु.५ अर्ब लाग्ने अनुमान गरेका छन् भने शिक्षकका पेशागत संस्थाले साढे रु.३ अर्ब भन्दा बढी बजेट नलाग्ने जिकिर गरेका छन्। बजेटको थप आकार ठूलो भएकोले यसको टुङ्गो नलागी शिक्षा ऐनको संशोधन प्रस्ताव पारित हुन कठिन देखिएको छ। तर, शिक्षामन्त्री दीननाथ शर्माले शिक्षक नेता र स्कूल कर्मचारीलाई जसरी पनि बजेट व्यवस्था गरेर समस्या समाधान गर्ने आश्वासन दिएका छन्।

विद्यालयको मौजुदा चार तहको संरचनालाई अब दुई तहमा झार्ने प्रस्ताव ऐनमा गरिएको छ। ऐन पारित भएमा २०६९ वैशाख १ देखि नेपालका विद्यालय आधारभूत तह (कक्षा १-८) र माध्यमिक तह (कक्षा-९-१२) गरी दुई तहमा विभाजित हुने छन्।

प्रस्तावित ऐनमा अभिभावक भन्नाले 'विद्यालयमा भर्ना गरिएको छात्रछात्राको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएका व्यक्तिलाई बुझाउने' व्यवस्थालाई परिवर्तन गरेर छात्रछात्राका बाबु, आमा, बाजे र बजै मात्र कायम राख्ने प्रस्ताव गरिएको छ।

संशोधन प्रस्तावमा निराक्षरता उन्मूलन र आधारभूत तहमा निशुल्क तथा अनिवार्य शिक्षाको प्रत्याभूति गराउने कुरालाई विशेष महत्त्व दिइएको छ। प्रत्येक बालबालिकालाई निशुल्क तथा अनिवार्य आधारभूत शिक्षा दिने, उमेर सुहाउँदो कक्षामा भर्ना गरेर विशेष अध्ययनको व्यवस्था गर्ने, स्कूल जाने उमेर भएर पनि स्कूल बाहिर रहेका बालबालिकाका निम्ति वैकल्पिक विद्यालय शिक्षा कार्यक्रम सञ्चालन गर्ने प्रस्ताव गरिएको छ। प्रत्येक बालबालिकालाई निशुल्क तथा अनिवार्य आधारभूत शिक्षा प्रदान गर्नु राज्यको दायित्व हुने प्रावधान थपिएको छ। यसका लागि सरकारले आवश्यक ठाउँमा स्कूलको व्यवस्था गर्ने, विद्यालय उमेर समूहका बालबालिकालाई भर्ना गराउने र अनिवार्य रूपमा स्कूलमा उपस्थित गराउने व्यवस्था राखिएको छ। ऐनमा स्कूल आएका बालबालिकालाई निशुल्क तथा अनिवार्य शिक्षा दिलाउन सरकारी, स्थानीय निकाय र गैरसरकारी संस्था परिचालन गराउने, स्कूलमा आवश्यक शिक्षकको व्यवस्था गर्ने, शिक्षक तालिम चलाउने र समयमा पाठ्यपुस्तक उपलब्ध गराउने कामलाई राज्यको दायित्वमा राखिएको छ।

प्रत्येक बालबालिकालाई निशुल्क तथा अनिवार्य आधारभूत शिक्षा दिन स्थानीय निकायले आफ्नो

इलाकाभित्रका विद्यालय जाने उमेरका बालबालिकाको अभिलेख अद्यावधिक गर्ने, तिनलाई विद्यालयमा भर्ना गर्न लगाउने र विद्यालय भर्ना भए वा नभएको अनुगमन गर्ने प्रस्ताव पनि गरिएको छ। निशुल्क तथा अनिवार्य शिक्षाका लागि छोराछोरी विद्यालयमा भर्ना नगर्ने अभिभावकलाई राज्यले उपलब्ध गराउने कल्याणकारी वा राहत सुविधाबाट बञ्चित गरिने व्यवस्था पनि ऐनमा थपिएको छ। बालबालिकालाई भर्ना गर्दा वा अध्यापन गराए बापत सामुदायिक विद्यालयले कुनै पनि अभिभावकसँग कुनै पनि किसिमको शुल्क, दस्तुर, दान, चन्दा वा अन्य कुनै किसिमको रकम लिन नपाउने व्यवस्था गरिएको छ भने स्थानीय निकायले आफ्नो वार्षिक बजेटबाट स्कूले बालबालिकाको निशुल्क शिक्षाका निम्ति निश्चित प्रतिशत बजेट विनियोजन गर्नुपर्ने प्रस्ताव गरिएको छ।

बालबालिकालाई आधारभूत तह पूरा नगरेसम्म विद्यालयबाट निष्काशन गर्न नपाइने र बालबालिकाले स्कूल अनुशासन उल्लङ्घन गरेमा शारीरिक वा मानसिक दण्ड दिन नपाइने प्रावधान पनि थपिएको छ।

शिक्षा ऐनको संशोधन प्रस्तावमा विद्यालयको पठनपाठनमा प्रभाव पर्ने गरी सामुदायिक स्कूलका शिक्षकलाई कुनै काम लगाउन नपाइने व्यवस्था पनि थपिएको छ। ऐनमै शिक्षकको काम र कर्तव्य किटान गरिएको छ। जसमा शिक्षक नियमित रूपमा निर्धारित समयमा स्कूलमा उपस्थित हुने, निर्धारित शैक्षिक क्यालेन्डरभित्र पाठ्यक्रम बमोजिमको पठनपाठन पूरा गर्ने, प्रत्येक बालबालिकाको सिक्ने र पढ्ने क्षमता मूल्याङ्कन गरी सिक्न/पढ्न अभिप्रेरित गर्ने, बालबालिकालाई विद्यालय भर्ना गर्न अभिभावकलाई उत्प्रेरित गर्ने, बालबालिकाको दक्षता बढाउन अभिभावक-बालबालिका बैठक-छलफल आयोजना गर्ने आदि काम-कर्तव्य परेका छन्।

ऐनको नयाँ प्रस्तावमा कसैले विद्यालय खोल्न चाहेमा आधारभूत विद्यालयका लागि गाउँ वा नगर शिक्षा समिति र माध्यमिकका लागि जिल्ला शिक्षा समितिको सिफारिश लिनुपर्ने व्यवस्था गरिएको छ। यसअघि स्कूल खोल्न कुनै निकायको सिफारिस चाहिँदैनथ्यो।

ऐन संशोधनमा उच्चमाध्यमिक शिक्षा परिषद् र परीक्षा नियन्त्रण कार्यालयलाई समायोजन गरेर राष्ट्रिय परीक्षा बोर्ड गठन गर्ने प्रस्ताव गरिएको छ। विद्यालयको नयाँ तहगत संरचना अनुसार बोर्डले माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (एसएलसी) र कक्षा ११ र १२ को परीक्षाको व्यवस्थापन र सञ्चालन गर्ने उल्लेख छ। 'विशेष शिक्षा' को सट्टा 'समाहित शिक्षा' र 'दूर शिक्षा' को सट्टा 'खुला तथा दूर शिक्षा' राख्ने प्रस्ताव पनि ऐनमा गरिएको छ। शिक्षा तथा खेलकुद मन्त्रालयको नाम परिवर्तन गरेर पुन: शिक्षा मन्त्रालय नै कायम गर्ने प्रस्ताव राखिएको छ।

शिक्षा सम्बन्धी नीति निर्धारण गर्न सरकारलाई सल्लाह तथा सुझाव दिनका लागि राष्ट्रिय शिक्षा परिषद् गठन गर्ने प्रस्ताव पनि गरिएको छ।

ऐनमा शिक्षक सेवा आयोगका अध्यक्षको योग्यताको एउटा मापदण्ड संशोधन गर्न लागिएको छ। आयोग अध्यक्ष हुन नेपाल सरकारको विशिष्ट श्रेणीमा कम्तीमा पाँच वर्ष काम गरेको हुनुपर्ने मापदण्डलाई घटाएर तीन वर्ष कायम गरिएको छ। कुनै विद्यालयमा विज्ञान, गणित वा अङ्ग्रेजी विषयमा अध्यापन अनुमतिपत्र लिएको व्यक्ति नभई विद्यालयमा ती विषयको पठनपाठन हुन नसकेमा शिक्षक सेवा आयोगले तोके बमोजिम छुट्टै परीक्षा सञ्चालन गरी शिक्षाशास्त्र नपढेको वा १० महिने तालिम नलिएको विषयगत योग्यता भएको व्यक्तिलाई पनि अस्थायी अध्यापन अनुमतिपत्र दिन सकिने प्रावधान थपिएको छ। त्यस्तै शिक्षाशास्त्रमा ७५ वा सोभन्दा बढी अङ्क प्राप्त गर्ने व्यक्तिलाई आयोगले अन्तर्वार्ता मात्र लिएर अध्यापन अनुमतिपत्र दिनसक्ने व्यवस्था गर्न लागिएको छ। अहिलेसम्म अध्यापन अनुमतिपत्र लिनका लागि शिक्षाशास्त्र वा १० महिने शिक्षक तालिम लिनुपर्ने मापदण्ड रहेको छ। 📖




(सार्वजनिक शिक्षाको सार्थकतालाई आफ्नो 'मिसन' ठानेका कारण *शिक्षक* मासिकले नयाँ आउने हरेकजसो शिक्षामन्त्रीका कुरालाई स्थान दिने गरेको छ। यसअघिका तीन शिक्षामन्त्रीले देशको शिक्षा क्षेत्र सुधार्न के कस्ता वचन दिएर त्यसनिम्ति के कस्तो कर्म गरे भन्ने कुरा *शिक्षक* का अङ्कहरूमा अभिलेखित नै छन्। त्यही अभिलेखलाई सम्पन्न तुल्याउँदै जाने क्रममा वर्तमान शिक्षामन्त्रीका विचारहरू यहाँ प्रस्तुत गरिएको छ। – सं.)

# सबै स्कूल: जनवादी स्कूल

**दीननाथ शर्मा,** शिक्षा मन्त्री

**तपाईं पहिलाको शिक्षक; अहिले शिक्षा मन्त्री। शिक्षक हुन सजिलो कि मन्त्री बन्न ?**

दुवै पदको भूमिका आ-आफ्नो ठाउँमा महत्त्वपूर्ण छ। जिम्मेवारीका हिसाबले शिक्षा मन्त्रीले समग्र रूपमा शिक्षा नीति, प्रशासनदेखि आर्थिक व्यवस्थापनसम्मको जिम्मेवारी पूरा गर्नुपर्छ भने शिक्षकले स्कूलको काम गर्नुपर्छ।

**नेपालका सार्वजनिक विद्यालयका प्रमुख समस्या के हुन् जस्तो लाग्छ ?**

मुख्य समस्या शिक्षा नीति नै हो। शिक्षाको कार्यदिशा अस्पष्ट छ। सामुदायिक र निजी विद्यालयहरूको समस्या पनि शिक्षा नीतिकै कारण उत्पन्न भएको हो। नेपाल लोकतान्त्रिक गणतन्त्र भइसक्यो तर हामीले २०२८ सालको पञ्चायतकालीन शिक्षा ऐन समेत परिवर्तन गर्न सकेका छैनौं।

**त्यसो भए तपाईं नयाँ शिक्षा नीति र शिक्षा ऐन ल्याउने पक्षमा हुनुहुन्छ ?**

तत्काल पुरानो शिक्षा ऐन खारेज गरेर नयाँ निर्माण गर्न सकिने अवस्था छैन। नयाँ संविधान जारी गरेपछि मात्र राजनीतिक र आर्थिक पुनर्संरचनासँगै शिक्षा क्षेत्रमा पनि पुनर्संरचनाको काम शुरु हुन्छ। नयाँ शिक्षा नीति बनाउन राष्ट्रिय शिक्षा आयोगको गठन चाहिँ अहिले नै गरिनुपर्छ भन्ने पक्षमा छु।

**शिक्षा मन्त्रालय त शिक्षा ऐन २०२८ मै संशोधन गर्न लागेको छ, नि ?**

तत्काल शिक्षकका समस्या समाधान गर्नका लागि शिक्षा ऐन संशोधन गर्न लागिएको हो। नयाँ ऐन नआउँदासम्म पुरानैले काम चलाउनुपर्ने हुन्छ। एक महिनाभित्र ऐन संशोधन गरिसक्ने मेरो तयारी छ। विद्यालय सुधार योजना



**जनवाद भनेको जनताका लागि हो। अधिकांश जनताका छोराछोरी अहिले सरकारी र निजी स्कूलमा पढ्छन्। त्यसकारण अहिलेका लागि सरकारी र निजी स्कूल नै जनवादी स्कूल हुन्।**

अनुसार १-८ सम्म आधारभूत र ९-१२ माध्यमिक रहने व्यवस्था ऐनमा थपिएको छ।

**तपाईंले त सबै अस्थायी शिक्षकलाई स्थायी गर्छु पनि भन्नुभएको छ। कसरी गर्नुहुन्छ ?**

२०६१ सालसम्म नियुक्त भएका अस्थायी शिक्षकलाई स्थायी गर्ने विचारमा छु। लामो समयदेखि योगदान पुऱ्याउँदै आएका शिक्षक कर्मचारीहरूलाई हामीले सम्मान गर्नुपर्दछ र नयाँ तथा योग्यलाई पनि शिक्षण पेशामा ल्याउनुपर्छ। शिक्षक बन्ने अवसरको प्रतीक्षामा बसेकामध्ये करिब २० हजार जतिलाई खुला प्रतिस्पर्धा गराएर शिक्षण सेवामा ल्याउने तयारी गरिएको छ भने करिब १० हजार अस्थायी शिक्षकलाई आन्तरिक प्रतिस्पर्धाबाट स्थायी गरिन्छ।

अस्थायी शिक्षकका समस्या तीन किसिमले हल गर्ने प्रस्ताव गरिएको छ। आन्तरिक प्रतिस्पर्धाभन्दा पहिला नै ५, १० र १५ वर्ष सेवा गरेका शिक्षकलाई सेवा अवधि अनुसार 'गोल्डेन ह्याण्डसेक' उपलब्ध गराएर सम्मानका साथ बिदा गर्ने पहिलो विधि। त्यसरी अवकाश नलिनेहरूलाई आन्तरिक प्रतिस्पर्धामार्फत स्थायी हुने अवसर दिने। त्यस्तो प्रतिस्पर्धामा पनि सफल हुन नसक्ने शिक्षकलाई शुरुमा अवकाश लिंदा पाउने 'गोल्डेन ह्याण्डसेक'को ५० प्रतिशत सुविधा दिएर बिदा गर्ने। यसबाट अस्थायी शिक्षकको समस्या स्थायी रूपमा हल हुन्छ।

**त्यसरी अस्थायीलाई मात्रै सजिलो बाटोबाट स्थायी हुने अवसर दिंदा नयाँ आकाङ्क्षीहरू निराश हुँदैनन् त ?**

पुराना शिक्षकलाई अपमान गर्नुहुँदैन। ती पुराना शिक्षकले पढाएकै कारण नयाँ पुस्ता बजारमा आएको हो। अस्थायी शिक्षक जति अयोग्य अनि तिनले पढाएका नयाँ पुस्ता चाहिँ योग्य हुने तर्क उचित छैन। त्यसैले उच्च शिक्षा हासिल गरिरहेका विद्यार्थी तथा अन्य आकाङ्क्षीहरूले आफ्ना गुरुहरूलाई स्थायी गर्ने र सम्मानका साथ बिदा गर्ने कुरामा आपत्ति जनाउलान् जस्तो लाग्दैन।

**अस्थायी शिक्षकलाई स्थायी गर्ने कुरा त यसअघिका शिक्षा नीतिहरूले पनि गरेकै हुन्। तर अस्थायी शिक्षक स्थायी रूपमै अस्थायी रहँदै आएका छन्। तपाईं पुराना मन्त्री भन्दा कसरी भिन्न हुनुहोला ?**

४०/५० वर्ष काटेका अस्थायी शिक्षकले तीन विकल्पमध्ये शुरुमै सुविधा लिएर सेवाबाट बाहिरिँदा फाइदा हुन्छ। यसबाट जहिलेसुकै म अस्थायी भएँ, मेरो भविष्य बर्बाद भयो भनेर गुनासो गर्ने स्थितिको अन्त्य हुन्छ। पैसा महत्त्वपूर्ण कुरा होइन। पैसा त धेरै पनि हुन सक्छ, थोरै पनि। तर राज्यले दिएको मौका र सम्मान महत्त्वपूर्ण हो।

अस्थायी शिक्षक मात्र होइन, न्यून तलबमा लामो समयदेखि स्कूलको सेवामा खटिएका कर्मचारीलाई पनि अलपत्र छाडिँदैन। ऐनमा करिब १६ हजार जति विद्यालय कर्मचारीको दरबन्दी सृजना गर्न खोजिएको छ। अस्थायी शिक्षक र विद्यालय कर्मचारीका समस्या समाधान गर्न प्रारम्भिक चरणमा करिब साढे तीनदेखि पाँच अर्ब बजेट आवश्यक पर्छ। यत्रो समस्या समाधान हुन्छ भने राष्ट्रको लागि रकम ठूलो कुरा होइन भनेर म लागिरहेको छु।

**अस्थायी शिक्षक र कर्मचारीका लागि त्यत्रो रकम उपलब्ध हुन्छ त ?**



यो नै अल्झिराखेको समस्या हो। तर म स्वयम् शिक्षक पनि हुँ र मैले पढाएका विद्यालयमा म आफैंले भर्ना गरेका कर्मचारी छन्। उनीहरूको तीन/चार हजारभन्दा बढी तलब छैन। अहिले आफैं शिक्षामन्त्री भएको बेला पनि अस्थायी शिक्षक र कर्मचारीका समस्या सम्बोधन गर्न सकिनँ भने अरू कसले गर्छ? त्यसैले यो मेरो दायित्व हो, मैले यो काम गर्नुपर्छ भन्ने सङ्कल्प गरेको छु।

**राहत र पीसीएफ शिक्षकलाई के गर्नुहुन्छ ?**

राहतलाई ढिलोचाँडो दरबन्दीमा परिणत गर्नुपर्छ। त्यसनिम्ति राज्यले शिक्षामा बजेट बढाउनुपर्दछ। पीसीएफ गलत नीतिका कारणले उत्पन्न असाध्यै ठूलो सङ्कट हो। कुनै संस्थाहरूले दुई/चार पैसा दिएपछि जथाभावी निर्णय गरेर जाने शिक्षा मन्त्रालयका अधिकारी र पहिलाका मन्त्रीको महाभुलका कारण यस्तो फोहोर थुप्रिएको हो। त्यसलाई पन्छाउने, सफा गर्ने प्रयत्न भइराखेको छ। त्यसलाई ठूलै बुल्डोजर लगाउने वा पेट्रोल छर्केर आगो लगाउने बाहेकको विकल्प छैन।

**२०५२ सालयता शिक्षकको नयाँ भर्ना खुलेको छैन, कहिले खुल्छ ?**

शिक्षा ऐन एक महिनाभित्र संशोधन भइसक्छ। त्यसपछि शिक्षकको नयाँ भर्ना खुल्छ र आगामी जेठसम्ममा करिब ४० हजार शिक्षकहरू स्थायी हुनेछन्। अध्यक्षविहीन भएको शिक्षक सेवा आयोगमा मैले तुरुन्त अध्यक्ष नियुक्त गरें। अध्यक्ष नियुक्ति भएपछिको छोटो अवधिमै (१६ मङ्सिरसम्म) आयोगबाट ४३ जिल्लाका १८ हजार ५ सय ३३ शिक्षकको बढुवा भयो। ७५वटै जिल्लाका शिक्षाको बढुवा मङ्सिरभित्र सकिनुपर्छ भनेको छु।

**युद्धकालमा तपाईंहरूले जनवादी स्कूल खोल्नुभयो, खुल्ला राजनीतिका कारण तपाईं शिक्षामन्त्री बन्नुभएको छ, अब जनवादी शिक्षा र स्कूलको औचित्य सकिएको हो ?**

जनवाद भनेको जनताका लागि हो। अधिकांश जनताका छोराछोरी अहिले सरकारी र निजी स्कूलमा पढ्छन्। त्यसकारण अहिलेका लागि सरकारी र निजी स्कूल नै जनवादी स्कूल हुन्। जनवादी भनेर कुनै अमूर्त स्कूल खोज्ने होइन, अहिले भइरहेका स्कूलहरूलाई सुधार गर्ने हो।

प्रस्तुतिः **बाबुराम विश्वकर्मा**



टिप्पणी

कृष्णप्रसाद ढकाल

# अगुवाहरूको यो कस्तो प्रतिबद्धता !

**प्रतिबद्धता-पत्र आफैंमा हावादारी किन पनि छ भने दस्तखत गर्नेमध्ये कति त शिक्षक नै होइनन् भने कतिको स्कूल नै छैन । यो तथ्य *शिक्षक* मासिकको कात्तिक अङ्कमा राम्ररी उजागर गरिएको छ । विद्यालय नै नहुनेहरूले 'नियमित रूपमा विद्यालयमा उपस्थित हुनेछु' भनी प्रतिबद्धता जनाउनु एउटा नौटङ्की सिवाय के पो होला र ?**

१४ मङ्सिर २०६८ को एकाबिहानै टेलिफोनको घण्टी बज्यो। सिन्धुलीका शिक्षक मित्रले फोन गरेका रहेछन्। केही भलाकुसारीपछि उत्साहित हुँदै उनले भने "हैन सर त्यहाँ शिक्षकका पेशागत संस्थाका तर्फबाट सामूहिक प्रतिबद्धता-पत्र निस्केको छ रे ! त्यसमा सही गरेपछि स्कूल नजाँदा पनि तलब पाक्छ कि के हो सर ?"

"खै सर ! शिक्षकको प्रतिबद्धता-पत्र त निस्केको छ तर त्यसमा सही गर्नेवित्तिकै स्कूल नगए पनि हुने भन्ने त मलाई थाहा भएन", मैले जवाफ दिएँ। "सही गर्नेमा त हाम्रो सिन्धुलीको कोही पनि परेनछन्। कम्तीमा सबै जिल्ला समेट्न सकेको भए राम्रो हुन्थ्यो। यस बारेमा केशव सर (शिक्षक युनियनका पूर्व अध्यक्ष केशवप्रसाद भट्टराई) लाई सोध्दा कसो होला सर !" उनले फेरि दोहोऱ्याए।

"केशव सरसँग मेरो कुरा भएको थियो। उहाँ त्यो पत्रमा आफूले किमार्थ सही गर्ने थिइनँ। लुरुलुरु आफ्नो काममा जोतिइरहेका इमानदार शिक्षकहरूलाई यो प्रतिबद्धता-पत्रले घोर अपमान गरेको छ" भन्दै हुनुहुन्थ्यो भनेर मैले जवाफ फर्काएँ।

केही समयपछि फेरि अर्को फोन आयो। उनी पनि कुनै जिल्लाका शिक्षक नै थिए। "हैन त्यो प्रतिबद्धता-पत्रमा हामीले पनि सही गर्न पाउनुपऱ्यो। ठेक्कापट्टा पनि स्कूल पनि, दुवैतिर धान्न सकिएन सर ! अब पूर्णकालीन भएर ठेक्कापट्टातिर मात्र ध्यान पुऱ्याउनु पऱ्यो", उनले आफ्ना कुरा ओकले।

मलाई साह्रै नै उदेक लाग्यो र सोधें "तपाईंको स्कूलमा कसले पढाउँछ त !" उनले उत्तर दिए, "कर्मचारी भाइ छन् नि ! हो उनैलाई, पढाउन लगाउँला। बरु घण्टी ठोक्न, पानी बोक्न र सरसफाइ गर्न अरू कसैलाई राखौंला। केही समयपछि उनलाई पनि पढाउन लगाएर एउटा मास्टर फेरि पनि उकास्नु पर्ला र आफैंसँग लिएर हिँड्नु पर्ला भन्ने लागेको छ। त्यसो हुँदा मेरो ठेक्कापट्टालाई पनि बल पुग्ने ! के गर्नुत सर खेताला शिक्षक राख्न पाइन्न रे ! एउटा जुक्ति बुद्धि त ख्याउनै पऱ्यो नि ! रुन थोरै पैसाले काम चल्ने भयो" उनले भने।

उनको उत्तर सुनेर म झस्किएँ। सार्वजनिक विद्यालयका पाले-पियनको वर्चस्व रहेको विद्यालय कर्मचारी परिषद्का तर्फबाट पनि सामूहिक प्रतिबद्धता पत्रमा "शिक्षण सिकाइ प्रक्रियामा सहभागी हुनेछौं, पाठयोजना तयार गर्नेछौं र शैक्षिक सामग्रीको प्रयोग गर्नेछौं" जस्ता वाक्यमा मन्त्रीकै सामु सही गरिएको छ।

मुलुकमा धेरै परिवर्तनहरू भए। तर शिक्षाको स्तर सुधार्न भने पटक्कै सकिएन। शैक्षिकस्तर सुधारमा शिक्षकहरूको अग्रणी भूमिका हुन्छ भन्नेतर्फ हामी सबैले कुनै चासो लिएनौं। यसै सन्दर्भमा शिक्षक तथा विद्यालय कर्मचारीका १८ वटा पेशागत सङ्गठनका तर्फबाट १३ मङ्सिर २०६८ मा पन्ध्रबुँदे प्रतिबद्धता-पत्र जारी गरिएको छ। शिक्षा मन्त्री, शिक्षा राज्यमन्त्री, शिक्षा मन्त्रालयका उच्च पदस्थ कर्मचारी; विभिन्न राजनीतिक दलका प्रतिनिधि, शिक्षाविद्, शिक्षकका विभिन्न पेशागत संस्थाका प्रतिनिधि तथा पत्रकारहरूको उपस्थितिमा यस्तो प्रतिबद्धता जाहेर गरिएको छ।

प्रतिज्ञामा, वाचामा र कबुलमा बाँधिएको स्थिति हो प्रतिबद्धता। प्रतिबद्धता जनाउनु भनेको कुनै पनि विचार, सिद्धान्त, मर्यादा र धारणामा निष्ठा राख्दै प्रभावकारी कार्यान्वयनमा सक्रिय रहनेछु भनेर गरिने स्वीकारोक्ति हो। म आफूले पूरा गर्छु भनेर दिएको वचन हो, प्रतिज्ञा र अठोट हो। मानिस र पशुमा के फरक हुन्छ भने पशुसँग कुनै प्रकारका बन्धनहरू हुँदैनन्। त्यसैले त उसलाई दाम्लोले बाँधेर किलो ठोकेर राखिन्छ। तर, मानिस भने नैतिक बन्धन, सामाजिक बन्धन र वाचाबन्धन आदि धेरै किसिमका बन्धनमा जेलिएको हुन्छ। हामीले गर्ने हरेक प्रतिबद्धता, वाचा वा कबोलहरू एक किसिमका बन्धन हुन्। शिक्षा मन्त्रालयले हामीसँग बारम्बार गरेका सम्झौता जस्तो गरी यी चुँडालिनु हुन्न। लागू गरिनै पर्दछ। कथंकदाचित यी प्रतिबद्धता तोडिए भने सरकारमा बस्ने र शिक्षकका पेशागत संस्थामा बस्नेका बीच कुनै पनि अन्तर रहन्न।

उक्त प्रतिबद्धता-पत्रले आफ्नो पेशाप्रति प्रतिबद्ध, समर्पित, इमानदार र लगनशील शिक्षकहरूलाई गम्भीर चोट पुऱ्याएको छ। शिक्षकका पेशागत संस्थाका प्रमुखहरूले आफ्नो प्रतिबद्धता-पत्र सार्वजनिक गरिरहँदा (१३ मङ्सिरमा) मुलुकभरिका करिब दुई लाख शिक्षक आ-आफ्नो विद्यालयका कक्षाकोठामा विद्यार्थीलाई पढाइरहेका थिए भने विद्यालय कर्मचारीहरू आ-आफ्ना जिम्मेवारीमा सतर्कतासाथ खटिरहेका थिए। तर, यता शिक्षकका अगुवाहरू भने 'हामी कक्षाकोठामा नियमित रूपमा उपस्थित भएर पढाउँछौं' भन्दै शिक्षामन्त्रीका सामु झुकिरहेका थिए। यथार्थमा, आम नेपाली शिक्षकले पन्ध्रबुँदामा उल्लिखित सबै शर्तहरू इमानदारीपूर्वक पालना गरिरहेका छन्। आफूले नियुक्ति पाएको दिनदेखि नै प्रतिबद्धता-पत्रमा उल्लिखित सबै कामहरू निर्लिप्त भएर गरिरहेका छन् उनीहरू। तर त्यसरी आफ्नो काम निरन्तर गरिरहेका

## शैक्षिक सुधारका लागि हामी शिक्षकका पेशागत संघसंस्थाहरूद्वारा जारी गरिएको प्रतिबद्धता-पत्र

१. विद्यालयमा नियमित उपस्थित भई सक्रिय रूपमा शिक्षण सिकाइ प्रक्रियामा सहभागी हुनेछौं ।
२. कक्षाकोठामा जानुअघि पाठयोजना तथा पढाउने विषयवस्तुको तयारी गर्नेछौं तथा शिक्षण सिकाइ प्रक्रियामा शैक्षिक सामग्रीको प्रयोग गर्नेछौं ।
३. विद्यालय समयमा अनिवार्य रूपमा शैक्षिक गतिविधिमा सहभागी हुनेछौं ।
४. विद्यालयमा भौतिक तथा मनोवैज्ञानिक दण्डलाई पूर्ण निषेध गर्नेछौं साथै विद्यार्थीको शैक्षिक विकासका लागि आवश्यक परामर्श दिनेछौं ।
५. शिक्षण सिकाइ प्रक्रियामा बालबालिकालाई केन्द्रबिन्दुमा राखी बालसहभागितामूलक तथा बालमैत्री शिक्षणमा जोड दिनेछौं ।
६. विद्यार्थीको सिकाइ उपलब्धिको निरन्तर मूल्यांकन तथा अभिलेखीकरण गर्नेछौं र अभिभावकसँग त्यसको जानकारी आदनप्रदान गर्न नियमित सम्पर्क कायम गर्नेछौं ।
७. विद्यार्थीलाई सम्बोधन गर्दा गाली-गलौज तथा अमर्यादित शब्दको प्रयोग गर्ने छैनौं ।
८. धर्म, जातीयता, भाषा, लिङ्ग, आर्थिक अवस्था तथा भौगोलिक अवस्थिति आदि कारणबाट अभिभावक, विद्यार्थी र शिक्षक स्वयंमा समेत विभेद तथा दुर्व्यवहार गर्ने छैनौं ।
९. विद्यालय हाताभित्र धूमपान, मद्यपान तथा अमर्यादित गतिविधि गर्ने छैनौं ।
१०. आफ्नो बदलामा अन्य शिक्षक (खेतला) राखी आफू अन्य गतिविधिमा सामेल हुने छैनौं । साथै विशेष परिस्थिति बाहेक काजमा बस्ने छैनौं ।
११. विद्यालय समयमा आर्थिक लाभ लिने गरी कक्षा सञ्चालन गर्ने, अन्य विद्यालयको पठनपाठनमा सामेल हुने लगायतका विद्यालयका शैक्षिक गतिविधिमा प्रत्यक्ष नकारात्मक असर पार्ने कार्यलाई निरूत्साहित गर्नेछौं ।
१२. विद्यालयको समयमा पेशागत तथा शैक्षिक अधिकार बाहेक अन्य गैरशैक्षिक क्रियाकलापमा सामेल हुने छैनौं ।
१३. आफूले अध्यापन गर्ने विषयमा विद्यार्थीको सिकाइ उपलब्धिप्रति पूर्ण जिम्मेवारी हुनेछौं ।
१४. विद्यालयको भौतिक तथा शैक्षिक सुधार तथा विकासमा सक्रिय सहभागी हुनेछौं ।
१५. माथिका प्रतिबद्धता कार्यान्वयनका लागि हामी शिक्षकका पेशागत संघ-संगठनले अनुगमन गर्नेछौं ।

**प्रतिबद्धता पत्रमा शिक्षक नेताहरूको हस्ताक्षर ।**


प्रतिबद्धता जाहेर गर्ने

शिक्षकहरूलाई नै त्यही काम गर भन्दै आफ्नो हैकमवादी रुप छर्लङ्ग पारेको छ शिक्षक नेताहरूको प्रतिबद्धता-पत्रले। नियमित रूपमा विद्यालयमा उपस्थित हुने, पाठयोजना तयार पार्ने, बालमैत्री व्यवहार गर्ने, बालकेन्द्रित पठनपाठन गर्ने, खेताला शिक्षक राखी आफू अन्यत्रतिर नभौंतारिने, कसैमाथि विभेद तथा दुर्व्यवहार नगर्ने, विद्यालय हाताभित्र धुम्रपान तथा मद्यपान नगर्ने, आफू जिम्माका, विषयको पठनपाठनमा पूर्ण जिम्मेवार हुने जस्ता प्रतिबद्धता-पत्रमा उल्लेख भएका कार्यहरू निरन्तर रूपमा गरिनैरहेका छन् सामुदायिक विद्यालयका बहुसङ्ख्यक शिक्षकले। बरु, प्रतिबद्धता-पत्रमा सही गर्नेहरूले चाहिँ ती काम कति गरिरहेका होलान् र ? उनीहरू कक्षाकोठामा नछिरेकै कति भयो होला ?

त्यसो त प्रतिबद्धता-पत्र आफैंमा हावादारी र उडन्ते छ। त्यो बेतुकको किन पनि छ भने दस्तखत गर्नेमध्ये कति त शिक्षक नै होइनन् भने कतिको स्कूल नै छैन। यो तथ्य *शिक्षक* मासिकको कात्तिक अङ्कमा राम्ररी उजागर गरिएको छ। विद्यालय नै नहुनेहरूले 'नियमित रूपमा विद्यालयमा उपस्थित हुनेछु' भनी प्रतिबद्धता जनाउनु एउटा नौटङ्की सिवाय के पो होला र ? प्रतिबद्धता-पत्रमा दस्तखत गर्ने अधिकांश शिक्षक नेताका आफ्ना विद्यालय त छन् तर उनीहरू त्यहाँ जान्नन्। वर्षौंदेखि आ-आफ्नो पेशागत संस्थाको कार्यालय कुराइमा नै सीमित छन् उनीहरू।

दुई दशकभन्दा लामो समयदेखि अस्थायी शिक्षकहरू अनेकन पीडा भोगेर काम गरिरहेका छन्। राहत शिक्षक, निजीस्रोतका शिक्षक, बाल विकास कोटामा कार्यरत महिला शिक्षक, पीसीएफ कोटाका शिक्षक तथा विद्यालय कर्मचारीहरूले किसिम किसिमका समस्याहरू व्यहोरिरहेका छन्। आज आफ्ना सदस्यहरू यसरी पिल्सिरहँदा पनि शिक्षकका नेताहरूले ती शिक्षकका पक्षमा सरकारको प्रतिबद्धता किन लिन सकेनन् ? शिक्षकका पेशागत संस्थाहरूसँग बारम्बार गरिएका सम्झौता कार्यान्वयन गर्न शिक्षा मन्त्रालयका तर्फबाट प्रतिबद्धता जाहेर गर्दै हस्ताक्षर गराउनेतिर किन गएन उनीहरूको ध्यान ? मन्त्रीको अघि आफू पढाउन थाल्छु भनेर सही गर्ने तर मन्त्रीलाई शिक्षकका समस्या समाधान गर्ने प्रतिबद्धता जनाउन नलगाउने कत्रो खेलाँची !

आज विद्यालयहरूमा फोहोरी राजनीति व्याप्त छ। दलीय भागबण्डा नमिल्दा शिक्षक नियुक्ति प्रक्रिया रोकिएको छ। व्यवस्थापन समितिका स्वार्थीहरूसँग मन नमिलेका कारण कैयन् विद्यालयहरूका हेडसरहरू दपेटिएका छन्। शिक्षकहरूलाई यो वा त्यो दलको झोले बन्न बाध्य पारिएको छ। तर खै यसमा दलहरूको प्रतिबद्धता ? आफ्नै माउ पार्टी भएकाले उनीहरूको प्रतिबद्धता माग्ने आँट नगरेका हुन् त हाम्रा शिक्षक नेताहरूले ? नत्र किन आएन राजनीतिक दलको प्रतिबद्धता ?

आज किन शिक्षकहरू असुरक्षित छन् ? किन शिक्षकले महिनैपिच्छे तलब पाउन सकेका छैनन् ? किन उनीहरूले मात्र आजीवन अस्थायी बस्नुपर्छ ? एउटै तहमा पनि किन थरीथरीका शिक्षकहरूको व्यवस्था गरिएको छ ? दलको झोले नबन्दासम्म सुखले काम गर्न किन दिइन्न शिक्षकलाई ? यी यावत् समस्याहरूलाई किनारा लगाउनु त कता हो कता, उल्टै हावादारी प्रतिबद्धता-पत्र सार्वजनिक गर्न किन अग्रसर भए शिक्षकका अगुवाहरू ? यस्तो कर्म गर्नेहरूलाई 'धिक्कार' भन्नुभन्दा यो पछिल्लो प्रश्नको जवाफ खोज्नु बढी महत्त्वपूर्ण हुनेछ।

*(लेखक नेपाल शिक्षक युनियनका पूर्व अध्यक्ष हुन्।)*

# गलेगोरुको बोलवाला

**स्थिति कतिसम्म विडम्बनापूर्ण छ भने, कथं 'उम्दा र गतिला' गोरुहरू आफैं जुवामा नारिन तत्पर भए भने पनि तिनले नारिन र जोत्न पाउँदैनन्। बिचरा किसानहरू; चोरबाटोबाट आएका 'गलेगोरु'लाई नै प्रक्रिया पुऱ्याइदिएर गोठमा बाँध्न र मन नलागी नलागी खेतमा नार्न बाध्य छन्।**

■ **बालकुमार जमरकट्टेल**

*"कतिपय अवस्थामा किसानहरू गलेगोरुको फन्दामा पर्छन्। जोत्ने अवस्थामा खेतमा लगेर जुवामा नार्ने बित्तिकै थचक्कै बसिदिन्छ गलेगोरु। उठिहाल्यो भने पनि काँधिएर राम्ररी नहिँड्ने, ठेली-ठेली हिँडाउनुपर्ने हुन्छ। यस्तो अवस्थामा किसानहरू निरीह हुन जान्छन्। न गोरु फेर्ने क्षमता राख्छन्। न त्यसबाट काम लिन सक्छन्। ..."*

अभिभावकलाई किसान र सामुदायिक विद्यालयमा कार्यरत कतिपय शिक्षकलाई गलेगोरुको अवस्थासँग तुलना गरेर *शिक्षक* मासिकको २०६८ साउन अङ्कमा प्रकाशित विश्लेषणको अंश हो यो।

पक्कै पनि, हाम्रो सार्वजनिक शिक्षा परिपाटी भित्र 'गलेगोरु' प्रवृत्तिको बोलवाला छ। किसान निरीह छन्। 'जुवामा नार्ने बित्तिकै थचक्कै बस्ने', 'उठिहाले पनि काँधिएर राम्ररी नहिड्ने', 'ठेली-ठेली हिँडाउनुपर्ने' गलेगोरुको भरमा खेती लगाउन उनीहरू विवश छन्। त्यति मात्र कहाँ हो र? पुच्छर निमोठेर हिँडाउन खोज्दा उल्टै पछाडि फर्केर हलीलाई नै कान्लामुनि पुऱ्याइदिने हुन् कि भनेर थर्कमान हुनुपर्ने अवस्था छ। किसानहरू गोरु फेर्ने क्षमता नराख्ने मात्र होइन, आफ्नो खाँचो टार्ने खालका 'उम्दा र गतिला' गोरु छानेर खेतमा नार्न समेत नसक्ने अवस्थामा छन्।

किसानको निम्ति गोरु ठूलो पूँजी हो। गोरुले काम दिएनन् भने किसानको सर्वस्व नै जान्छ। वर्षभरि खान पुग्ने अन्न उब्जाउन गोरुकै भर पर्नुपर्छ। तर के गर्नु निरीह किसान, बाँझो फोर्न नसकेर त्यही बाँझोमाथि अलिअलि हिलो दलेर धान रोप्न बाध्य छन्। अनि कसरी फलोस् त खेतमा 'मानो-मुरी धान?'

हाम्रो तालुकदार पनि यस्तै लोसे छ। ठूलो पटाङ्गिनीमा वर्षैपिच्छे गोरु-दौड गराएर त्यहींबाट 'उम्दा र गतिला' गोरु छानेर किसानको खेतमा पठाउन चाहँदैन। किसानले आफैं गोरु छानेर राख्ने अनुकूल वातावरण पनि बनाइदिँदैन। स्थिति कतिसम्म विडम्बनापूर्ण छ भने, कथं 'उम्दा र गतिला' गोरुहरू आफैं जुवामा नारिन तत्पर भए भने पनि तिनले नारिन र जोत्न पाउँदैनन्। बिचरा किसानहरू; चोरबाटोबाट आएका 'गलेगोरु'लाई नै प्रक्रिया पुऱ्याइदिएर गोठमा बाँध्न र मन नलागी नलागी खेतमा नार्न बाध्य छन्।

कतैकतैका खेतमा राम्रै गरी धान फल्ने गरेको छ। त्यस्तो ठाउँमा किसानहरूकै सक्षमताका कारणले र कतिपय ठाउँमा गोरु नार्ने मूल खेतालाकै सबल नेतृत्वका कारणले गर्दा 'गलेगोरु'हरूले प्रवेश पाउनसकेका छैनन्; र कुनै कारणले प्रवेश गरिहाले भने पनि तिनीहरू खेतमा लुरुलुरु हलो तान्न बाध्य छन्।

हो, शिक्षकले मिहिनेत गरी पढाएका विद्यालयमा एसएलसी परीक्षाको नतिजा राम्रो छ। जुन विद्यालयमा शिक्षकहरू कामचोर छन्, त्यस्ता विद्यालयमा एसएलसी परीक्षाको नतिजा पनि निराशाजनक नै हुने गरेको छ। तर त्यसो भन्दैमा, नतिजा राम्रो नआउनमा शिक्षकहरूलाई मात्र सत्तोसराप गर्नुको पनि कुनै तुक छैन। त्यसमा माथिल्ला निकायहरूको जिम्मेवारी उत्तिकै हुन्छ। तिनले पानीमाथिको ओभानो बन्न पाउँदैनन्। शिक्षकका कामको वस्तुनिष्ठ मूल्याङ्कन गरी उपयुक्त दण्ड र पुरस्कार दिनसक्ने तथा समग्र शैक्षिक क्रियाकलापको उचित व्यवस्थापन गर्न सक्ने नेतृत्व भएका विद्यालयमा पनि पठनपाठनको स्तर राम्रो र परीक्षामा नतिजा सन्तोषजनक हुने गरेको छ। तर त्यस्ता विद्यालय अत्यन्तै कम छन्। देशका करीब ८० प्रतिशत विद्यार्थी अध्ययन गर्ने सामुदायिक विद्यालयको नतिजामा त्यस्ता एकाध राम्रा विद्यालयले तात्विक असर पार्न सक्ने अवस्था रहँदैन।

समग्र नतिजाको आधारमा सबै सामुदायिक विद्यालयहरूलाई एउटै दृष्टिले हेर्ने परिपाटीले गर्दा पठनपाठनको स्तर उँचो बनाउन भरमग्दुर प्रयास गरिरहेका र निजी विद्यालयको तुलनामा कुनै पनि क्षेत्रमा पछाडि नभएका विद्यालयहरूलाई अन्याय हुने गरेको छ। सरकारले लगानी गरेकामध्ये एकाध बाहेक अधिकांश विद्यालयको पठनपाठनको स्तर र परीक्षाको नतिजा एकपैसा पनि सरकारी लगानी नभएका निजी विद्यालयको तुलनामा लाजमर्दो हुनाका पछाडि के कति कारण छन् भन्ने कुराको खोजी पनि पटकपटक भएकै हो। तर किन वर्षैपिच्छे त्यही क्रम दोहोरिएको छ त? शायद अब चिन्ता गरिनुपर्ने विषय यही हो।

## के गर्दा राम्रो हुन्छ त ?

### खुल्ला प्रतिस्पर्धाबाट शिक्षकको नियुक्ति

*"शिक्षक बन्न अयोग्यहरू योग्यहरूलाई विस्थापित गर्न अधिक समय खर्चिन्छन्। ... परिणामतः एकातिर सरकारको लगानी व्यर्थ भएको छ भने अर्कातिर इमानदार, स्वच्छ, लगनशील शिक्षकहरूको मन कुँडिएको छ। ... समय-समयमा स्वच्छ तरिकाले स्थायी पदपूर्ति गरिदिएको भए, आफूले गरेको लगानी सदुपयोग भए/नभएको निगरानी राखेको भए शिक्षा क्षेत्रमा आजको जस्तो अवस्था आउने थिएन।"* (खडानन्द रिमाल, शिक्षक, २०६८ कात्तिक)

सामुदायिक विद्यालयमा नेपाल सरकारबाट स्वीकृत दरबन्दी अनुसारका रिक्त पदमा शिक्षक नियुक्तिका लागि सिफारिस गर्न शिक्षा ऐनले शिक्षक सेवा आयोगको व्यवस्था गरेको छ। तर विगत १६ वर्षदेखि उक्त प्रक्रिया अगाडि बढ्न सकेको छैन। २०५२ साल पछाडि शैक्षिक योग्यता पूरा गरेको योग्य र सक्षम जनशक्ति शिक्षण पेशामा प्रवेश गर्नको लागि प्रतिस्पर्धा नै गर्न नपाई आफ्नो उमेरको हद कटाउन बाध्य छ।

लोक सेवा आयोगले प्रत्येक वर्ष खुल्ला प्रतिस्पर्धा गराएर रिक्त दरबन्दीमा कर्मचारी नियुक्ति गरेजस्तै गरी शिक्षक सेवा आयोगमार्फत शिक्षक नियुक्ति गर्न कुनै पनि कुराले रोक्नुपर्ने देखिँदैन। शिक्षक सेवा आयोगलाई सक्षम र अधिकारसम्पन्न बनाउन राजनीतिक नेतृत्वमा इच्छाशक्ति मात्र भए पुग्छ।

**शिक्षक व्यवस्थापनमा विद्यालय व्यवस्थापन समितिलाई दिइएको अधिकारमा पुनर्विचार**

अस्थायी शिक्षक नियुक्ति गर्ने लगायतका विभिन्न अधिकारहरू विद्यालय व्यवस्थापन समितिलाई प्रदान गरिएको छ। व्यवस्थापन समितिमा सम्बन्धित सरोकारवाला अभिभावककै प्रतिनिधित्व भएमा विद्यालयप्रति तिनमा अपनत्वबोध हुन्छ, त्यसबाट विद्यालयको व्यवस्थापन प्रभावकारी हुनसक्छ भन्ने असल नियतका साथ शिक्षा ऐनको सातौं संशोधनले यो व्यवस्था गरेको हो। सिद्धान्तत: यो साह्रै राम्रो कुरा पनि हो। उनीहरूका बालबच्चा अध्ययन गर्ने विद्यालय कस्तो बनाउने भन्ने कुरामा अभिभावकहरूलाई नै जिम्मेवार बनाउने प्रावधानलाई कसैले पनि नराम्रो भन्न सक्दैन। तर ऐनको यो आशयअनुसार विरलै विद्यालयका व्यवस्थापन समितिले काम गरेको पाइन्छ।

विद्यालय व्यवस्थापन समितिलाई अधिकारसम्पन्न बनाइनु विद्यालय सुधारको लागि अत्यन्त सकारात्मक पक्ष हो तर प्रदान गरिएको अधिकार सदुपयोग वा दुरुपयोग के भएको छ भन्ने कुराको अनुगमन पनि त्यत्तिकै महत्त्वपूर्ण हुन आउँछ। अधिकार प्रयोग गर्ने पक्ष आफैं त्यसनिम्ति सक्षम नभएको अवस्थामा दिइएको अधिकार कसरी दुरुपयोग हुन सक्छ भन्ने कुरा प्रसिद्ध कथाकार हृदयचन्द्रसिंह प्रधानको 'कृष्णे र खुकुरी' कथाको मुख्य पात्र कृष्णेको मनोदशाबाट पनि अनुमान गर्न सकिन्छ।

विव्यसलाई प्रदान गरिएको असीमित अधिकारको दुरुपयोग गरी आफ्नो स्वार्थसिद्ध गर्न कतिपय स्थानमा स्नातक तह पढ्दै गरेको छोरालाई कक्षा ८ मा भर्ना गरी अभिभावक बन्ने, राजनीतिक पार्टीसम्बद्ध प्यानल खडा गरी चुनाव लड्ने मात्र होइन हातहतियारको समेत प्रयोग हुने गरेको कुरा विभिन्न सञ्चारमाध्यममा आइरहेकै छन्। यसरी राजनीतिक गुटबन्दी, आर्थिक प्रभाव मात्र होइन बाहुबलको समेत प्रयोग गरी विद्यालय व्यवस्थापन समिति हडप्ने परिपाटी विकास भइरहेको तथा विभिन्न स्वार्थ समूहको टक्करको कारण कतिपय विद्यालयहरूमा वर्षौंसम्म विव्यस नै गठन हुन नसकेको स्थिति समेत छ। यस्तो अवस्थामा विव्यसले नै विद्यालयमा योग्य र सक्षम शिक्षक छनोट गर्छ भन्ने कुनै भरपर्दो आधार देखिँदैन।

अर्कोतर्फ प्रधानाध्यापकलाई व्यवस्थापनमा ज्यादै कम भूमिका प्रदान गरिएको छ। वर्षौंसम्म विद्यालयको नेतृत्व गरेको अनुभव साथै शिक्षक र विद्यार्थीसँग प्रत्येक दिन सँगै रहनुपर्ने मात्र होइन आफ्नो विद्यालयमा कस्तो शिक्षक आवश्यक पर्छ भन्ने विषयमा जिम्मेवार रहनुपर्ने प्रधानाध्यापकलाई शिक्षक सरुवामा कुनै भूमिका दिइएको छैन। सरुवा भई आउन वा जान चाहने शिक्षकलाई सरुवाको सहमति विद्यालय व्यवस्थापन समितिको अध्यक्षले मात्र दिन सक्छन्। यता, प्रधानाध्यापक बन्नको लागि शैक्षिक योग्यता, शिक्षण अनुभव, तालिमको न्यूनतम व्यवस्था, निजले अध्यापन गरेका विषयमा विद्यार्थीको उपलब्धिस्तर मात्र होइन, विद्यालयको विकास र उन्नतिको लागि कार्ययोजना तयार गर्नुपर्ने तथा नेतृत्व लिनसक्ने क्षमता प्रदर्शन गर्नुपर्ने जस्ता विभिन्न प्रावधान राखिएको छ। तर विव्यस अध्यक्ष बन्नको लागि सम्बन्धित विद्यालयको उच्चतम कक्षा बराबरको अध्ययन मात्र भए पुग्ने, अरू कोही व्यक्ति दावेदार नभएमा सो अध्ययन पनि बाध्यात्मक नहुने व्यवस्था छ। परिणामत: विवेक प्रयोग गर्न चाहने प्रधानाध्यापक र अधिकार प्रयोग गर्न चाहने विव्यस अध्यक्षको बीचमा हुने द्वन्द्वले प्राय: अप्रिय रूप लिने गरेको पाइएको छ।

कुनै व्यवस्थापन समितिले विद्यालयको हितमा काम नगरेको अवस्थामा उक्त विव्यसलाई विघटन गरी अर्को विव्यस गठन नभएसम्म अस्थायी व्यवस्थापन समिति गठन गर्न सक्नेसम्मको अधिकार जिल्ला शिक्षा समितिलाई प्रदान गरिएको छ। तर कुनै पनि जिल्लामा त्यसरी शिक्षा समितिले हस्तक्षेप गरी विद्यालय सुधार गर्न पहल गरेको सुन्नमा आएको छैन। बैंक, फाइनान्स लगायतका वित्तीय संस्थाका सञ्चालक समितिले आफ्नो जिम्मेवारी पूरा नगरी निक्षेपकर्ताको निक्षेप डुब्ने अवस्था सिर्जना भएमा राष्ट्र बैंकले तुरुन्तै हस्तक्षेप गर्छ। तर यहाँ त लाखौं विद्यार्थीको भविष्य डुब्ने स्थिति सिर्जना हुँदा समेत जिम्मेवारी लिने कोही देखिएको छैन।

प्रधानाध्यापकलाई जहाजको कप्तानसँग तुलना गरिएका कतिपय दृष्टान्तहरू पाइन्छन्। विद्यार्थीले परीक्षामा प्राप्त गर्ने नतिजा राम्रो वा नराम्रो जेसुकै भएतापनि त्यसमा सम्बद्ध प्रधानाध्यापकको प्रत्यक्ष नाम जोडिने गर्छ। शिक्षकहरूको कामको दैनिक अनुगमन र मूल्याङ्कन प्रधानाध्यापकले नै गर्नुपर्ने हुन्छ। तसर्थ विद्यालयको आर्थिक, भौतिक तथा अन्य बाह्य व्यवस्थापनमा विव्यसको जिम्मेवारी रहनु स्वाभाविक नै भए तापनि शिक्षक र विद्यार्थीसँग सम्बन्धित सम्पूर्ण प्रक्रियाको लागि शिक्षा ऐन तथा नियमावलीमा नै व्यवस्था गरी विद्यालयको प्रधानाध्यापकलाई जिम्मेवार र अधिकारसम्पन्न बनाइनुपर्छ। साथै, दैनिक प्रशासकीय र व्यवस्थापकीय कार्यमा विद्यालय व्यवस्थापन समितिले हस्तक्षेप नगर्ने र प्रधानाध्यापकले विद्यालयको हित विपरित काम गरेमा मात्र व्यवस्थापन समितिले हस्तक्षेप गर्ने गरी सोहीअनुसार अधिकारक्षेत्र र जिम्मेवारीको स्पष्ट व्यवस्था हुनु आवश्यक छ।

●●●

**बैंक, फाइनान्स लगायतका वित्तीय संस्थाका सञ्चालक समितिले आफ्नो जिम्मेवारी पूरा नगरी निक्षेपकर्ताको निक्षेप डुब्ने अवस्था सिर्जना भएमा राष्ट्र बैंकले तुरुन्तै हस्तक्षेप गर्छ। तर यहाँ त लाखौं विद्यार्थीको भविष्य डुब्ने स्थिति सिर्जना हुँदा समेत जिम्मेवारी लिने कोही देखिएको छैन।**

# **बहस** शिक्षा र शिक्षकका समस्या

**शिक्षकको लागि दण्ड र पुरस्कारको प्रभावकारी कार्यान्वयन**

*"स्थायी शिक्षकमा जागिरको 'ओभर ग्यारेन्टी' छ। जतिसुकै गैरजिम्मेवार काम गरे पनि शिक्षकलाई हटाउने ताकत कसैसँग छैन।" (शिक्षक मासिक, २०६८ भदौ)*

यो भनाइ कुनै निरीह अभिभावकको होइन। 'गलेगोरु' शिक्षकबाट आजित कुनै प्रधानाध्यापकको पनि होइन। कुनै पत्रकार वा टिप्पणीकारको त झनै होइन। विद्यालय शिक्षालाई नियमन, अनुगमन र नियन्त्रण गर्नको लागि व्यवस्था गरिएको केन्द्रीय सरकारी निकाय; शिक्षा विभागका बहालवाला महानिर्देशकको हो। आफ्नो जिम्मेवारी पूरा नगर्ने शिक्षकलाई विभागीय कारबाही गर्न सक्ने कुनै निकाय वा संयन्त्र नै हाम्रो शिक्षा परिपाटीभित्र छैन भन्ने कुरा महानिर्देशकको यो कथनबाट सहजै बुझ्न सकिन्छ।

तर एउटा यथार्थ के छ भने, सार्वजनिक शिक्षा परिपाटीभित्र 'गलेगोरु'हरूको बाहुल्य नै भएको चाहिँ होइन, बोलवाला भएको मात्र हो। तालिमप्राप्त, योग्य, अनुभवी, अध्ययनशील, ऊर्जाशील, 'उम्दा र गतिला' शिक्षकहरू सामुदायिक विद्यालयमा प्रशस्त छन्। 'गलेगोरु'हरूको पुच्छर निमोठेर हिँडाउन नसकिएको अवस्था, जसरी पनि खेती लगाउनुपर्ने बाध्यता र अर्को गोरु खोजेर ल्याउन पनि नसक्ने निरीहताको बीचमा बिचरा किसानसँग एउटा मात्र विकल्प बाँकी रहन्छ- उम्दा गोरुहरूलाई रथे लगाउने। (हलगोरुमध्ये एउटा कमजोर र अर्को बलियो भएमा कमजोरलाई कम भार र बलियोलाई बढी भार पर्ने गरी जुवामा नार्ने कार्यलाई 'रथे लगाउनु' भनिन्छ।) 'कमजोर'लाई सहयोग गर्न बलियोलाई रथे लगाइनु केही हदसम्म न्यायसङ्गत नै मान्न सकिए तापनि हामीकहाँ 'कामचोर'लाई उन्मुक्ति दिनका लागि इमानदार र कर्तव्यनिष्ठ शिक्षकलाई रथे लगाइन्छ।

इमानदारीसाथ पढाउने योग्य शिक्षकलाई विद्यालयले पनि कतै पठाउन चाहँदैन। कर्तव्यनिष्ठ शिक्षकले तालिम, गोष्ठी, सेमिनार, अध्ययन भ्रमण आदिमा सहभागी हुने मौका विरलै पाउँछन्। भनिन्छ- "फलानो शिक्षकलाई कतै पठायो भने त विद्यार्थीको पढाइ चौपट भइहाल्छ नि!" फलतः उही 'गलेगोरु'हरूकै नाम अगाडि आउँछ। उसैले बाहिरी जनसम्पर्क बढाउने मौका पाउँछ। उसैले अतिरिक्त अनुभव बटुल्ने मौका पाउँछ। यो सबै टुलुटुलु हेरेर बस्न बाध्य इमानदार र कर्तव्यनिष्ठ शिक्षकले पनि आफ्नो बाटो बदल्नुपर्ने आवश्यकता देख्छ। ऊ पनि विस्तारै 'गलेगोरु' बन्ने प्रयास गर्छ। यसरी दिनप्रतिदिन 'गलेगोरु'को सङ्ख्या बढ्दो क्रममा छ। त्यसमाथि, महानिर्देशकको अभिव्यक्ति पनि उनै 'गलेगोरु'हरूकै मनोबल बढाउने खालको आएको छ।

सार्वजनिक शिक्षा परिपाटीमा 'गलेगोरु'रूपी कामचोर शिक्षक प्रमुख समस्या होइनन्। उनीहरूलाई जिम्मेवारीबोध गराउन नसक्ने शिक्षा-प्रशासन वा व्यवस्थापन चाहिँ ठूलो समस्या हो। कामको मूल्याङ्कन गरी प्रभावकारी दण्ड र पुरस्कार व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि प्रधानाध्यापकलाई प्रमुख भूमिका प्रदान गर्नुको विकल्प छैन। यदि प्रधानाध्यापक यसमा खरो उत्रन नसके वा प्रधानाध्यापक स्वेच्छाचारी भएमा निजलाई सचेत गराउनको लागि त्यसभन्दा माथिका विद्यालय व्यवस्थापन समिति, जिल्ला शिक्षा कार्यालय, क्षेत्रीय शिक्षा निर्देशनालय, शिक्षा विभाग लगायतका निकायहरूले नियन्त्रण गर्न सक्नुपर्छ।

*नवयुग मावि जैशिदेवल, काठमाडौं*

# कोभन्दा को कम छन् र !

■ **रामप्रसाद अर्याल**

शिक्षा क्षेत्र यति धेरै विकृति र विसङ्गतिको दलदलमा फँस्नुमा कुनै एउटा क्षेत्र, तह र तप्का मात्र दोषी छ भनेर हामी 'पानीमाथिको ओभानो' बन्न सक्दैनौं। यसको निम्ति गहन अध्ययन, अनुसन्धान र विश्लेषणको खाँचो छ। जसले तथ्यद्वारा सत्यलाई सार्वजनिक गरोस्। सुध्रने र सुधारिने अवसर पाओस्; शिक्षा क्षेत्रले। यही हाम्रो अपेक्षा हो।

अब हामी शिक्षा र शिक्षकका शत्रुहरू चिन्नेतर्फ लागौं-

### (क) निम्न तथ्य र सत्यले गर्दा म अभिभावक वर्गलाई दोषी देख्दछुः-

१. ती अभिभावकहरू दोषी हुन्; जसले बालकलाई स्कूल पठाएपछि आफ्नो उत्तरदायित्व पूरा भएको ठान्दछन्,
२. बालकको इच्छा अनुकूलको विषयभन्दा आफ्नो इच्छाको विषय लाद्ने,
३. आवश्यक शैक्षिक सामग्री उपलब्ध नगराउने,
४. घरायसी काममा बढी लगाउने, बालकले गृहकार्य गरे/नगरेको ख्याल नगर्ने
५. बालकको भावनाको कदर नगर्ने,
६. बालकको शारीरिक, मानसिक अवस्थालाई ख्याल नगर्ने,
७. शिक्षकप्रति गलत दृष्टिकोण राख्ने आदि।

अभिभावकसँग बालकको अधिकांश समय बित्ने हुनाले पनि अभिभावकहरू बालबालिकाको पढाइप्रति बढी गम्भीर हुनु जरुरी हुन्छ।

### (ख) शिक्षक आफैं

शिक्षण पेशामा ३३ वर्षको अनुभवका आधारमा म ढुक्कसँग भन्न सक्छु, निम्न कारणहरूले गर्दा शिक्षक आफैं पनि शिक्षा र शिक्षकको शत्रु बन्न पुगेको छ, शिक्षक र शिक्षा क्षेत्रलाई बदनाम गराएको छ।

क) उत्तरदायित्व वहन नगर्ने,
ख) विद्यालयमा अनुपस्थित हुने तर तलब खाने,
ग) शिक्षण पेशालाई गौण र अन्य पेशालाई प्रमुख (व्यापार, कृषि, राजनीति, उद्योग आदि) ठान्ने,
घ) आफ्नो पेशा र विषयप्रतिभन्दा राजनीतिक, सामाजिक, सांस्कृतिक कार्यमा बढी सक्रिय बन्ने,
ङ) आफ्नो विषय सम्बन्धी ज्ञानमा अद्यावधिक नहुने,
च) तालिममा सिकेका कुरा कक्षामा प्रयोग नगर्ने,
छ) ट्युसनमुखी बन्ने, कपी राम्ररी चेक नगर्ने,
ज) छात्राहरूसँग गलत सम्बन्ध कायम गर्न खोज्ने,
झ) राजनीतिक संरक्षण प्राप्त गर्ने,
ञ) बालमनोविज्ञानको वास्ता नगर्ने,

ट) प्रश्नपत्र आउट गर्ने, चिट चोराउने आदि।

शिक्षक एउटा आदर्शको पुञ्ज हो। जसको प्रकाशमा समाज आलोकित हुन्छ। तर निरन्तरको अस्थिरताका कारण देशको शिक्षा क्षेत्र सारै विकृत बन्न पुगेको छ। केही सेवामुखी भन्दा पनि मेवामुखी शिक्षकहरूका कारण समग्र शिक्षा क्षेत्रले बद्नाम सहनुपरेको छ। तर सधैंभरी यही स्थिति कहाँ रहला र? धेरै शिक्षकहरू असल, दक्ष र कर्तव्यबोधमा निमग्न हुँदाहुँदै पनि केही गलत कार्यमा लागेका पियक्कड, कर्तव्यच्यूत शिक्षकहरूले यस क्षेत्रलाई दुर्गन्धित पारिरहेका छन्। ती राजनीतिक दलहरूबाट संरक्षित र पुरस्कृत पनि छन्। यस्तालाई शिक्षा क्षेत्रको मित्र मान्न किमार्थ सकिंदैन।

### (ग) विद्यार्थी

राष्ट्रले शिक्षा क्षेत्रमा गरेको लगानी विद्यार्थीको भविष्यका निम्ति हो। पढेर जागिर नपाएका कारण यता आएर विद्यार्थी वर्गमा पढाइप्रति बेवास्ता गर्ने प्रवृत्तिको विकास भएको पाइन्छ। पढाइ ज्ञानको निम्ति हो। राम्रो र दक्ष बन्ने हो भने सम्भावनाका सबै ढोकाहरू खुल्ला हुन्छन् भन्ने कुरालाई ख्याल नगर्ने विद्यार्थीहरू पनि शिक्षा र शिक्षकका शत्रु हुन सक्छन्। निम्न कारणहरूले गर्दा म विद्यार्थी वर्गलाई यस क्षेत्रको शत्रु मान्दछु।

क) पढाइप्रति उदासीन हुने,
ख) परीक्षामुखी हुने, अनावश्यक कुरामा चासो राख्ने,
ग) ज्ञानको भन्दा मार्कसिटको मोह बढी गर्ने,
घ) राजनीतिप्रति बढी सक्रियता जनाउने,
ङ) अनुशासनप्रति बेवास्ता गर्ने,
च) छात्रहरूले बाला, माला, टिकी, टप, लामो कपाल राख्ने–रङ्गीन बनाउने; छात्राहरूले फेसन शो गर्ने, छोटो कपाल राख्ने, छोटो कपडा लगाउने,
छ) छिटो र छोटो उमेरमा विवाह गर्ने,
ज) विद्यालय नै नजाने, गए कक्षा हाप्ने,
झ) पढाइ बीचैमा छाड्ने
ञ) लगनशीलता र अध्ययनशीलतामा कमी, आदि।

### (घ) राजनीतिक दल

नेपालको शिक्षा क्षेत्र विकृतिको दलदलमा भासिनुमा राजनीतिक दलहरू पनि कम जिम्मेवार छैनन्। निम्न कारणहरूले गर्दा राजनीतिक दलहरू शिक्षा क्षेत्रका शत्रुहरू हुन्:

क) विद्यालयमाथि ठाडो हस्तक्षेप गर्ने,
ख) शिक्षकलाई पार्टीको झोला बोकाउने,
ग) शिक्षकलाई पार्टीको सदस्यता दिलाउने,
घ) व्यवस्थापन समितिको गठन र शिक्षकको नियुक्तिमा राजनीतिकरण गर्ने,
ङ) विद्यालयलाई कार्यकर्ता भर्तीकेन्द्र मान्नु,
च) चुनावमा शिक्षक तथा विद्यार्थीलाई आफ्नो पक्षमा खटाउनु, खट्न नमानेमा स्कूलबाटै हटाउनु,
छ) विद्यालयलाई शान्ति क्षेत्र बन्न नदिनु,
ज) समयमै वि.व्य.स.को गठन र शिक्षक नियुक्ति हुन नदिनु,
झ) शिक्षामन्त्री नै राहत कोटा, अनुदानमा (घूस प्रकरणमा) मुछिनु,
ञ) गृह मन्त्रालय, अर्थ मन्त्रालय रोजाइको विषय बन्नु तर शिक्षा मन्त्रालय नबन्नु आदि।

विद्यालय जस्तो पवित्र शैक्षिक संस्थामा राजनीतिक हस्तक्षेप अशोभनीय कुरा हो। विद्यालय सञ्चालन गर्नको लागि सबै दल र पक्षको उत्तिकै साथ चाहिन्छ। भौतिक पूर्वाधार खडा गर्न, शैक्षिक गुणस्तरमा सुधार ल्याउन र शैक्षिक वातावरण सिर्जना गर्न एउटा पक्षको मात्र पनि असहयोग रहन गयो भने विद्यालय सुचारु हुन कठिन हुन्छ। त्यसैले विद्यालयमा राजनीतिक हस्तक्षेप जहाँ-जहाँ जुन-जुन क्षेत्रमा भएका छन्, ती रोकिनु आवश्यक छ।

### (ङ) व्यवस्थापन समितिका पदाधिकारी

विद्यालयको सञ्चालनमा विद्यालय व्यवस्थापन समितिको सर्वाधिक भूमिका हुन्छ। घर, टोल, छिमेक र आफ्नो भेगमा शैक्षिक वातावरण निर्माण गर्न, विद्यालयप्रति सकारात्मक सोचको विकास, प्रचार-प्रसार गर्न वि.व्य.स.का पदाधिकारीहरू निरन्तर लागिरहनुपर्ने हुन्छ। तर, देशको वर्तमान परिस्थितिको दुष्परिणाम स्वरुप हरेक व्यक्तिमा नकारात्मक सोचको विकास भएको छ। त्यस रोगको सिकार वि.व्य.स.का पदाधिकारीहरू पनि भएका छन्। त्यसकारण उनीहरू पनि शिक्षा र शिक्षकका शत्रु बन्न पुगेका छन्। जसलाई बुँदागत प्रस्तुत गर्न सकिन्छ:

१. शैक्षिक पृष्ठभूमिमा कमजोर हुनु
२. व्यवस्थापकीय ज्ञानको कमी
३. विभेदकारी दृष्टिकोण
४. जातिगत, भाषागत, संस्कृतिगत लैङ्गिक विभेद गर्नु
५. नातावाद, कृपावादलाई प्रश्रय दिनु
६. दूरदृष्टिको कमी
७. आफ्नो लवीको भए अयोग्य पनि योग्य र अन्य भए योग्यलाई पनि अयोग्य ठान्नु
८. जिम्मेवारीबोध गर्ने क्षमता नहुनु
९. पद लिने तर कार्यसम्पादन नगर्ने, आदि।

### रहलपहल विकृति

१. विद्यार्थी र शिक्षकबीच सुमधुर सम्बन्ध नहुनु,
२. शैक्षिक योग्यता प्राप्त गरिसकेपछि पनि रोजगारी नपाउनु,
३. एक-अर्कालाई दोषारोपण गरेर आफू उम्किन खोज्नु,
४. शिक्षा आयोग निष्क्रिय हुनु, विज्ञापन नखोलिनु,
५. शिक्षकहरूको स्थायी नियुक्ति हुन नसक्नु,
६. अस्थायी भएका कारण जीर्ण भएका विकृतिहरू रहिरहनु,
७. दण्डरहित, भयरहित शिक्षा नारामा मात्र सीमित हुनु,
८. विद्यार्थी सङ्ख्याको आधारमा दरबन्दी नहुनु,
९. बालमैत्री, युवामैत्री विद्यालय बन्न नसक्नु, आदि।

शैक्षिक क्षेत्रका विकृतिले देश र समाजलाई अधोगतितिर लगिरहेका छन्। देशलाई अग्रगमनतर्फ लैजान यस्ता विकृतिहरू हटाउनै पर्छ।

*दिव्यज्योति उमावि, कसेनी सराई फूलबारी, पाल्पा*

तेस्रो पक्ष

# एक पिताको पत्र शिक्षकलाई



**नन्दलाल आचार्य**



**श्रीमान् शिक्षकज्यू,**

त्यहाँ मेरी छोरी गरिमा पनि पढ्छे। ऊ नियमित स्कूल जान्छे। कक्षाकार्य गर्छे। गृहकार्य ल्याउँछे। फेरि त्यसै गर्छे, जसो स्कूलमा गर्छे। शिक्षकले गर्न लगाएअनुसार खुरुखुरु गर्छे। ऊ सानै छे। उसको दिमाख खाली छ। ऊ जे सुन्छे, जे देख्छे, जे भोग्छे, त्यो दुरुस्त टिप्छे। एकएक विवरण सुरक्षित राख्छे। मौकामा प्रयोगमा ल्याउँछे।

आज छोरी मजस्तै बन्ली कि भन्ने म चिन्तामा छु। मैलेझैँ उसले पनि वर्तमान नभोगिकनै बिताउनु पर्ला कि भन्ने भयमा फँसेको छु। त्यसैले यो चिठी लेख्दैछु।

महोदय, समाजले जे भन्छ, त्यही मात्र मेरी छोरीले पढ्नु छैन। समाज त भन्छ, 'पाठ्यक्रम दिएको छ, पाठ्यपुस्तक थमाएको छ, शिक्षकलाई तालिम दिएको छ, शिक्षक त्यसै अनुरूप पढाउँदैछन्।' तर के तोकिएको-तौलिएको शिक्षाले जीवन छिचोल्न सक्छ ? उचालेको कुकुरले मृग मार्न सक्छ ? सीमित ज्ञानले जीवनको अथाह गहिराइ पत्ता लगाउन सक्छ ? असम्भव।

भो, मेरी छोरीलाई अतीत नघोकाउनुस्। 'हिजो' पढ्न थाल्दा मैले 'आज'लाई नै भुलेँ र मेरो 'भोलि' अन्धकार भयो। 'आज'लाई पढ्न पाएको भए म 'भोलि' आफैँ बनाउँथेँ। 'हिजो'मा भुल्दा मेरा दुवै युग भताभुङ्ग र लथालिङ्ग भए। त्यसैले मेरी छोरीलाई वर्तमान पढाउनुस्। भविष्यको त्यसलाई चिन्ता हुने छैन। वर्तमान पढेका मान्छेले अतीत पनि बुझ्छन्। भविष्य पनि खोतल्छन्। तर, वर्तमान पढ्नबाट वञ्चितहरू सबैतिरबाट ठगिन्छन्। जसरी म ठगिएको छु, त्यसरी उसले ठगिन नपरोस्।

महोदय, मेरी छोरीलाई श्रद्धा गर्न नसिकाउनुस्। मेरी छोरीलाई सम्मान गर्न नलगाउनुस्। मेरी छोरीमाथि कुरा नथोपर्नुस्। मैले श्रद्धा गर्न सिकेँ। सम्मान गर्न सिकेँ। ममाथि कुरा थोपरिए। म अहिलेसम्म थिचिइरहेको छु, निस्सासिइरहेको छु। न म आफू श्रद्धेय बनेँ न सम्माननीय नै हुन सकेँ। म फगत अरूको इसारा र निर्देशनमा लुरुलुरु हिँड्ने र काम गर्ने रिमोटबाट सञ्चालित एक मेसिनतुल्य बनेँ। मैले छोरीलाई मजस्तो बनाउनु छैन। सक्नुहुन्छ भने मेरी छोरीलाई श्रद्धा गर्नुस्, सम्मान गर्नुस्। उसलाई विवेक प्रयोग गर्न दिनुस्। उसमा विचार पैदा हुन दिनुस्। विद्रोह गर्छे भने विद्रोह गर्न दिनुस्। विद्रोह दबाउन बलको प्रयोग नगर्नुस्। विद्रोहमा नवीन चिन्तन छ कि छैन ? विद्रोह ऊर्जाशील छ कि छैन ? मात्र त्यसको निरीक्षण गर्नुस्। विद्रोहका कारक तत्व पत्ता लगाउनुस्। समाधानका विकल्पहरू पारदर्शी ढङ्गले ओछ्याइदिनुस्। समाधान ऊ आफैँ खोज्छे।

मेरी छोरीले प्रतिस्पर्धामा कसैलाई उछिन्नुपरेको छैन। कसैलाई पछि पारेर आफू अघि बढ्ने शिक्षा बिल्कुलै नदिनुस्। प्रतिस्पर्धाको शिक्षा, प्रतियोगितात्मक शिक्षाप्रति मेरो मनमा वितृष्णा छ। प्रतिस्पर्धामा लागेर मैले आफूलाई हराएको र आफूलाई अलोकप्रिय बनाएको तीतो अनुभव आज पनि मसँग नै छ। मेरी छोरीले कक्षाका पैँतीस जनामध्ये प्रथम भई बाँकी चौतीस जनालाई पछि पारेर खुसी हुनुपरेको छैन। चौतीस जनाको मन कुल्चेर खुसी हुने शिक्षा चाहिएको छैन। मलाई प्रथम हुन आमाबुवा हर्दम करकर गर्नुहुन्थ्यो। सहज ढङ्गले मैले त्यो स्थान हासिल गर्न सकिनँ। बाङ्गोटिङ्गो बाटो अपनाएरै भए पनि त्यो स्थान हासिल गर्न पाए त आमाबुबाको ओठमा

**(विराटनगरकी छात्रा सुस्मिता आचार्यले पाएको शारीरिक र मानसिक यातना सम्बन्धी समाचार नै यस लेख जन्मनुको तात्कालिक कारण हो। यो समाजले जे गर्न खटायो, ती शिक्षकले त्यही गरिन्। विवेकको उपयोग हैन, आदेशको पालना गरिन्। त्यसैले त दार्शनिक ओशो भन्छन्, 'समाज मालिक हो, शिक्षक गुलाम हुन्।' यो लेख पनि उनै दार्शनिकको शैक्षिक चिन्तनबाट धेरथोर प्रभावित छ। यसबाहेक अब्राहम लिङ्कनको प्रधानाध्यापकलाई पत्रबाट समेत केही हदमा प्रभावित हुनसक्छ। जस-जसबाट प्रभाव ग्रहण गरेँ उनीहरूप्रति श्रद्धा !**

**अन्त्यमा, छात्रा सुस्मिता आचार्य जस्ता विद्यार्थीहरूमा नवीन वैचारिक विद्रोह जन्मने क्रम नरोकियोस्, यत्तिखेर भने उनको स्वास्थ्यलाभको कामना गर्छु ! -नलाआ)**

मुस्कुराहट ल्याउन सकिन्थ्यो, शिक्षक वर्गबाट प्रशंसा बटुल्न सकिन्थ्यो भन्ने लाग्थ्यो। मैले त्यही बाटो पक्रिएँ। फलस्वरूप मैले आफूलाई बेचेँ। क्षणिक मुस्कुराहट पनि ल्याउन सकेँ। तर त्यो मुस्कुराहटको हत्या हुन धेरै काल पर्खनु परेन। मैले नै उहाँहरूको मुस्कुराहटको गला दबाएँ। फलस्वरूप उहाँहरू खिन्न हुनुभयो। कुपुत्रै जन्माएछौँ भनिरहनुभएको छ। मचाहिँ छोरीलाई कुपुत्री बनाउन चाहन्नँ। म छोरीलाई सुपुत्री बनाउन चाहन्छु।

मेरी छोरीले कसैको प्रशंसाको भजन गाउनुपरेको छैन। स्तुति र प्रशंसा गरेर अनि प्रतिस्पर्धामा लडेर प्राप्त गरेको विजयको मालालाई स्वीकार्ने पक्षमा म छैन। प्रेमलाई दबाएर, माया र सहानुभूतिको घाँटी दबाएर प्राप्त गर्ने प्रमाणपत्रमा मेरो आपत्ति छ। प्रतिस्पर्धा गर्न सिकाउनुभयो, अरू जस्तै बन्न लगाउनुभयो भने मेरी छोरीले भन्न थाल्नेछे- 'सबै म नै हुँ। हर कुरा नै म हुँ।' तर, म चाहन्छु- मेरी छोरीले भनोस्, 'हामी नै सबै हौँ, सबै नै हामी हौँ।' यसो भन्ने अवस्था दिलाउन उसलाई प्रेम दिनुपर्छ, चैतन्य जगाउनुपर्छ, बाटो देखाउनुपर्छ। आफ्नै भाका र सुरमा हिँड्न दिनुपर्छ। अघि पुग्न दौडाउनु पनि छैन। पछि पर्छे कि भनेर ठेल्नु पनि छैन। उसको लयवद्धतालाई स्खलन गर्नुपरेको छैन।

महोदय, समाज स्वार्थी छ। समाज भौतिक उपार्जन चाहन्छ। समाज थोरैलाई काखा र धेरैलाई पाखा पार्न चाहन्छ। त्यही समाजले तपाईंहरूलाई हतियार बनाएको छ। समाज 'सबैलाई बचाउन सिकाउनुस्' भन्दैन, 'आफैँ बच्न सिकाउनुस्' भन्छ। शोषणको हतियार बनेर तपाईंहरू मेरी छोरीलाई शोषक बन्ने पाठ नसिकाउनुस्। बरू सक्नुहुन्छ भने हतियार बन्नबाट मुक्त हुनुस्। स्वार्थको भकारी भर्ने कामदार हुनबाट पाखै बस्नुस्। समाज जे भन्छ, त्यसका पछिपछि हिँड्ने अन्धो पथिक बन्दै नबन्नुस्। पहिले आफ्ना आँखा खोल्नुस् अनि मात्र अरूका आँखा खुल्ने कुरा बताउनुस्। पहिले आफूले आफैँलाई चिन्नुस् अनि अरूलाई चिनेको आभास दिलाउनुस्। आफ्नो विवेक र विचार बाँड्नुस्, तर विवेक र विचार लाद्ने गल्ती बन्दै नगर्नुस्। र, अन्त्यमा भनिदिनुस्- 'मैले बाँडेका विचारमाथि विचार गर। ती विचारले समेत नपुगे पुनर्विचार गर। फेरि, आफ्नो विवेकले त्यसलाई मस्काऊ। कुनै विचार काम लाग्ने देख्यौ भने ती विचार मेरा होइनन्, आफ्नै ठान। विवेकसम्मत कुराका पछि लाग। आफ्नो विवेकको मालिक आफैँ बन। कसैको विचारका पछि लाग्नुपरेको छैन। आफ्ना विचारलाई चट्टै त्याग्नु पनि परेको छैन। विचार जन्माउनमा तिमी पूरै स्वतन्त्र छ्यौ। विचार लागू गर्नमा तिमी पूरै अधिकारसम्पन्न छ्यौ।'

महोदय, मेरी छोरीमा अहङ्कार जन्मनुहुन्न, प्रेम रसाउनुपर्छ। अहङ्कारपूर्ण शिक्षाको सट्टा प्रेमपूर्ण शिक्षा दिनलाई तपाईं प्रेमी बन्नुपर्छ। प्रेमीले नै प्रेम पाउन सक्छ। प्रेम दिन सक्छ। प्रेमले संसार उज्यालो देख्छ। अहङ्कार भित्र्याउने शिक्षा प्राप्त गर्नुभन्दा प्रेम पैदा गर्ने अशिक्षा नै मेरी छोरीले पाउनु बेस हुन्छ। मैले जुन शिक्षा पाएँ त्यो खरो अनुशासनमा आधारित थियो। त्यो वस्तुनिष्ठ थियो। त्यो मेसिनरी थियो। त्यसै कारणले आज ममा अहङ्कार जन्मिएको छ। चरम असन्तोष पैदा भएको छ। मभित्रको अहङ्कारले भनिरहेको छ, 'म यत्ति धेरै पढेको मान्छे, अब हलो जोत्न सक्दिनँ। अब घाँस काट्न सक्दिनँ। अब पशुसेवा गरेर दुई पैसा आर्जनमा चित्त बुझाउन सक्दिनँ। सानोतिनो नोकरीमा चित्त बुझाउन सक्दिनँ। अब मैले त ठूलो पदवाला नोकरी पाउनुपर्छ। पशुको नोकर हैन, जनताको पनि होइन अब म सरकारको नोकर हुनुपर्छ।'

अहँ, महोदय, मेरी छोरीले मसँग भएजस्तो अहङ्कार ग्रहण गर्नुहुन्न। उसले त हाकिमलाई पिउन पनि देख्न सक्ने हुनुपर्छ। पिउनलाई हाकिमको दर्जामा राख्न सक्ने पनि हुनुपर्छ। समयअनुसार उसले कुलपति पनि बन्नुपर्छ र परिस्थितिले डोहोऱ्याएअनुसार ज्यामी-मजदुर पनि हुन रुचाउनुपर्छ। उसको आँखाले पद र प्रतिष्ठा कर्ममा देख्न सक्नुपर्छ। उसको भोक र सुर्ता औंलो ठड्याएर वा अरूलाई कज्याएर तलब भत्ता पचाउनेमा हैन, जुनसुकै भए पनि काम पाउँदिनँ कि भन्नेमा हुनुपर्छ।

महोदय, मेरी छोरीले अनुशासन सिक्नु छैन। अनुशासनको पुजारी बन्दा मैले जुन तीतो यथार्थ भोगेँ, त्यो उसलाई भोगाउनु छैन। मेरो यथार्थ थियो- मैले मनका कुरा भनेँ भने, चाहेका कुरा व्यक्त गरेँ भने, अनुशासन भङ्ग होला कि ! सजायको कठघरामा उभिएर स्पष्टीकरणको लामो बयान दिनुपर्ला कि ! नालायक पात्र बनेर सबैको दृष्टिबाट गिरुँला कि ! यस्तै त्रासमा म बाँचेँ। मैले मन खोलेर कुनै शिक्षकनजिक ओछ्याउन पाइनँ। मनका जिज्ञासाहरू मनभित्रै कुहाएर, सडाएर रहनुपऱ्यो। नमीठो अनुभवको सिकार भइरहनुपऱ्यो। भय र त्रासले तर्सिरहनुपऱ्यो। उसले यस्तो नियति भोग्न नपरोस्। उसले मन खोल्ने मौका पाओस्। उसले ठीक-बेठीक भन्न पाओस्। उसले चेतना उघार्न पाओस्। उसले उज्यालो खोज्न र भोग्न पाओस्।

मेरी छोरी मझैं मेसिन हैन मान्छे बन्नुपर्छ। उसले दृष्टि र श्रवणयुक्त मनुष्य बन्न पाउनुपर्छ। उसले स्रष्टा र द्रष्टा दुवै हुन पाउनुपर्छ। ऊ घोकन्ते र अनुयायी हैन, विवेकी र चैतन्ययुक्त हुनुपर्छ। उसले जडबुद्धियुक्त हुनु छैन। ऊ आफ्नो जीवनप्रति सन्तुष्ट हुनुपर्छ। ऊ प्रेमले खारिएकी हुनुपर्छ। उसले जीवनको अपार आनन्द भोग गर्न पाउनुपर्छ। उसले भय र त्रास, ईर्ष्या र आडम्बर, अन्धविश्वास र पाखण्डको भेउ छिचोल्नुपर्छ। ऊ जे जान्दछे, जे बुझ्दछे, त्यो उसको विवेक र विचार अनुरूप

## तेस्रो पक्ष

**मैले जुन शिक्षा पाएँ त्यो खरो अनुशासनमा आधारित, वस्तुनिष्ठ र मेसिनरी थियो। त्यसै कारणले आज मभित्रको अहङ्कारले भनिरहेको छ, 'म यत्ति धेरै पढेको मान्छे, अब हलो जोत्न, घाँस काट्न र पशुसेवा गरेर दुई पैसा आर्जनमा चित्त बुझाउन सक्दिनँ। सानोतिनो नोकरीमा चित्त बुझाउन सक्दिनँ। अब मैले त ठूलो पदवाला नोकरी पाउनुपर्छ। पशुको नोकर हैन, जनताको पनि होइन अब म सरकारको नोकर हुनुपर्छ।'**

●●●

हुनुपर्दछ। ऊ अरूले खनेको पथमार्गी बन्दै बन्नु हुन्न। ऊसँग आफू हिँड्ने बाटो आफैँले खन्ने सामर्थ्य हुनुपर्छ। मजस्तो अरूले खनेको बाटोमा लुरुलुरु हिँड्ने आज्ञाकारी अनुचर मेरी छोरीले हुनु छैन।

महोदय, उसको मन खाली हुनु हुन्न। ऊ खाली मन लिएर घर फर्कनु हुन्न। खाली मन शैतानको घर हुन्छ। दिनदिनै उसको मन भरिँदै जानुपर्छ। सिकेका कुरामध्ये चाहिए जति स्मरणमा भण्डारण गर्छे र नयाँ कुराका लागि ठाउँ खाली गर्न सक्छे। त्यो खाली पूर्ति गर्ने जिम्मा तपाईंको हो। कृपया, झुटो आश्वासन र असम्भव कुराले भर्दिने भुल कदापि नगर्नुहोला। म उसलाई नयाँ मान्छे बनाउन चाहन्छु। मेरो चाहनामा कुठाराघात नहोस्। उसले भुल्नु हुन्न, उसले चुक्नु हुन्न। ऊ हर्दम होससहितकी जोसिली बन्नुपर्छ। उसले होसलाई नै धर्म र बेहोसीलाई नै पाप ठान्नुपर्छ। समय आउँदा हँसिमजाकले संसार हँसाउन र परिस्थितिले डाक्दा धीर र शालीनले खारिएको दुवै व्यक्तित्व देखाउन समेत सक्नुपर्छ। ऊ हाँसोमा रोदनको सतर्कता र रोदनमा आनन्दको उत्कट आभास पहिल्याउने हुनुपर्छ। मेरी छोरीले महत्त्वाकाङ्क्षाको महल ठड्याउनु छैन। मेरी छोरीले निस्सारको पाठ घोक्नु छैन। मेरी छोरीले जीवनबोधको अध्याय पढ्नुपर्छ। जीवनका पत्र, पत्र उल्टाउनुपर्छ।

महोदय, पहिले विद्यार्थी नम्र थिए, शिक्षक खरा थिए। कठोर मनले कठोर शिक्षा दिन्थे। त्यसैले कठोर जनशक्ति जन्मियो। प्रेम र सहानुभूति पाखा लाग्यो। क्रुद्ध कुरा क्रुद्ध पाराले पढाइयो, सिकाइयो। शिक्षाको अभीष्ट त्यही क्रोधको पकडमा फँस्यो। त्यसैले राजनीति स्वार्थीहरूको, अरू क्षेत्र असफलहरूको फस्टाउँदो खेती ठहरियो। आज अभीष्ट उल्टिएको छ। नम्र बन्ने पालो शिक्षकको आएको छ। अनुशासित र मर्यादित बन्ने पालो शिक्षकको आएको छ। विनम्रतामा रहेर, अनुशासित भएर, मर्यादित ठहरिएर शिक्षा दिनु तपाईंको कर्तव्य भएको छ। विद्यार्थीले तपाईंबाट विनम्रता, अनुशासन र मर्यादा अनुकरण गर्ने मौका पाउनुपर्छ। आजको शिक्षाले मेरी छोरीलाई जीवनमुक्तिको आनन्द दिनुपर्छ। त्यसैले त महोदय, अतीतबाट पाठ सिक्नुस्। तपाईंलाई अतीतले जन्मायो, मलाई अतीतले हुर्कायो। तर, यी आजका नयाँ मान्छेलाई वर्तमानले जन्माएको छ। वर्तमानले नै हुर्काउनुपर्छ। नयाँ मान्छेको जीवन फूल बन्नुपर्छ, त्यसमा सुवास हुनुपर्छ र सौन्दर्य रहनुपर्छ।

महोदय, यस युगले गहन जिम्मेवारी तपाईंको काँधमा सुम्पेको छ। पुरातनवादी सोचले जरा गाडेको यो समाजले सजिलै घुँडा टेक्दैन। विना विद्रोह परिवर्तन सम्भव छैन। यो समाजको सोचविरुद्ध विद्रोह गर्नुस्। राम्रो अङ्कयुक्त प्रमाणपत्र प्राप्त गर्ने अन्तिम अभीष्टलाई धरासायी पार्नुस्। विवेकी र विचारवान जनशक्ति जन्माउने अठोट लिनुभयो भने तपाईं सफल बन्नुहुन्छ। तपाईं सफल हुनु भनेको मेरी छोरी सफल हुनु हो। सफल मान्छेले नै सफलता दिलाउन सक्छ। असफल मान्छेले त केवल अराजकताको माला पहिल्याउन सक्छ। सफल मान्छेलाई सबै थरीको मार्ग बोध हुन्छ। तपाईंको स्थिर भविष्य हुनु भनेको मेरी छोरीको समुन्नत भविष्यको आधारशिला खडा हुनु हो। अत: महोदय, तपाईंभित्र दीप बलेको छ वा छैन, हेर्नुस्। छ भने ठीक छ। हैन, छैन भने जानुस् पहिले आफूभित्रै दीप बाल्नुस् अनि मात्र मेरी छोरी जस्ता कहाँ पुग्नुस्।

धन्यवाद !

*प्र.अ., लिटिल फ्लावर मा.वि., राजविराज-९, सप्तरी*


**लोकतन्त्रको विकासका लागि शान्ति अनिवार्य शर्त हो।**
**त्यसैले राष्ट्रिय शान्ति कायम गर्न सबैले यथोचित योगदान दिऔं।**

**नेपाल सरकार**
**सूचना तथा सञ्चार मन्त्रालय**
**सूचना विभाग**



## प्राथमिक तहमा चेस अनिवार्य !

बुल्गेरियाको राजधानी सोफियाको मध्यभागमा रहेको युरोस्ट्याण्डर्ड हाईस्कूल बुद्धिचाल (चेस) लाई पाठ्यक्रममा समावेश गर्ने युरोपकै पहिलो स्कूल बनेको छ। युरोपियन चेस युनियनको सहकार्यमा शुरु भएको यो विषय शारीरिक शिक्षाको निम्ति छुट्याइएको हप्ताको तीन घण्टामध्ये एकघण्टा पढाइने छ।

युरोपियन चेस युनियनका बोयको रिस्तोभका विचारमा बुद्धिचाल सामान्य खेल (game) मात्र हैन, एउटा स्तरीय खेलकुद (sport) हो। "शारीरिक बल चाहिने खेलकुदबाट मांसपेसीहरूको विकास हुन्छ भने चेसबाट मस्तिष्कको विकास हुन्छ। यसको अभ्यासबाट मस्तिष्कको क्षमता बढाउन सकिन्छ भन्ने अनुसन्धानहरूले प्रमाणित गरेको कुरा हो", उनी बताउँछन्।

युरोपियन चेस युनियन चेसबाट मस्तिष्कको राम्रो व्यायाम हुन्छ र युवाहरूमा योजनात्मक सोचाइ, तर्कशीलता र ध्यान दिने क्षमता बढ्छ भन्ने कुरामा विश्वास गर्छ।

त्यसो त युरोस्ट्याण्डर्ड (हाईस्कूल) त्यहाँका सुविधासम्पन्न र सम्भ्रान्त परिवारका बालबालिका पढ्ने स्कूल हो। त्यहाँका उत्पादन ब्याङ्किङ, फाइनान्स जस्ता आकर्षक विषयतिर लाग्छन्। तर यसको एउटा सकारात्मक पक्ष छ, नामी र सम्पन्न व्यक्तिहरूकै सिको अरूले चाँडै गर्छन् र युरोस्ट्याण्डर्ड हाईस्कूलको सिको

**युरोपियन चेस युनियन चेसबाट मस्तिष्कको राम्रो व्यायाम हुन्छ र युवाहरूमा योजनात्मक सोचाइ, तर्कशीलता र ध्यान दिने क्षमता बढ्छ भन्ने कुरामा विश्वास गर्छ।**

●●●

गर्न पनि चाँडै नै थाल्ने छन्।

बुल्गेरियाको राष्ट्रिय ओलम्पिक कमिटीले चेसलाई ओलम्पिकमा सामेल गर्नुपर्छ भनेर पैरवी गर्नु र त्यहींबाट चेसको पढाइ शुरु हुनु, संयोग मात्र होइन, उनीहरूको बुद्धिचालप्रतिको चाख र विश्वास पनि हो।

कृष्णसागर (ब्ल्याक सी) को पश्चिमतटको बुल्गेरिया लगत्तै त्यसभन्दा पूर्वतिर, क्यास्पियन सीको पश्चिमतटको राष्ट्र अरमेनियाले चेसलाई प्राथमिक कक्षामा अनिवार्य गराएको छ। पछि शुरु गरे पनि अरमेनियाले बुल्गेरियालाई उछिनेको छ- यसलाई राष्ट्रव्यापी गराएर। अरमेनिया चेसको खेलमा नामी छ, तर त्यहाँका अधिकारीहरूका अनुसार स्कूलहरूमा चेस शुरु गरेको च्याम्पियन उत्पादन गर्न भन्दा पनि, विद्यार्थीहरूको चरित्र निर्माण गर्न हो।

करिब ३२ लाख जनसङ्ख्या भएको अरमेनियाले चेसको पाठ्यक्रम र पाठ्यपुस्तक विकास गर्न तथा शिक्षकहरूको तालिम र समान खरीदका लागि यो वर्ष ५ लाख डलर (करिब रु.४ करोड) छुट्याएको छ र त्यसको दोब्बर रकम चेस कक्षाहरूका लागि फर्निचर खरीदमा खर्च गरिनेछ।

## गृहकार्य खारेज

यसै अमेरिका, अमेरिकाको न्यूयोर्क; न्यूयोर्कको म्यानहटन- एक किसिमले संसारको शक्ति र सम्पत्तिको केन्द्र। त्यहाँका पनि पुगिसरी आएका मान्छेका सन्तान पढ्ने ट्रिनिटी स्कूलले विद्यार्थीलाई गृहकार्य (होमवर्क) सकेसम्म दिँदै नदिने नीति बनाएको छ। त्यहाँ दुईजना छोराछोरी पढाउने एकजना अभिभावकले भने, "धेरै होमवर्क गर्दैमा मान्छे सफल हुन्छ भन्ने कुराको कुनै प्रमाण छैन" उनले थपे, "भए पनि सफलता मात्र ठूलो कुरा होइन। मानिस सृजनशील र जिज्ञासु पनि हुनुपर्छ।"

हुन त सबै अभिभावक त्यसरी नै दङ्ग त छैनन्। एउटी आमाले "होमवर्कले के बिगारेको थियो र?" भनिन्। तर पनि स्कूल भन्छ, "हाम्रा विद्यार्थी यसै मेधावी छन्। यिनलाई थप बोझ दिनुहुँदैन।"

## जाँच ऐच्छिक !

अमेरिकाको फ्लोरिडा राज्यको मियामी डाडे (स्कूल डिष्ट्रिक) इलाकाका स्कूलहरूले त्रैमासिक, अर्धवार्षिक र वार्षिक परीक्षाहरूलाई ऐच्छिक बनाएका छन्। अर्थात्, मन लाग्ने विद्यार्थीले मात्र जाँच दिए हुन्छ, मन नलागे दिनुपर्दैन। त्यहाँका अधिकारीहरूको भनाइमा "विद्यार्थीहरूमा जाँचको अनावश्यक बोझ नपरोस् भनेर" यो नियम लगाइएको हो। त्यहाँका कक्षा ६ देखि १२ सम्मका विद्यार्थीहरूले अब अनेकथरी जाँचको 'लफडा'मा पर्नुपर्ने छैन। "विद्यार्थीले परीक्षाको डरबाट मुक्त भएर पढ्न पाए भने पक्कै राम्रो गर्छन्" धेरै वर्ष पढाएकी एकजना शिक्षक केट गोल्डम्यान भन्छिन्।

तर यसको अर्थ विद्यार्थीको मूल्याङ्कन नै नगरिने भने होइन। "परीक्षा मात्र ऐच्छिक भएको हो, अरू किसिमका मूल्याङ्कनहरू भने अनिवार्य नै रहनेछन्", युनाइटेड टिचर्स अफ डेडकी अध्यक्ष कारेन एरोनोवित्ज बताउँछिन्।

यति भइकन पनि कम्प्युटर र क्यालकुस पढाउने शिक्षकहरूले भने आफूले लिइआएका परीक्षाहरू लिई नै रहने बताएका छन्।



## अवधारणा

चेतनाथ गौतम

# निरन्तर मूल्याङ्कन पद्धति के ? किन ? कसरी ?

**निरन्तर विद्यार्थी मूल्याङ्कन– एउटा निरन्तर चलिरहने प्रक्रिया हो, यो विद्यार्थीहरूलाई उच्चतम उत्प्रेरणा प्रदान गर्ने प्रक्रिया हो, यो आफैँमा शिक्षण–सिकाइ प्रक्रिया हो र यो कुनै एउटा मूल्याङ्कनजन्य क्रियाकलाप नभएर धेरै र सम्भाव्य सबै क्रियाकलापहरूको समायोजित तथा एकीकृत प्रक्रिया हो ।**

प्रभावकारी सिकाइका लागि विद्यार्थीले जान्नैपर्ने कुरा रहेछ 'म कतातिर र कसरी गइरहेछु ।' त्यस्तै शिक्षकले पनि विद्यार्थीको ज्ञान, सीप र अभिवृत्तिको विकास कसरी कुन दिशामा भइरहेको छ भनेर जान्नु जरुरी रहेछ। विद्यार्थीले कति जान्यो, के जान्यो र के जानेन भन्ने प्रश्नको उत्तर पुरातन मूल्याङ्कन पद्धति जस्तै आवधिक परीक्षाले पनि दिने रहेछ । तर शिक्षण र सिकाइको सीमा 'के जान्यो वा किन जानेन' भन्ने मात्र होइन रहेछ । विद्यार्थीले कस्तो अनुभव गर्दैछ, अब के गर्न सक्छ, त्यसको लागि अरू के गर्नुपर्छ, गर्न सकिन्छ र कसरी भन्ने प्रश्नहरू पनि अहं हुने रहेछन् । यी प्रश्नको उत्तर कुनै परिकार पकाउन सिकाउने 'रेसिपी' जस्तो गरी नआउने रहेछ; किनभने मान्छेले ज्ञान आर्जन गर्ने मात्र होइन; उसले त ज्ञान निर्माण पनि गर्ने रहेछ । ज्ञानको निर्माण दिमागमा हुने रहेछ; र विद्यार्थीको दिमागमा के कस्तो ज्ञान निर्माण हुँदैछ भन्ने कुरा लेखाजोखा गर्ने काम– जसलाई हामी शैक्षणिक भाषामा मूल्याङ्कन (Assessment) भन्छौँ, निरन्तर गरिरहनुपर्ने रहेछ। निरन्तर विद्यार्थी मूल्याङ्कनले प्रत्येक विद्यार्थीको फरक फरक सिकाइ क्षमता हुन्छ, फरक फरक रुचि हुन्छ, सिकाइको गति फरक फरक हुन्छ, इच्छा, भावना र आवश्यकता फरक फरक हुन्छन् र शिक्षक चाहिँ ती कुराहरूलाई सम्मान गर्ने, आत्मसात् गर्ने, न्याय गर्ने र समन्वय गर्ने कार्यमा निरन्तर रूपमा लागिरहनुपर्ने रहेछ। मूल्याङ्कन शब्दको शाब्दिक अर्थ मूल्य दिनु हो। शिक्षकले शिक्षण सिकाइ प्रक्रियामा विद्यार्थीको बारेमा समेटेका सम्पूर्ण अनुभव, प्राप्त गरेका सूचना र विद्यार्थी आफैँले र उसका साथीहरूले समेत प्राप्त गरेको अनुभव र सूचनाको समग्र लेखाजोखालाई मूल्याङ्कन (Assessment) भनिने रहेछ ।

### परिवर्तन प्रक्रिया र मूल्याङ्कन

मूल्याङ्कन निरन्तर हुनुपर्छ भन्ने विश्वव्यापी मान्यता स्थापित भइसकेको भए पनि हामी हाम्रो देशको शैक्षिक विकासमा अरू बहस र अभ्यासकै चरणमा छौँ। परिवर्तन युगीन आवश्यकता हुने रहेछ। र परिवर्तनका संवाहक पनि हुने रहेछन्। शैक्षिक र शैक्षणिक परिवर्तन पनि निरन्तर चल्ने रहेछ। परिवर्तन नस्वीकार्ने अथवा आत्मसात् नगर्ने प्रवृत्ति पनि मान्छेमा हुने रहेछ। हिजोका शिक्षण विधि, प्रक्रिया मापन तथा मूल्याङ्कन साधन, बुझाइ सबै परिवर्तनशील हुने रहेछन् । व्यवहारवादले पुरस्कार र दण्डको संयोजनबाट सिकाइ हुन्छ भन्यो । संज्ञानतावादले सिकारुको दिमागमा हुने सूचनाहरूको प्रशोधनबाट सिकाइ हुन्छ भन्यो । निर्माणवादले 'ज्ञान' भनेको सक्रिय अन्तरक्रियाबाट मानिसले निर्माण गर्ने कुरा हो भन्यो । अन्तरक्रिया वातावरणसँग, व्यक्तिसँग; पाठ्यवस्तु तथा अन्य सामग्रीसँग वा आफैँसँग गरिन्छ भनियो। आज हामी तेस्रो वाद अर्थात् निर्माणवादको युगमा छौँ। ज्ञान निर्माण जीवनपर्यन्त नरोकिने प्रक्रिया भएपछि 'के बन्यो, के बनिरहेको छ र के बन्नेवाला छ' भन्ने कुराको लेखाजोखा नियमित रूपमा हुनुपर्ने रहेछ ।

### के हो निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति ?

निरन्तर विद्यार्थी मूल्याङ्कन– एउटा निरन्तर चलिरहने प्रक्रिया हो, यो विद्यार्थीहरूलाई उच्चतम उत्प्रेरणा प्रदान गर्ने प्रक्रिया हो, यो आफैँमा शिक्षण–सिकाइ प्रक्रिया हो र यो कुनै एउटा मूल्याङ्कनजन्य क्रियाकलाप नभएर धेरै र सम्भाव्य सबै क्रियाकलापहरूको समायोजित तथा एकीकृत प्रक्रिया हो ।

विद्यार्थी तथा शिक्षकहरूलाई आफ्नै दैनिक क्रियाकलापहरूमा प्रतिबिम्बन (Reflection) गर्दै पुनः फर्किएर हेर्दा, प्रत्येक क्रियाकलापको अभिलेखीकरण गर्दै अगाडि बढ्ने अवसर दिने मूल्याङ्कन प्रक्रिया नै निरन्तर विद्यार्थी मूल्याङ्कन हो । निरन्तर विद्यार्थी मूल्याङ्कन शिक्षकले कक्षाकोठामा प्रयोग गर्ने त्यो रणनीति हो जसमा नियमितता, विविधता तथा पूर्णता हुन्छ । मतलब विद्यार्थीका ज्ञान, सीप, अभिवृत्ति लगायतका सबै पक्षको मूल्याङ्कनका विविध साधनहरूको प्रयोग गरेर लेखाजोखा गरिन्छ ।

निरन्तर विद्यार्थी मूल्याङ्कन वर्षभरि नै चलिरहन्छ। यो नियमित

शिक्षण सिकाइको अभिन्न पाटो हो। यसमा विद्यार्थीले जानेका, बुझेका वा गर्न सक्ने सम्पूर्ण कुराहरू सम्बन्धी सूचना शिक्षकले प्राप्त गर्दछ। विद्यार्थीलाई आत्ममूल्याङ्कन गर्न दिइन्छ, नियमित पृष्ठपोषण दिने र लिने काम हुन्छ, साथै कुनै विद्यार्थीले पूरा गर्न नसकेको सिकाइ क्षेत्रमा विशेष सहयोगको अवसर दिइन्छ। फलस्वरुप, विद्यार्थीहरू सामूहिक र व्यक्तिगत दुवै किसिमका उच्चतम सिकाइ वातावरणमा सरिक हुन्छन् ऊ उच्चतम शैक्षिक उपलब्धि प्राप्त गर्दछन्। यो 'सिकाइका लागि मूल्याङ्कन' (Assessment for Learning) र 'सिकाइको रूपमा मूल्याङ्कन' (Assessment as Learning) दुवैको एकीकृत रुप हो।

## विभिन्न अनुसन्धानले के भने ?

निर्माणवाद (Constructivism) ले विद्यार्थीको उपलब्धि उच्च छ भनेर शिक्षकले चित्त बुझाएर बस्नु हुन्न; अझ उच्च बन्ने तथा नयाँ किसिमको सिकाइ अथवा ज्ञान निर्माणको सम्भावना देख्नुपर्छ भन्छ। निरन्तर विद्यार्थी मूल्याङ्कन वा निर्माणात्मक मूल्याङ्कनले पनि त्यही बाटो समात्छ। लम्वार्ट र लाइनसले मूल्याङ्कन प्रक्रिया मूल्याङ्कनको उपलब्धि जत्तिकै महत्त्वपूर्ण हुन्छ, यसलाई शिक्षण प्रक्रियाबाट अलग गरी हेर्न सकिँदैन भनेका छन्। हार्लेनले विद्यार्थीले के सिक्यो भन्दा पनि कसरी सिक्यो भन्ने कुरा महत्वपूर्ण हो भनेका छन्। मैले के सिकेँ वा कसरी सिकेँ भन्ने विषयको सही ज्ञान सिकारु स्वयम्लाई मात्र हुने भएकोले हार्लेनले आत्ममूल्याङ्कन अत्यावश्यक ठानेका छन्।

विल्सन र वार्टेन्थलले 'गर वा मर'को स्थिति झल्किने एउटै मात्र अवसर, प्रगति र जाँचभन्दा निरन्तर चलिरहने र धेरै किसिमका क्रियाकलाप संलग्न भएको मूल्याङ्कन राम्रो हो भनेका छन्। उनीहरूले मूल्याङ्कनको प्रमुख उद्देश्य; सिकाइको स्तरोन्नति हुनुपर्ने बताएका छन्। त्यस्तै म्याकमिलनले निरन्तर चलिरहने मूल्याङ्कनले विद्यार्थीलाई सिक्नको लागि बढी प्रेरित गरेको अध्ययन निचोड निकालेका छन्। क्रुकको अध्ययनले पनि कक्षामा निरन्तर गरिने मूल्याङ्कन सिकाइको लागि सहयोगी हुने कुरा पुष्टि गरेको छ। ब्लाक र विलियमले मूल्याङ्कन निरन्तर हुँदा यसको विश्वसनीयता बढ्ने, विद्यार्थीले समयमै पृष्ठपोषण पाउने साथै सिकाइ प्रक्रियामा विद्यार्थी तथा शिक्षक दुवैको गुणस्तरीय सहभागिता रहने कुराको निष्कर्ष दिएका छन्।

ब्ल्याक र विलियमको नौ वर्ष लामो अनुसन्धानमा १६० जर्नलमा छापिएका ५८० वटा अनुसन्धानमूलक लेखको अध्ययन समेटिएको थियो। त्यो अध्ययनले निरन्तर विद्यार्थी मूल्याङ्कनको अवधारणालाई दरिलो आधार प्रदान गरेको छ। त्यो अनुसन्धानको निचोडले भन्छ- 'निर्माणात्मक मूल्याङ्कन (निरन्तर चलिरहने) ले विद्यार्थीमा सिकाइको रुचि जगाइदिन्छ, आत्मनिर्भरता बढाउँछ, तार्किक क्षमता र योजना निर्माण क्षमताको विकास गरिदिन्छ।' शिक्षाको आधारभूत ध्येय पनि यही नै हो। यी सबै पक्षबाट हेर्दा निरन्तर विद्यार्थी मूल्याङ्कन आजको समयानुकूल मूल्याङ्कन पद्धति वा मूल्याङ्कनको मूल धार रहेछ भन्ने पुष्टि हुन्छ।

## ऐतिहासिक पृष्ठभूमि

विद्यार्थी मूल्याङ्कन निरन्तर हुनुपर्छ भन्ने कुरा ठ्याक्कै यसै दिन शुरु भयो भन्न गाह्रो नै पर्छ। गुरुकुल शिक्षा प्रणालीदेखि नै विद्यार्थी मूल्याङ्कन प्रचलनमा रहेको कुरामा एकमत हुन सकिन्छ। त्यो समयको मूल्याङ्कन विधिको अभिलेख स्पष्ट छैन तर संस्कृत शिक्षाको एउटा पाठमा पारङ्गत हुने वित्तिकै अर्कोमा जान पाउने र पढाइलाई निरन्तरता दिने कुरा देखिएकाले त्यो समयमा पनि निरन्तर मूल्याङ्कन प्रचलनमा थियो भन्न सकिन्छ।

नेपालका शिक्षा सम्बन्धी विभिन्न ऐतिहासिक दस्तावेजहरूमा विद्यार्थी मूल्याङ्कनका सम्बन्धमा उल्लेख गरिएको पाइन्छ।

**राष्ट्रिय शिक्षा योजना आयोग** २०११, 'साधारण तवरले प्राय: प्राथमिक स्तरको पाँच वर्षको अवधिमा हरेक केटाकेटी आफ्नो मण्डलको साथमा उन्नति गर्दै जानेछ। असफल अथवा योग्यतापूर्वक काम गर्न नसक्ने बालकलाई बारम्बारको परीक्षाद्वारा तिनीहरूलाई बिग्रनु भन्दा अगाडि नै चाँडै पत्ता लगाउनुपर्छ।

**राष्ट्रिय शिक्षा आयोग प्रतिवेदन** २०४९ ले मूल्याङ्कनलाई पठनपाठनका साथै वर्षभरि चलिरहने एउटा नियमित सकारात्मक शैक्षिक क्रियाकलापका रूपमा लिनुपर्ने जनाएर र प्रत्येक विद्यार्थीको प्रगति विवरण राख्ने र त्यसमा उसका सम्पूर्ण शैक्षिक र अतिरिक्त क्रियाकलापको समेत विवरण समावेश गरिनुपर्छ भनेको छ।'

विद्यालय क्षेत्र सुधार कार्यक्रम (सन् २००९) ले आधारभूत तहको कक्षा सातसम्ममा विद्यार्थीलाई उत्तीर्ण अनुत्तीर्ण नहुने गरी चरणवद्ध रूपमा निरन्तर विद्यार्थी मूल्याङ्कन विस्तारै अपनाउने कुरा निर्देश गरेको छ। नेपालमा निरन्तर विद्यार्थी मूल्याङ्कनलाई यसै नामबाट नीतिगत रूपमै लागू गर्ने कार्य २०५६/५७ बाट भएको हो तर विद्यालय क्षेत्र सुधार कार्यक्रम लागू भएपछि भने निरन्तर विद्यार्थी मूल्याङ्कनको देशव्यापी प्रभावकारी कार्यान्वयनको प्रक्रिया शुरु भएको छ।

ब्लुम (१९८४) का अनुसार निरन्तर विद्यार्थी मूल्याङ्कनको सुरुआत निर्माणात्मक मूल्याङ्कनको अवधारणासँगै शुरु भएको हो। सन् १९९० को दशकमा अफ्रिका लगायतका विकासशील देशहरूमा प्रचारप्रसार हुँदै यस नामबाट परिचित बनेको हो। अहिले विद्यार्थी मूल्याङ्कनमा रहेका सम्पूर्ण वैकल्पिक मूल्याङ्कन प्रक्रियाहरू (जस्तै, Authentic assessment, Portfolio assessment, performance assessment) लगायत विषयहरू समेटिने हुनाले यो अझ प्रभावकारी बन्दै गएको ठानिन्छ।

## निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली किन ?

कार्लसन् आदिका अनुसार निरन्तर विद्यार्थी मूल्याङ्कनका चार वटा मुख्य उद्देश्य रहेका छन्:

**विद्यार्थीको प्रगति बारेमा सूचना दिने र शिक्षण एकैसाथ गर्ने**

निरन्तर विद्यार्थी मूल्याङ्कन र शिक्षण सिकाइ प्रक्रिया सँगै चल्ने पद्धति हो। प्रभावकारी शिक्षण सिकाइका लागि शिक्षण सिकाइ प्रक्रिया र मूल्याङ्कनलाई एकैसाथ सञ्चालित गरिने बालकेन्द्रित तथा बाल मैत्री शिक्षण सिकाइ क्रियाकलाप उपयुक्त हुनेमा द्विविधा पाईदैन।

●●●

**शिक्षकले कुनै पनि हालतमा बिर्सन नहुने कुरा चाहिँ; उसले प्रत्येक विद्यार्थीको अवलोकनबाट प्राप्त सूचना तथा अन्य सूचनाहरू नियमित रूपमा टिपोट गर्ने बानी बसाल्नु हो।**

# अवधारणा

**विद्यार्थीको सिकाइलाई सहयोग गर्ने**
विद्यार्थीको सिकाइलाई सहयोग गर्न नियमित पृष्ठपोषण र अतिरिक्त सहयोग गर्नु निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रमुख उद्देश्य हो।

**शिक्षकको व्यावसायिकता अभिवृद्धि गर्ने**
शिक्षण सिकाइमा 'निरन्तर विद्यार्थी मूल्याङ्कन' पद्धति अपनाइरहेको शिक्षकले आफ्नो र आफ्ना विद्यार्थीको नियमित विकासको लागि सदैव आफूलाई तयार पारिरहेको हुन्छ।

**विद्यार्थीको सिकाइ उपलब्धिबारे जानकारी दिने**
विद्यार्थीको सिकाइ उपलब्धिसम्बन्धी सम्पूर्ण जानकारी समयमा दिन, पुरातन मूल्याङ्कन विधि भन्दा निरन्तर विद्यार्थी मूल्याङ्कन बढी प्रभावकारी हुन्छ।

## निरन्तर विद्यार्थी मूल्याङ्कन कसरी ?
निरन्तर विद्यार्थी मूल्याङ्कन र शिक्षण सिकाइ प्रक्रिया सँगसँगै चल्ने पद्धति हो। प्रभावकारी शिक्षण सिकाइका लागि शिक्षण सिकाइ प्रक्रिया र मूल्याङ्कनलाई एकैसाथ सञ्चालित गरिने बालकेन्द्रित तथा बाल मैत्री शिक्षण सिकाइ क्रियाकलाप उपयुक्त हुन्छ। जस्तो प्रश्नोत्तर, छलफल, अभिनय, नाटकीय प्रस्तुति; प्रदर्शन; अवलोकन भ्रमण, कामको वास्तविक अभ्यास परियोजना कार्य, अनुसन्धान जस्ता विधिको प्रयोगद्वारा शिक्षकले विद्यार्थीको रुचि, सहभागिता, कार्यदक्षता आदि अवलोकन गर्दै आवश्यक ठाउँमा तत्काल सुधारात्मक शिक्षण र व्यक्तिगत रूपमा विद्यार्थीलाई सहयोग गरी विद्यार्थीको स्तर उकास्नु पर्ने हुन्छ।

विद्यार्थी मूल्याङ्कनका विभिन्न साधनमध्ये अवलोकन उद्देश्यपूर्ण छलफल र प्रश्नउत्तर विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) अध्ययन; विद्यार्थीद्वारा गरिने आत्म मूल्याङ्कन, साथीहरूबाट हुने मूल्याङ्कन; अभिभावक सम्पर्क र प्रतिक्रिया जस्ता साधनहरू महत्त्वपूर्ण मानिन्छन्। शिक्षकले लिखित तथा मौखिक परीक्षा लिन सक्छ तर ती परीक्षाहरू लामो र औपचारिक नभई छोटा; अनौपचारिक र तत्काल सुधारात्मक शिक्षण गर्न वा पृष्ठपोषण प्रदान गर्ने वा लिने उद्देश्यका निम्ति हुन्छन्। शिक्षकले कुनै पनि हालतमा बिर्सन नहुने कुरा चाहिँ; उसले प्रत्येक विद्यार्थीको अवलोकनबाट प्राप्त सूचना तथा अन्य सूचनाहरू नियमित रूपमा टिपोट गर्ने बानी बसाल्नु हो। विद्यार्थीको कार्यसञ्चयिका नै विद्यार्थीको प्रमुख प्रगति विवरण रहने अभिलेख हो। यस्तो अभिलेख विद्यार्थीको कक्षागत फाइल खडा गरेर वा विषयगत रूपमा पनि राख्न सकिन्छ।

## के हो व्यक्तिगत फायल र कार्यसञ्चयिका ?
विद्यार्थीले सिकाइका क्रममा गरेका कार्यहरूको व्यवस्थित र सिलसिलेवार सङ्कलन नै कार्यसञ्चयिका (Portfolio) हो। यसमा विद्यार्थीले हासिल गरेका उपलब्धि, व्यवहार र सिर्जनात्मक कार्यहरू झल्काउने सामग्री वा गरेका कार्यहरूको नमुना सङ्कलन गरेर राख्ने गरिन्छ। सम्भव भएसम्म प्रत्येक विद्यार्थीका लागि बेग्लाबेग्लै कार्यसञ्चयिका तयार गरी राख्नुपर्दछ। यसमा विद्यार्थीले गरेका कार्यका नमुना, गृहकार्य, कक्षा कार्य, एकाइ वा त्रैमासिक परीक्षामा प्राप्त गरेको उपलब्धि, उत्तरपुस्तिकाका नमुना, शिक्षकले दिएको लिखित पृष्ठपोषण, विद्यार्थी आफैँले गरेको आत्ममूल्याङ्कन, कुनै सिर्जना वा रचनाको नमुना आदि सङ्कलन गरेर राखिन्छ। कार्यसञ्चयिकाले विद्यार्थीको प्रगति र उपलब्धि प्रमाणित गर्न मद्दत गर्छ।

**निरन्तर विद्यार्थी मूल्याङ्कनले विद्यार्थीको मूल्याङ्कन गर्दा एकचोटि मात्र हेर्ने वा एउटै मात्र अवसर दिने परिपाटीको अन्त्य गरिदिन्छ। यसले गर्दा विद्यार्थीको लागि उनीहरूको क्रियाकलापको मूल्याङ्कन 'गर वा मर' प्रकृतिको हुँदैन। अवसर पाउँछन्।**

●●●

## के हो अवलोकन ?
मूल्याङ्कनको सजिलो प्रक्रिया हो। अवलोकनबाट विद्यार्थीको ज्ञान, सीप, धारणा जस्ता सबै पक्षको मूल्याङ्कन गर्न सकिन्छ। आचरण, व्यवहार, विभिन्न सीप र सरसफाइ जस्ता कुरा अवलोकनबाट मात्र सम्भव छ। विद्यार्थीको अवलोकन कुनै पनि समयमा गर्न सकिन्छ। कक्षामा गरिने शिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थीको भूमिका अवलोकन गरेर उसको सिकाइ मूल्याङ्कन गर्न र विद्यार्थीले पहिले सिकेका कुरा र अब सिक्ने कुराको अनुमान गर्न सकिन्छ।

## निरन्तर विद्यार्थी मूल्याङ्कनको उपयोगिता र महत्त्व
विद्यार्थीको प्रगति बारेमा शिक्षक तथा अभिभावकले जानकारी लिन महिनौं वा ६ महिना वा वर्ष दिन कुर्नुपर्ने आवधिक परीक्षा प्रणालीका कमजोरी हटाउन निरन्तर विद्यार्थी मूल्याङ्कन अगाडि सारिने गरिन्छ। यो सन्दर्भमा निरन्तर विद्यार्थी मूल्याङ्कनको उपयोगितालाई निम्नानुसार बुझ्न सकिन्छ:

- कमजोर विद्यार्थीको तत्काल पहिचान गरी सुधारात्मक शिक्षण गर्न
- विद्यार्थीलाई आफ्नो वैयक्तिक क्षमता अभिवृद्धि को अवसर दिन
- विद्यार्थीको प्रगतिबारे समय-समयमा अभिभावकलाई जानकारी दिन
- विद्यार्थीका व्यक्तिगत कठिनाइहरू बुझ्न र सोही अनुसार सहयोग गर्न
- व्यक्तिगत कार्य, समूह कार्य, परियोजना कार्य, सिर्जनात्मक कार्य आदिमा विद्यार्थीलाई प्रोत्साहन गर्न
- विद्यार्थी, शिक्षक र अभिभावक बीचमा प्रभावकारी सञ्चार स्थापना गर्न
- समालोचनात्मक चिन्तन र रचनात्मक चिन्तन सीपको विकासमा सहयोग गर्न
- मूल्याङ्कनमा विविध साधनको प्रयोगमा जोड दिन
- शैक्षणिक क्रियाकलापमा विद्यार्थीको सहभागिता बढाउन

## निरन्तर विद्यार्थीको मूल्याङ्कनका चुनौती तथा समाधानका उपाय
निरन्तर विद्यार्थी मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अपरिहार्य भाग हुँदाहुँदै पनि यसका केही चुनौती तथा समस्या पनि छन्।

गौतम (२०११) का अनुसार चुनौतीहरूमा उच्च विद्यार्थी शिक्षक अनुपात, शिक्षकहरूको बढेको कार्यभार, फितलो व्यवस्थापन, स्रोतसाधनको अभाव, तालिमको आवश्यकता; शिक्षक तथा विद्यार्थी अनुपस्थिति, दायित्व बोध तथा सुपरीवेक्षणको न्यूनता, अभिलेख राख्ने झन्झटिलो कार्य, अभिभावकको न्यून सहभागिता र चासो, परिवर्तन नकार्ने बानी, पुरानो मूल्याङ्कन प्रक्रिया र निरन्तर विद्यार्थी मूल्याङ्कनबीच समन्वय हुन नसक्नु, समय अभाव, विद्यालय राजनीतिको नकारात्मक प्रभाव आदि कुराहरू पर्छन् । तर यी चुनौती समाधान नै गर्न नसकिने खालका भने छैनन् ।

सफल रूपमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रयोग गरिरहेका विद्यालयमा निम्न कुराहरू भेटिन्छ:

- विद्यालयको नेतृत्व शिक्षामा परिवर्तनको वकालत गर्ने शैक्षिक नेताको हातमा रहेको ।
- स्रोतसाधन स्थानीय रूपमै जुटाइएको ।
- अभिभावक सहभागिता उच्च रहेको ।
- विद्यालयभित्र नै तालिमको व्यवस्था भएको ।
- निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन गर्न 'CAS कार्यविधि' सबैले देख्ने गरी राखिएको ।
- शिक्षक, विद्यालय, अभिभावक, विद्यार्थी सबैले निरन्तर विद्यार्थी मूल्याङ्कनको स्वामित्व लिएको । (गौतम २०११)

## निष्कर्ष:

निरन्तर विद्यार्थी मूल्याङ्कनले विद्यार्थीको मूल्याङ्कन गर्दा एकचोटि मात्र हेर्ने वा एउटै मात्र अवसर दिने परिपाटीको अन्त्य गरिदिन्छ। यसले गर्दा विद्यार्थीको लागि उनीहरूको क्रियाकलापको मूल्याङ्कन 'गर वा मर' प्रकृतिको हुँदैन । अवसर पाउँछन् । यहाँ शिक्षकले पनि आफ्नो पहिलो र दोस्रो शिक्षणमा आफूले गरेको सुधारको बारेमा आत्म समीक्षा तथा प्रतिबिम्वन गर्न पाउँछ । जब शिक्षकले आफूले नियमित रूपमा कक्षाकोठामा गर्ने मूल्याङ्कनको अभिलेख राख्ने काम गर्छ र विद्यार्थीलाई दिने पृष्ठपोषण तथा आफ्नो शिक्षणमा सुधारलाई उसको शिक्षण प्रक्रियाको अभिन्न अङ्ग बनाउँछ, त्यतिबेला विद्यार्थी तथा शिक्षकले प्राप्त गर्ने फाइदाको कुनै सीमा रहन्न । बुझ्नै पर्ने कुरा के हो भने मूल्याङ्कनले शिक्षण तथा समग्र शैक्षिक सुधारमा सहयोग गर्छ तर यसलाई मात्रै विद्यार्थी वा विद्यालयको स्तर निर्धारणको आधारमा हेरेमा यसबाट प्राप्त हुने अन्य थप्रै फाइदा लिनबाट हामी चुक्दछौं । निरन्तर विद्यार्थी मूल्याङ्कन यस अर्थमा पनि अपरिहार्य छ ।

*(गौतमले यसै विषयमा शोध गरी काठमाडौं विश्वविद्यालयबाट एमफिल उपाधि हासिल गरेका छन् ।)*

## References


Black, P. & Wiliam, D. (1998). Assessment and classroom learning. *Assessment in Education,* 5(1), pp. 7–73. doi:10.1080/0969595980050102

Black, P. and Wiliam, D. (1998). Inside the Black Box: Raising Standards through Classroom Assessment. *Phi Delta Kappan* 80(2). pp.139–148.

Bloom, B. (1984). The Search for Methods of Group Instruction as Effective as One-to-One Tutoring.'' *Educational Researcher13(6)* . Pp.4–16.

Carlson, M. O., Humphrey, G. E. & Reinhardt, K.S. (2003). *Weaving science inquiry and continuous assessment.* Thousand Oaks CA: Crowin Press.

Crooks, T. J. (1988). The Impact of Classroom Evaluation on Students. *Review of Educational Research,* 58(4). pp. 438–481. doi: 10.3102/00346543058004438

Curriculum Development Center (CDC). (2003). *Study report of CAS -2003.* Sanothimi, Bhaktapur, Nepal: Curriculum Development Center.

Harlen, W. & Winter, J. (2004).The development of assessment for learning: learning from the case of science and mathematics. *Language Testing 21* (390) doi: 10.1191/0265532204lt289oa.

Harlen, W. (2006). The role of assessment in developing motivation for learning. In

Improving Educational Quality (IEQ) Project. (2003). *Continuous assessment: A practical guide for teachers.* Washington DC: American Institutes for Research

Lambert, D. & Lines, D. (2000). *Understanding assessment purposes, perceptions and practice. London:* Routledge Falmer.

Ministry of Education and Sports(MOES). (2009). *School sector reform 2009.* Kathmandu: Author.

Ministry of Education(MOE). (1956). *National Education Planning Commission Report, 2011 B.S.* Kathmandu: Author.

MOE. (1994). *Report of national Education Commission, 2049 B.S.* Kathmandu: Author.

Wilson M.R. & Bertenthal, M.W. (Eds.). (2006). *Systems for state science assessment.* Washington, DC: National Research Council.







व्यावहारिक पक्ष निरन्तर मूल्याङ्कन पद्धति

मेदिन लामिछाने

# हाम्रो विद्यालयमा यसरी भइरहेछ क्रियान्वयन

**स्कूलमा ठोस, अर्थपूर्ण र 'चामत्कारिक' परिवर्तन ल्याउन चाहने प्रअ तथा शिक्षकहरूले यो पद्धतिलाई अनुसरण गर्न ढिलो नगरेकै राम्रो !**

प्रगतिशील शिक्षण पद्धतिमा एउटा बालकको समग्र विकास गर्ने हेतुले पाठ्यक्रमको विकास, शिक्षण सिकाइ क्रियाकलापको निर्माण तथा मूल्याङ्कन पद्धतिको प्रयोग गर्न थालिएको हो। सिकाइमा सहकार्य प्रगतिशील शिक्षण सिकाइको एउटा महत्त्वपूर्ण पाटो हो । विद्यार्थीले एक्लै सिक्ने भन्दा पनि सहकार्य गरेर सिक्छन् भन्ने यस पद्धतिको मूल मर्म हो । प्रगतिशील शिक्षण पद्धतिमा कुनै पनि काम गरिँदा बालकमा त्यसको के कस्तो प्रभाव पर्दछ भन्ने कुरा पहिल्यै विचार गरिन्छ । विषयवस्तुको गहिरो ज्ञान र हरेक विद्यार्थीलाई शिक्षण सिकाइ क्रियाकलापमा सक्रिय पार्ने यसको अर्को विशेषता हो । के सिक्ने भन्ने कुराको निर्क्योल विद्यार्थी स्वयंले नै गर्दछन्। कुनै पनि सिकाइको स्वामित्व विद्यार्थी आफैँले लिन्छन् । त्यसैले यो अवधारणामा ज्ञान भन्ने कुरा विद्यार्थी आफैँले निर्माण गर्ने चिज हो यो कुनै व्यक्तिले दिने चिज हैन भन्ने मान्यतामा आधारित छ।

हाम्रो स्कूलले अपनाएको शिक्षण सिकाइ पद्धति प्रगतिशील भएकाले परम्परगत मूल्याङ्कन पद्धति शुरुदेखि नै छाडेर निरन्तर मूल्याङ्कन पद्धति अँगाल्ने कोसिस गरिएको छ। यस विद्यालयको कक्षा १ देखि ५ सम्म कुनै पनि त्रैमासिक र वार्षिक परीक्षा लिइँदैन । यस अन्तर्गत विद्यार्थीको हाजिरी, कक्ष सहभागिता, कक्षा कार्य, गृहकार्य, परियोजना कार्य, पोर्टफोलियो आदिको माध्यमद्वारा विद्यार्थीको प्रगतिको लेखाजोखा गरी मूल्याङ्कन गरिन्छ र अभिभावकलाई जानकारी गराइन्छ। अमेरिकी प्रोग्रेसिभ स्कूलहरूमा झैं यहाँ पनि प्रगति विवरण (narrative report) दिइन्छ ।

विद्यार्थीले गरेको कामको आवधिक अवलोकन गरी सूचनाहरूको सङ्कलन गरिन्छ र त्यसरी सङ्कलन गरिएका सूचनाको आधारमा निर्णय लिइन्छ। यसरी मूल्याङ्कन गर्दा विद्यार्थीले के जानेको छ ? के बुझेको छ ? के गर्न सक्छ ? कुनै पनि विषयवस्तु पुन: शिक्षण गर्नुपर्ने वा नपर्ने कुन विद्यार्थीलाई यस्ता कुरा पुन: शिक्षण गर्नुपर्ने र आफ्नो सिकाइको स्तर बढाउन विद्यार्थीले के के गर्नुपर्ने भन्ने कुराको जानकारी गराउँछ। यसरी मूल्याङ्कन गर्दा शिक्षकको शिक्षण सुधार गर्नमा तुरुन्तै मद्दत गर्छ र यस्तो मूल्याङ्कन सीधै पाठ्यक्रमको उद्देश्य र विषयवस्तुसँग सम्बन्धित रहन्छ। यस विद्यालयमा अध्ययन गर्ने प्रत्येक सिकाइसम्बन्धी कुनै समस्या देखिन गएमा तत्काल अभिभावकसँगको सहकार्यमा ती समस्याहरूको पहिचान गरी समाधान गरिन्छ।

यस अवधारणालाई व्यवहारमा उतार्ने सन्दर्भमा हाम्रो विद्यालयको शिक्षकहरूको टिमले अलिक मिहिनेत नै गर्नुपरेको थियो। किनभने सरकारीस्तरमा राम्रो र परिपक्व तयारी नभएका कारण अमेरिकी अनुभवलाई नेपालको सन्दर्भमा मौलिक तरिकाले जोड्न हामीले कडा मिहिनेत गर्नु परेको थियो। हाम्रो विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन यसरी गर्ने गरिएको छ:

## मूल्याङ्कनका आधार

**क) उपस्थिति, कक्षा सहभागिता र कक्षाकार्य**

१) **उपस्थिति** : कुनै विद्यार्थी बिरामी हुँदा चिकित्सकसँगको परामर्श लिनुपर्ने तथा विद्यार्थीको आफ्नो सामाजिक कारणले कहीँ कतै उपस्थिति जनाउनुपर्ने भएको खण्डमा विद्यालयमा अनुपस्थिति हुनुपर्ने अवस्था आयो भने यस्तो अनुपस्थितिलाई अनुमति प्राप्त अनुपस्थितिको रूपमा लिइन्छ। अनुमति प्राप्त अनुपस्थिति भएको खण्डमा त्यस दिन विद्यार्थीले सिक्नबाट वञ्चित भएको कुरा शिक्षकहरूले अतिरिक्त समयमा सिकाउनुपर्ने हुन्छ र सिकाउनुपर्ने दायित्व पनि विद्यालयको हो। माथिका अवस्थामा बाहेक यदि विद्यार्थी व्यक्तिगत तथा आफन्तहरूको भेटघाटका कारणले विद्यालयमा अनुपस्थिति हुनुपर्ने अवस्था आयो भने यस्तो अनुपस्थितिलाई अनुमति अप्राप्त अनुपस्थिति भनिन्छ । अनुमति अप्राप्त अनुपस्थितिमा विद्यार्थीले सिक्नुपर्ने कुरा सिकाउनुपर्ने जिम्मेवारी अभिभावक स्वयम्को नै हुन्छ ।

**त्रैमासिक अवधिको हाजिरी विवरण र विद्यार्थीको हाजिरीको अभिलेखको नमुना**

| | | | | | |
|---|---|---|---|---|---|
| नाम | | कक्षा | | विषय | |
| शिक्षकको नाम | | मिति | | | |
| कुल विद्यालय चलेको दिन | | उपस्थिति भएको दिन | | अनुपस्थित भएको दिन | |
| अनुमति प्राप्त अनुपस्थित दिन | | अनुमति अप्राप्त अनुपस्थिति | | | |

| क्र.सं | विद्यार्थी विद्यालयमा अनुपस्थित भएको दिन सिकाइएको उद्देश्य | कैफियत |
|---|---|---|
| | | |

शिक्षकको हस्ताक्षर     को-अर्डिनेटरको हस्ताक्षर     प्रधानाध्यापकको हस्ताक्षर

२) **कक्षा सहभागिता** : विद्यार्थीहरू सिकाइमा कत्तिको सक्रिय छन् भन्ने कुरा उनीहरूको कक्षा सहभागितामा भर पर्दछ। आफूले जानेका कुरा प्रस्ट रूपमा कक्षामा राख्ने र नजानेका तथा बुझ्न मन लागेका कुरा धक नमानिकन कक्षामा साथी तथा शिक्षकहरूसँग सोध्ने लगायत कक्षामा विद्यार्थीको प्रस्तुतिसित सम्बन्धित कुरा कक्षा सहभागिता अन्तर्गत पर्दछन्। विद्यार्थीको व्यवहार र अभिवृत्ति (Attitude) मापन गर्न यो श्रेणी मापन उपयोगी छ।

| क्र.सं. | कक्षागत सहभागिता | छ | छैन |
|---|---|---|---|
| | | १ | २ |
| १ | कक्षा र समूहमा अरूको विचारको सम्मान गर्ने | | |
| २ | नबुझेका कुराहरू पालो पर्खेर सोध्ने र विचार राख्नुपूर्व अनुमति लिने | | |
| ३ | सोधिएका प्रश्नहरूको सही उत्तर दिनुका साथै विचार आदानप्रदान गर्ने | | |
| ४ | कक्षामा आफ्नो विचार प्रस्तुत गर्न अग्रसर हुने | | |
| ५ | अरूलाई सहयोग गर्न तत्पर हुने | | |
| ६ | सही समयमा सक्रिय सहभागिता देखाउने | | |
| ७ | विषयवस्तुसँग आधारित भएर प्रश्न सोध्ने | | |
| ८ | कक्षा नियमको पालना र सम्मान गर्ने | | |
| ९ | कक्षामा भइरहेका गतिविधिप्रति ध्यान दिने | | |
| १० | शिक्षकले दिएका निर्देशन पालना गर्ने | | |
| ११ | प्रयोगपश्चात् सामग्रीहरू मिलाएर आवश्यक ठाउँमा राख्ने | | |
| १२ | अरूबाट आफूले अपेक्षा गरेजस्तै व्यवहार अरूलाई गर्ने | | |
| १३ | कक्षा सुरुआतसँगै आवश्यक शैक्षिक सामग्रीसहित तम्तयार रहने | | |

३) **कक्षाकार्य** : शिक्षकले कुनै उद्देश्य प्राप्त गर्न शिक्षण गरिसकेपछि वा कुनै पाठको विषयवस्तुको बारेमा विद्यार्थीहरू कत्तिको जानकार छन् भन्ने कुरा बुझ्न कक्षाकार्यको प्रयोग गर्दछन्। कक्षाकार्यले तत्काल कुनै पनि विषयवस्तुको बोध भए/नभएको कुराको जानकारी गराउँदछ।

## कक्षा कार्यको अभिलेख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| शिक्षकको नाम | | कक्षा | | विषय | | मिति | |

| | कक्षा कार्यको सङ्ख्या | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कक्षा कार्यका उद्देश्य | | | | | | | | | |
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| ३ | | | | | | | | | | |

# व्यावहारिक पक्ष निरन्तर मूल्याङ्कन पद्धति

**त्रैमासिक अवधिको कक्षाकार्य प्रगति विवरणको नमुना**

| क्र.सं. | कक्षागत सहभागिता (कक्षागत छलफल, साना समूहगत छलफल र कुनै पनि लिखित कार्य) | विरलै | कहिलेकाहीँ | प्राय:जसो | सधैँ |
|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ |
| १ | निर्देशनको सही पालना गर्ने | | | | |
| २ | दिइएका कार्यप्रति केन्द्रित रहने | | | | |
| ३ | सबै दिइएका कार्यहरू पूरा भए/नभएको तथा गरेका कार्य ७५% भन्दा बढी मिलेका | | | | |
| ४ | विषयवस्तुको पूर्णताका साथै मुख्य कुराहरू प्रष्ट रूपमा समावेश गर्ने | | | | |
| ५ | बोधगत क्षमता कार्यमा प्रतिबिम्बित हुने | | | | |
| ६ | समयमा काम पूरा गरी बुझाउने | | | | |
| ७ | कार्य सफासँग गर्ने | | | | |

**ख) गृहकार्य**

निरन्तर विद्यार्थी मूल्याङ्कनको अर्को महत्त्वपूर्ण पक्ष भनेको विद्यार्थीको गृहकार्य हो। गृहकार्यले विद्यार्थीलाई आफ्नो सिकाइप्रति उत्तरदायी बनाउने र जीवनपर्यन्त सिक्ने बानीको विकास गराउँछ। विद्यार्थीको पूरा ज्ञान जाँच्न, पढाइएका पाठ, सिकाइएका सीप तथा सिकाउन बनाइएका शैक्षिक उद्देश्यहरू हासिल गर्न तयार पारिएको क्रियाकलापहरूको अभ्यास गराउन गृहकार्यले मद्दत गर्दछ। त्यस्तै, सिकेका ज्ञान, सीप र अभिवृत्तिहरूको व्यवहारमा प्रयोग गरे नगरेको हेर्न तथा तिनका आधारमा नयाँ ज्ञान र सीपको निर्माण गर्न विद्यार्थीलाई गृहकार्य दिने गरिन्छ।

गृहकार्य प्रत्येक विद्यार्थीको दैनिक कार्य भित्र पर्दछ। यस्ता कार्यहरू सीधै शिक्षण सिकाइ क्रियाकलापसँग सम्बन्धित हुनुपर्दछ। शिक्षकले विद्यार्थीलाई व्यस्त बनाउन भन्दा पनि शिक्षण सिकाइसँग सम्बन्धी काम दिनुपर्दछ। गृहकार्य दिँदा जहिले पनि विद्यार्थीको क्षमता, कक्षाको स्तर र विद्यार्थीको रुचि जस्ता कुराहरूलाई ध्यान दिनुपर्दछ। गृहकार्य भनेको विद्यार्थीको लागि हो। यदि कुनै विद्यार्थीले कुनै काम बुझाइको कमीले पूरा गर्न सक्दैन भने त्यस्ता विद्यार्थीलाई जसरी पनि गृहकार्य पूरा गरेर ल्याउन बाध्य तुल्याउनुहुँदैन।

गृहकार्य विद्यार्थीले शिक्षकलाई बुझाएपछि त्यसलाई पुनरावलोकन गरी पृष्ठपोषण दिनुपर्दछ। यस्ता पृष्ठपोषण शिक्षक आफैँले वा सहपाठीहरूले पनि दिन सक्छन्। शिक्षकले गृहकार्य उद्देश्यमूलक बनाउन, त्यस्ता कार्यको सम्बन्ध सीधै शिक्षण सिकाइ क्रियाकलापसँग सम्बन्धित गराउन निर्देशन प्रस्ट र विद्यार्थीहरूले बुझ्ने भाषा र शैलीमा दिनुपर्दछ। गृहकार्य परीक्षणपछि रचनात्मक सुझाव दिने, कुन विद्यार्थीले समयमा गृहकार्य गरेको छैन र गृहकार्य गर्न सक्दैन भने विद्यालयको प्रशासन र अभिभावकलाई तत्काल जानकारी गराउने, आवश्यक पर्दा विद्यार्थीसँग एक्लै वा समूहमा छलफल गर्नु आदि शिक्षकको उत्तरदायित्व अन्तर्गत पर्दछन्।

गृहकार्य गर्न र अध्यापनको लागि अनुकूल वातावरण तयार पार्नु, आफ्ना बालबालिकाहरूले विद्यालयमा के सिकिरहेका छन् भन्ने कुराको पूर्ण जानकारी राख्नु, विद्यार्थीलाई घरमा गृहकार्य गर्दा आइपर्ने कठिनाइहरू शिक्षकलाई जानकारी गराउनु, आफ्ना बालबालिकाको विद्यालयका शिक्षक तथा प्रशासनसँग नियमित सम्पर्कमा रहिरहनु र आफ्ना बालबालिकाहरूलाई आवश्यक पर्ने सन्दर्भ सामग्रीहरू उपलब्ध गराउनु अभिभावकको दायित्व अन्तर्गत पर्दछन्।

**गृहकार्यको अभिलेखको नमुना**

शिक्षकको नाम ______ कक्षा ______ विषय ______

सिकाइको उद्देश्य ______ मिति ______

| क्र.सं | विद्यार्थीको नाम | निर्देशन अनुसार काम पूरा भएको | निर्देशन अनुसार काम पूरा नभएको | पूरा नभएको काम र कारण | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |

**गृहकार्य परीक्षणपछिको अभिलेख**

| क्र.सं | विद्यार्थीको नाम | राम्रा पक्ष | सुधार गर्नुपर्ने/सिकाउनुपर्ने पक्ष | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |

**त्रैमासिक अवधिको गृहकार्यको प्रगति विवरणको नमुना**

विद्यालयको नाम

नाम ______ कक्षा ______ विषय ______

शिक्षकको नाम ______ मिति ______

जम्मा गृहकार्य ______ विद्यार्थीले बुझाएको गृहकार्य ______

| क्र.सं. | लिखित कार्यहरू गृहकार्य | विरलै | कहिलेकाहीँ | प्राय:जसो | सधैँ |
|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ |
| १ | दिइएको निर्देशनको पालना गर्ने | | | | |
| २ | दिइएका लिखित कार्यको उद्देश्य बोध गर्ने र सो कार्यमा प्रतिबिम्बित गर्ने | | | | |
| ३ | आफ्नो बुझाइमा एकरुपता कायम गरी लिखित कार्यका वाक्यरचना, अनुच्छेद, संरचना आदि पक्षहरूको सही ढङ्गले प्रस्तुत गर्ने | | | | |
| ४ | अनुच्छेदको मूल आशय व्यक्त गरी सो मूल आशयलाई अन्य तथ्यगत रूपमा पुष्टि गर्ने | | | | |
| ५ | लेखाइ कार्यमा विविध वाक्य संरचनाको प्रयोग गर्ने | | | | |
| ६ | वर्णविन्यास, चिह्न तथा व्याकरणको शुद्ध प्रयोग गर्ने | | | | |
| ७ | सबै दिइएका कार्यहरू पूरा भए नभएको तथा गरेका कार्यहरू ७५% भन्दा बढी मिलेका | | | | |
| ८ | अक्षरहरू बान्की मिलेका, सफा र प्रस्टसँग जाँचकीले पढ्न सक्ने गरी लेख्ने | | | | |
| ९ | दिइएको समयमा कार्य बुझाउने | | | | |
| १० | कार्यहरू सफासँग प्रस्तुत गर्ने | | | | |

**पृष्ठपोषण**

पृष्ठपोषण भन्नाले कुनै पाठ/विषयवस्तुको शिक्षणपश्चात् विद्यार्थीको कामको अवलोकन गर्ने र सूचना सङ्कलन गर्ने अनि त्यसरी सङ्कलन गरिएको सूचनाको आधारमा विद्यार्थीलाई उनीहरूको उपलब्धिको बारेमा पृष्ठपोषण दिने सुझाव दिनु भन्ने बुझिन्छ। यस्ता सुझाव वा पृष्ठपोषण जहिले पनि सकारात्मक हुनुपर्दछ। यसले विद्यार्थीलाई आफ्नो सिकाइ कसरी सुधार गर्न सकिन्छ भन्ने कुराको जानकारी र उत्प्रेरणा प्रदान गर्दछ।

| | | |
|---|---|---|
| १ | गृहकार्यमा विद्यार्थीले प्रदर्शन गरेको राम्रा पक्ष | |
| २ | गृहकार्यमा विद्यार्थीले सुधार गर्नुपर्ने पक्ष | |

**ग) परियोजना कार्य :**

परियोजना कार्य शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गको रूपमा स्वीकार गरिएको छ। परियोजना कार्यले एउटा विद्यार्थीलाई राम्रो सिकारु मात्रै होइन एउटा दक्ष जिज्ञासु पनि बनाइदिन्छ। सिकाइ भन्ने कुरा एक्लै हुने होइन एउटा डेक्समा मात्रै हुने होइन। सिकाइ समूहमा हुने गर्छ। त्यसैले विद्यार्थीलाई धेरै भन्दा धेरै परियोजना कार्यमा संलग्न गराइन्छ। परियोजना कार्यमा शिक्षकले दिएको निर्देशन पालना गरी तय गरिएको उद्देश्य पूरा गर्ने विद्यार्थीलाई पुरस्कार र उद्देश्य पूरा नगर्नेलाई दण्ड दिइँदैन। बरु यसमा विद्यार्थीले कत्तिको सहकार्य गर्छन् भन्ने कुरा महत्त्वका साथ हेरिन्छ। परियोजना कार्य निर्माण गर्दा विद्यार्थीको भूमिका अहम् हुने गर्दछ। परियोजना कार्य गर्दा सर्वप्रथम उद्देश्य निर्माण गरिन्छ। त्यसपछि, शिक्षकले सिकाउन चाहेको विषयवस्तुको बारेमा विद्यार्थीको अनुभव र ज्ञानको पहिचान गरी विद्यार्थीको सम्बन्धित विषयवस्तुमा कस्तो जिज्ञासा, उत्सुकता र प्रश्न छन्, छलफल गरी निर्क्योल गरिन्छ। यसलाई EKWQ क्रियाकलाप (Experience, Knowledge, Wondering and, Asking Question) पनि भनिन्छ।

शिक्षकले सिकाइको विषयवस्तु सम्बन्धी आफ्नो अनुभव आदानप्रदान गर्दछन्। यसरी शिक्षकले आफ्नो अनुभव आदानप्रदान गर्दा विद्यार्थीमा सिकाइप्रति रुचि जान्छ। त्यस पछि शिक्षकले सम्बन्धित विषयवस्तुबारे आफ्ना विद्यार्थीलाई अभिभावकसँग अनुभव आदानप्रदान गर्न अभिप्रेरित गर्छन्। कक्षामा सो विषयवस्तुसँग सम्बन्धित खोजमूलक क्रियाकलाप गर्ने जस्तै उनीहरूको पूर्वज्ञान र अनुभवहरूको निष्कर्ष निकाल्ने आदि। त्यसपछि शिक्षकले विद्यार्थीले जान्न र बुझ्न चाहेको प्रश्नका आधारमा परियोजना निर्माण गर्ने गरिन्छ।

# निरन्तर मूल्याङ्कन पद्धति

**त्रैमासिक अवधिको परियोजना कार्यको प्रगति विवरणको नमुना**

जम्मा परियोजना कार्यको सङ्ख्या        विद्यार्थीले बुझाएको परियोजना कार्यको सङ्ख्या

| सि.नं | क्षेत्र | १ | २ | ३ | ४ |
|---|---|---|---|---|---|
| १ | समूहले निर्धारण गरेको उद्देश्य हासिल गर्न विद्यार्थीको योगदान | प्रोत्साहन दिँदा मात्र समूहले निर्धारण गरेको लक्ष्य हासिल गर्न र काम गर्न अग्रसर हुने | कहिलेकाहीं मात्र समूहले निर्धारण गरेको लक्ष्य हासिल गर्न र काम गर्न अग्रसर हुने | समूहमा गर्ने काम समयमा गर्ने र लक्षित उद्देश्य हासिल गर्न सधैं तम्तयार रहने | समूहमा लक्षित उद्देश्य हासिल गर्न हरदम तयार रहने र आफ्नो भूमिका र जिम्मेवारी पूर्ण रूपमा वहन गर्ने |
| २ | अरूको काम, भावना वा सीपको कदर गर्ने | अरुको भावनाको कदर गर्न बारम्बार सम्झाइरहनुपर्ने | अरुको भावना प्रति केही मात्रामा सजग | अरूको भावनाप्रति पूर्ण सजग र अरुलाई पनि समूहगत काममा भाग लिन प्रोत्साहन गर्ने | अरूको भावना, ज्ञान, सीप र क्षमताको पूर्ण कदर गर्ने र सबै सदस्यलाई उत्तिकै जिम्मेवार बनाउने |
| ३ | समूहगत काममा विद्यार्थीको विषयगत ज्ञानको योगदान | सोधिएको खण्डमा मात्र आफ्नो ज्ञान, सूचना, विचार समूहमा आदानप्रदान गर्ने | कहिलेकाहीं मात्र आफ्नो ज्ञान, सूचना, विचार र सीप समूहमा आदान प्रदान गर्ने | स्वतस्फूर्त रूपमा आफ्नो ज्ञान, सूचना, विचार र सीप आदान प्रदान गर्ने | पूर्ण रूपमा स्वतस्फूर्त तरिकाले आफ्नो ज्ञान, सूचना, विचार र सीप आदान प्रदान गर्ने र सो प्रदान गर्दा कसैको प्रोत्साहन तथा निर्देशनको आवश्यकता नपर्ने |
| ४ | समूहमा मिलेर काम गर्ने बानी र जिम्मेवारीको उचित बाँडफाँड | समूहमा काम गर्दा बारम्बार सम्झाइरहनुपर्ने र दिइएको जिम्मेवारी पूरा गर्नु भन्दा अरू काममा ध्यान दिने | प्रायः काम गर्दा अरूमा भर पर्ने र समूहमा काम गर्दा बारम्बार प्रेरणा दिइरहनुपर्ने | स्वतस्फूर्त रूपमा दिइएको जिम्मेवारी पूरा गर्न अग्रसर हुने र व्यक्तिगत तथा समूहगत काम समयमा पूरा गर्न हरदम तयार रहने | स्वतस्फूर्त रूपमा दिइएको जिम्मेवारी पूरा गर्न सधैं अग्रसर भई समूहलाई आफ्नो काममा दक्षता हासिल गर्न पूर्ण योगदान दिने |

**घ) पोर्टफोलियो**

विद्यार्थीको प्रगतिको अनुगमन गर्न प्रत्येक कक्षामा विद्यार्थीको पोर्टफोलियो तयार पारिन्छ । जसमा विद्यार्थीको कामको सङ्कलन गरिन्छ। यस्तो पोर्टफोलियो विद्यार्थी आफैंले तयार पार्छन् । आफूले गरेको कुन काम पोर्टफोलियोमा राख्ने/नराख्ने भन्ने निर्णय विद्यार्थी आफैंले गर्दछ। पोर्टफोलियोमा राख्न सकिने *आइटमहरू* के के हुन सक्छन्? परम्परागत मूल्याङ्कनले विद्यार्थीको उपलब्धिको प्रस्ट तस्बिर दिन सक्दैन। एउटा विद्यार्थीले दुई घण्टा वा तीन घण्टाको परीक्षामा के लेख्यो भन्ने आधारमा त्यस विद्यार्थीले कति सिक्यो भन्ने कुराको निर्क्योल निकालियो भने विद्यार्थीलाई अन्याय पर्न जान्छ । यसको सट्टा विद्यार्थीले कक्षाकार्य, गृहकार्य, परियोजना कार्य तथा शिक्षकहरूले दिनुभएको, अन्य कार्यहरू (जर्नलहरू, विद्यार्थीले तयार पारेका graphic Organiger र Mind Map, समूह कार्यहरू, कक्षाकार्य, गृहकार्य, परियोजना कार्यको प्रस्तुति, चार्ट/ग्राफ, पढेका किताबहरूको सूची, विद्यार्थीको स्वमूल्याङ्कन, विद्यार्थीको सहपाठीको मूल्याङ्कन, लिखित कार्यको नमुना) को अभिलेख राखी त्यस्ता कार्यहरूको मूल्याङ्कन गरी विद्यार्थीको प्रगतिको लेखजोखा गरियो भने बढी भरपर्दो र विश्वसनीय हुन्छ।

विद्यार्थीले आफूले पोर्टफोलियोमा राख्न चाहेको काम किन राख्न चाहेका हो भन्ने कुरा राख्न चाहेको कामको कतै उल्लेख गर्न लगाउनुपर्दछ । यस्ता पोर्टफोलियो कक्षामा विद्यार्थीको सहज पहुँच भएको ठाउँमा राख्नुपर्दछ । पोर्टफोलियो एउटा उद्देश्यमूलक ढङ्गले तयार पारिएको फाइल हो जसमा विद्यार्थीले कति मिहिनेत गरे? उनीहरूको प्रगति कसरी भइरहेको छ ? र उनीहरूले के कति उपलब्धि हासिल गरे भन्ने कुराको पूर्ण जानकारी लिन सकिन्छ । यसले विद्यार्थीको उपलब्धि हासिल गरेको कुराको ठोस जानकारी उपलब्ध गराउँछ। यसमा विद्यार्थीको कामको मूल्याङ्कन समेत गरिन्छ । विद्यार्थी तथा शिक्षकहरूको स्वमूल्याङ्कनले उक्त विद्यार्थीले आगामी दिनमा के गर्नुपर्दछ? कुन कुन सीपमा ध्यान दिनु पर्दछ? भन्ने कुराको प्रस्ट दिशाबोध गराउँदछ। पोर्टफोलियो प्रत्येक *आइटम*मा मिति प्रस्टसँग लेख्न लगाउनुपर्दछ । जसले गर्दा विद्यार्थीको प्रगति सजिलैसँग देख्न सकियोस् । यस्ता पोर्टफोलियोहरू तीन प्रकारका हुन्छन् :

पहिलो: विद्यार्थीको सबैभन्दा राम्रो कामहरूको सङ्कलन

दोस्रो: विद्यार्थीको मूल्याङ्कन नगरिएका कामहरूको वर्णन

तेस्रो: विद्यार्थीको मूल्याङ्कन गरिएका कामहरूको सङ्कलन

पोर्टफोलियो एक प्रकारको कन्टेनर हो जहाँ प्रत्येक विद्यार्थीको सीप, क्षमता, इच्छा र उपलब्धिहरू सञ्चित गरिन्छ। यसले विद्यार्थीलाई सिकाइमा स्वनिर्भर बन्न मद्दत गर्दछ। पोर्टफोलियोले आफूसँग प्रतिस्पर्धा गर्न अग्रसर तुल्याउँछ।

**पोर्टफोलियो मूल्याङ्कन**

पोर्टफोलियो मूल्याङ्कन निरन्तर चल्ने प्रक्रिया हो । विद्यार्थीले गरेका कामहरूको अभिलेख शिक्षकहरूले निरन्तर रूपमा विद्यार्थीसँग छलफल गर्दछन् ।

विद्यार्थीका राम्रा पक्षहरूको बोध गराउने र सुधार गर्नुपर्ने पक्षहरूको निरन्तर जानकारी गराउने र विद्यार्थीलाई आफ्नो उद्देश्य हासिल गर्न जहिल्यै पनि अभिप्रेरित गरिरहने गर्दछन्। यस्ता अभिलेखहरू आफ्ना बालबालिकाले कक्षाकोठामा के काम गरिरहेको छन् भन्ने कुराको जानकारी लिन अभिभावकहरूलाई पनि सजिलो पर्दछ। साथै यस्ता अभिलेख भरपर्दो र आधिकारिक हुने गर्दछ। यस्ता अभिलेखहरू विद्यार्थीको निरन्तर प्रगतिमा के कस्तो परिवर्तन आयो भन्ने कुराको सूचना लिन ज्यादै उपयोगी मानिन्छ।

**त्रैमासिक अवधिको पोर्टफोलियो समीक्षा तथा मूल्याङ्कनको विवरणको नमुना**

**१ प्रत्येक आइटमको मूल्याङ्कन**

| क.स. | आइटम | उद्देश्य | श्रेणी मापन | | | | पृष्ठपोषण |
|---|---|---|---|---|---|---|---|
| | | | उद्देश्य | विविधता | अवधारणा | प्रगति | |
| १ | | | | | | | |

थप अवलोकन: ..........................................................................................................

पोर्टफोलियोको सबैभन्दा राम्रो आइटम: ....................................................................................

पोर्टफोलियोलाई अझै राम्रो बनाउन ध्यान दिनुपर्ने वा सुधार आवश्यक क्षेत्र: ..................................
..........................................................................................................................

आगामी दिनमा निर्धारण गर्नुपर्ने उद्देश्य: ...................................................................................

**अभिभावकको मूल्याङ्कन:** प्रत्येक त्रैमासिक अवधिको अन्त्यमा शिक्षक-अभिभावक छलफल आयोजना गरिन्छ। त्यस्तो बेलामा अभिभावकहरूले आफ्ना बालबालिकाको पोर्टफोलियोको समीक्षा तथा मूल्याङ्कन गर्ने अवसर पाउँछन्। यसले विद्यार्थीको प्रगतिको ठोस प्रमाण उपलब्ध गराउँछ भने उक्त विद्यार्थीले सुधार गर्नुपर्ने पक्षहरू पनि पहिल्याउन सक्छ: ..........................................................................................

**निष्कर्ष :**

युलेन्स स्कूलमा पाँच वर्षदेखि गरेको प्रयोग र परीक्षणको आधारमा ढुक्कले भन्न सकिन्छ, आधारभूत तहको शिक्षाको लागि यो अति नै उपयोगी सावित हुँदोरहेछ। करीब २२ वर्षको शिक्षण अवधिमा पहिलो पल्ट यति व्यवस्थित तरिकाले 'क्यास'को प्रयोग गरिएकाले पनि होला, म त यसबाट असाध्यै प्रभावित भएको छु। कक्षामा नजान्ने बच्चाले प्रश्न सोधेको अक्सर थाहा पाइन्न। तर यहाँ जान्ने र नजान्ने भनेर भेद नै नगरिने भएकाले नजान्नेले पनि आफूलाई जान्नेकै समकक्षमा राख्छ। नजान्ने हुँ भनेर हीनभावना पालेर बस्ने अवस्था नै आउँदैन। कक्षामा को पहिलो हो र को ३०औं विद्यार्थी हो भनेर नै छुट्याइँदैन। पहिले पहिले हामी परीक्षालाई केन्द्रमा राखेर सोच्थ्यौं, परीक्षामा त अक्सर महत्त्वपूर्ण कुरा सोधिने हो। परिणामस्वरुप हामीले विद्यार्थीलाई महत्त्वपूर्ण कुरामा ध्यान दिन लगायौं, कम महत्त्वको ठानिएको कुरा सिकाउन छुटाउँछौं। बच्चाले त सिक्न पाएन नि !

त्यस्तै, परम्परागत शिक्षण पद्धति भएका सार्वजनिक र निजी दुवै खालका स्कूलमा अहिले पनि विद्यार्थीको जिज्ञासालाई स्थान नदिने क्रम जारी छ। जसले अन्ततः उनीहरूलाई जिज्ञासु होइन त्यसको ठीक उल्टो जिज्ञासा नराख्ने मानिस बनाइदिन्छ। शिक्षाको मूल मर्म त मानिसलाई सधैं जिज्ञासु बनाउने पो हो। यो पद्धतिले चाहिँ शिक्षाको यो मर्मलाई खाँटी तरिकाले व्यवहारमा उतारिदिएको छ। त्यसैगरी शिक्षकको लागि आत्ममूल्याङ्कनको मसिनो कसी पनि बन्दोरहेछ यो विधि। कुन बच्चाले के जानेको छ, के जानेको छैन ? कुन बच्चाको कस्तो प्रवृत्ति र क्षमता के छ ? आदि कुराहरूको त हेक्का पाइन्छ नै, आफू शिक्षण कार्यमा कत्तिको सफल हुन सकियो भनेर स्व-मूल्याङ्कन र आत्मसमीक्षा गर्ने गतिलो अवसर पनि यसले उपलब्ध गराइदिन्छ।

तर यो मूल्याङ्कन शिक्षक विद्यार्थी अनुपात ठिक्कको हुनुपर्दछ, शिक्षकले एकदिन पढाउनुपर्ने न्यूनतम घन्टी भने कम हुनु जरुरी छ। एउटा कक्षामा अधिकतम ३० जना विद्यार्थी र एउटा शिक्षकले दैनिक ४५ मिनेटको अधिकतम ४ घण्टी पढाउन पाएमा यो मूल्याङ्कन पद्धति सजिलै प्रयोगमा ल्याउन सकिन्छ। स्कूलमा ठोस, अर्थपूर्ण र 'चामत्कारिक' परिवर्तन ल्याउन चाहने प्रअ तथा शिक्षकहरूले यो पद्धतिलाई अनुसरण गर्न ढिलो नगरेकै राम्रो !

*(युलेन्स स्कुल, खुमलटार ललितपुरका प्रअ लामिछानेले ब्याङ्क स्ट्रीट ग्र्याजुएट स्कूल अफ एजुकेसन यु.एस.ए बाट एजुकेसन लिडरसीपमा एड्भान्स मास्टर डिग्री हासिल गरेका छन्।)*

रिपोर्ट निरन्तर मूल्याङ्कन पद्धति

प्रमोद आयाम

# पुगेन तयारी



**सरकारले २०६३ सालदेखि निरन्तर मूल्याङ्कन पद्धति शुरु गरे पनि थोरै विद्यालयमा मात्रै यसको राम्रो अभ्यास भएको पाइन्छ। यस विधिको प्रभावकारी कार्यान्वयनका निम्ति नीतिगत र व्यावहारिक पक्षमा धेरै सुधार गर्नुपर्ने देखिन्छ।**

शिक्षण कर्ममा दुई दशक बिताएका काभ्रे, टुकुचास्थित श्वेतबराह माविका शिक्षक बालकृष्ण घिमिरेले विद्यार्थी मूल्याङ्कनको आधार उही लिखित परीक्षा मात्रै हो भन्ने बुझेका थिए। तर, यता आएर उनको धारणा बदलिएको छ। कक्षा एकका 'ग्रेड टिचर' घिमिरे अहिले निरन्तर मूल्याङ्कन पद्धति-क्यास (Continuous assessment system-CAS) को अभ्यास गर्दैछन्।

हरेक विषयका पाठ सकिएपछि विद्यार्थीको सिकाइ उपलब्धिका आधारमा मूल्याङ्कन अभिलेख फारममा रेजा (√) लगाउनु र कमजोर विद्यार्थीलाई सुधारात्मक शिक्षणको अभ्यास गर्नु उनको नियमित क्रियाकलाप बनेको छ। विषयगत रूपमा पाठ्यक्रमका उद्देश्य र सिकाइ उपलब्धि चार्टका आधारमा विद्यार्थीले सिके/नसिकेको मूल्याङ्कन गर्छन्। उनी भन्छन्, "शुरुमा केही झन्झटिलो लागे पनि गर्दै जाँदा निरन्तर मूल्याङ्कन सजिलो लाग्छ। तल्ला कक्षाका निम्ति त यो विधि अपरिहार्य रहेछ।"

२०६३ सालमा नयाँ पाठ्यक्रम लागू भएयता श्वेतबराह माविमा 'क्यास'को अभ्यास थालिएको हो। अहिले यसलाई कक्षा पाँचसम्म पुऱ्याइएको छ। हरेक विद्यार्थीका छुट्टाछुट्टै कार्यसञ्चयिका (पोर्टफोलियो) फाइल बनाइएको छ, जहाँ विद्यार्थीको प्रगति विवरण अङ्कित गर्ने गरिन्छ। कक्षा १-३ सम्म लिखित परीक्षा लिइए तापनि विद्यार्थीको कक्षोन्नतिमा भने क्यासलाई नै आधार मान्ने गरिएको छ। कक्षा ४-५ मा 'क्यास' र लिखित परीक्षालाई ५०-५० प्रतिशत अङ्कभार दिने गरिएको छ। शिक्षकहरूका अनुसार, 'क्यास' लागू भएपछि विद्यार्थीको सिकाइ उपलब्धि र कक्षा उपस्थिति दरमा सुधार आएको छ। 'क्यास'को अभ्यासपूर्व २०६५ सालमा कक्षा ५ को औसत सिकाइ उपलब्धि नेपालीमा ४८.७१, अङ्ग्रेजीमा ३९.३९, गणितमा ४०.७३, विज्ञानमा ४२.९० र सामाजिकमा ३९.८५ प्रतिशत मापन गरिएको थियो। 'क्यास' लागू भएपछि सोही कक्षा सिकाइ उपलब्धि (२०६७ मा) दर क्रमश: ६३.८८, ५८.५१, ५८.०७, ६३.०२ र ५३.९५ प्रतिशत पुगेको छ।

टुकुचाकै रत्नचुण्डेश्वर निमाविमा पनि शैक्षिक वर्ष २०६३ देखि 'क्यास' चलिरहेको छ। हरेक विद्यार्थीको कार्यसञ्चयिका फाइल राख्ने र पाठ्यक्रमको उद्देश्यका आधारमा विद्यार्थीको मूल्याङ्कन गरेर रेजा लगाउने अभ्यास यहाँका शिक्षकले पनि गरेको पाइन्छ। त्यसैका आधारमा त्रैमासिक, अर्धवार्षिक र वार्षिक परीक्षाको मूल्याङ्कन गरिन्छ र विद्यार्थीको कक्षोन्नति गरिन्छ।




आवरणसहित सबै तस्बिर: प्रमोद आयाम

पाठगत मूल्याङ्कनका आधारमा कमजोर देखिएका विद्यार्थीलाई थप प्राथमिकता दिएर सिकाउने गरिएको छ। हरेक 'टर्मिनल' परीक्षाको नतिजा अभिभावकको उपस्थितिमा सुनाउने गरिएको छ। 'क्यास' लागू भएपछि यहाँको पनि सिकाइ उपलब्धिको दर बढेको देखिन्छ।

जिल्ला शिक्षा कार्यालय, काभ्रेले विद्यालयहरूलाई 'क्यास' अभिलेख र प्रगति विवरण फारमका अतिरिक्त समस्या विश्लेषण, मासिक मूल्याङ्कन, सिकाइ समस्या समष्टिगत फारमका नमुना प्रति पनि बनाइदिएको छ। समस्या विश्लेषण फारममा कमजोर देखिएका विद्यार्थीका समस्या, निदानका लागि गरिएको उपाय र निदानपछि आएका परिवर्तनलाई पाठगत रूपमा उल्लेख गर्नुपर्ने हुन्छ। यस्तै, समस्या समष्टिगत फारममा विद्यार्थीको सिकाइमा देखिएका समग्र समस्या र त्यसमा कक्षा शिक्षक, प्रअ तथा विनि/स्रोतव्यक्तिको राय उल्लेख गर्नुपर्ने हुन्छ। तर, माथिका दुवै विद्यालयमा यी दुई फारम चाहिँ भर्ने गरिएको पाइँदैन। किन त? रत्नचुण्डेश्वर निमाविका शिक्षक हरिप्रसाद घिमिरे भन्छन्, "राम्रोसँग नबुझेर फारम नभरेको हो।"

'क्यास' पद्धति अपनाएको बनेपास्थित आजाद उमाविमा भने विद्यार्थीको व्यक्तिगत कार्यसञ्चयिका फाइल समेत राखेको पाइँदैन। जबकि फाइल र फारमकै निम्ति जिशिकाले यो विद्यालयलाई यस वर्ष रु.६,४६१ निकासा दिएको छ। क्यास अभिलेख फारममा रेजा लगाउनेसम्मको काम भए तापनि त्यो त्यति सन्तोषजनक देखिँदैन। कक्षा एकको 'ग्रेड टिचर' दया प्रजापतिले नेपाली विषयको पाठ-२८ सम्म पढाइसकेकी भए पनि उनले पाठ-२० सम्म मात्रै मूल्याङ्कन गरेर रेजा लगाएकी छिन्। यस्तो गर्नु 'क्यास' अवधारणाको ठीक विपरीत हुन्छ। प्रजापति स्पष्टीकरण दिन्छिन्, "दशैं बिदापछि सबै विद्यार्थी विद्यालय आएका छैनन्। त्यसैले रेजा नलगाएको।"

यस्तै कमजोरी बुडोलस्थित भक्तेश्वर निमाविमा पनि भेटिन्छ। कक्षा दुईकी शिक्षक पार्वती केसीले गणित विषयमा पाठ-२० सकिसकेकी छिन्। तर, उनले पाठ-११ भन्दा माथि मूल्याङ्कन नै गरेकी छैनन्। यस्तै 'ग्याप' अरू विषयमा पनि छ। हरेक विषयमा २/३ वटा पाठको संयुक्त 'युनिट टेस्ट' लिएर त्यसमा देखिने नतिजाका आधारमा रेजा लगाउने गरेको केसी बताउँछिन्। "मैले 'क्यास'को तालिम लिन पाएको छैन। त्यसैले सबै कुरा बुझ्न गाह्रो परेको छ", उनको कथन थियो। भक्तेश्वरमा पनि विद्यार्थीको कार्यसञ्चयिका फाइल बनाइएको छैन। कक्षा १-३ मा क्यासकै आधारमा कक्षा चढाउने सरकारी नीति रहे पनि आजाद र भक्तेश्वरमा तीन वटा लिखित परीक्षालाई नै आधार मान्ने गरेको पाइयो।

पाठ्यक्रम विकास केन्द्रले बनाएको 'निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन पुस्तिका' अनुसार, विद्यार्थीको कक्षा कार्य (सहभागिता), परियोजना कार्य, व्यावहारिक परिवर्तन, सिर्जनात्मक कार्य, हाजिरी र प्रश्नोत्तर विधिको समग्र मूल्याङ्कनका आधारमा पाठगत रेजा लगाउनुपर्ने हुन्छ। तर, प्रायः शिक्षकहरूले कक्षा कार्य र प्रश्नोत्तरलाई मात्रै यसको आधार मान्ने गरेको देखिन्छ। कार्यसञ्चयिका फाइलमा विद्यार्थीका प्रोजेक्ट कार्य, सिर्जनात्मक कार्य, व्यावहारिक परिवर्तनका टिपोटहरू राख्नुपर्ने भए पनि फाइल प्रयोगमा ल्याएका विद्यालयले पनि त्यसो गरेका छैनन्। काभ्रेको नाला स्रोत केन्द्रका स्रोतव्यक्ति रामशरण बजगाईंको भनाइमा विद्यार्थीका विवरण टिपोट गर्न झन्झट मान्ने र क्यासको ज्ञान/सीप सबै शिक्षकमा नहुँदा यो विधि प्रभावकारी हुन नसकेको हो। पाठ्यक्रम विकास केन्द्रले पठाएका 'क्यास'को परिचय, कार्यान्वयनको तरिका, नमुना फारमसहितको कार्यान्वयन पुस्तिका सबैजसो विद्यालयका दराजमा थन्किएका भेटिन्छन्। तिनको अध्ययन गर्ने तत्परता कमै शिक्षकले देखाएको पाइन्छ।

## काठमाडौंका पनि उस्तै

काठमाठौंको फर्पिङ स्रोत केन्द्रले मातहतका २१ विद्यालयका २-२ जना शिक्षकलाई निरन्तर मूल्याङ्कन सम्बन्धी तीनदिने अभिमुखीकरण तालिम दियो। त्योसँगै केन्द्रले हरेक विद्यालयमा 'क्यास' कार्यान्वयन पुस्तिका,

**श्वेतबराह मावि, काभ्रेका कक्षा १ का छात्रछात्रा कक्षा-कार्यमा रमाउँदै।**

# रिपोर्ट निरन्तर मूल्याङ्कन पद्धति

## ‘कमजोरी हाम्रो पनि हो’



**तुलसीप्रसाद आचार्य**
उपसचिव
पाठ्यक्रम विकास केन्द्र

**निरन्तर विद्यार्थी मूल्याङ्कन (क्यास) किन शुरु गरिएको हो ?**

विद्यार्थीको मूल्याङ्कन लिखित परीक्षामा सीमित गर्दा एकपक्षीय हुन्छ। निरन्तर मूल्याङ्कन विद्यार्थीको बृहत् र सर्वपक्षीय प्रतिभाको मापन गर्ने विधि हो। यसले विद्यार्थीको विषयगत ज्ञान, सिर्जनशीलता, सामाजिकीकरण, अन्तरनिहित प्रतिभालाई पनि प्रस्फुटन गराउँछ। त्यसैले मूल्याङ्कन प्रणालीलाई वस्तुनिष्ठ बनाउनका लागि यो विधि लागू गरिएको हो।

**विद्यालयमा ‘क्यास’को प्रयोग कत्तिको सन्तोषजनक छ ?**

त्यति सन्तोषजनक देखिँदैन। शिक्षकहरू लामो समयदेखि लिखित परीक्षा प्रणालीमा अभ्यस्त शिक्षकहरूलाई नयाँ विधि आत्मसात् गर्न गाह्रो परेको हुनसक्छ। गत वर्ष शिक्षा विभागबाट ‘क्यास’का लागि प्रति विद्यार्थी रु.५० दिन थालेपछि चाहिँ शिक्षकको चासो देखिन थालेको छ।

**शिक्षकहरूमा ‘क्यास’ बारे पर्याप्त ज्ञान/सीप नै पुगेको पाइँदैन नि ?**

विनि/स्रोतव्यक्तिलाई ‘क्यास’को अवधारणा दिई उनीहरूबाट हरेक स्रोत केन्द्रमा शिक्षकलाई अभिमुखीकरण दिइएको हो। तर, त्यो पर्याप्त भएन। अझैसम्म पनि सबै शिक्षकमा क्यासको जानकारी पुगेको छैन। पाठ्यक्रम विकास केन्द्रले क्यासको नीति त बनायो; तर, त्यसका लागि बजेट दिने शिक्षा विभाग र तालिम दिने निकाय शैक्षिक जनशक्ति विकास केन्द्रसँग पर्याप्त समन्वय पनि गर्न सकिएन। यसमा पनि हाम्रो कमजोरी देखियो।

**‘क्यास’को सबल कार्यान्वयनका निम्ति पाठ्यक्रम विकास केन्द्रको थप योजना के छ ?**

यो मूल्याङ्कन पद्धतिलाई कसरी सरल र प्रभावकारी बनाउन सकिन्छ भनेर हामी सरोकारवालाहरूसँग छलफल गर्दैछौं। साथै, क्षेत्रीयस्तरमा पाँच वटा कार्यशाला राख्ने तयारीमा छौं। कार्यशालामा क्यास कार्यान्वयनको अवस्था, कठिनाई, कमजोरीको लेखाजोखा गरिनेछ। त्यसमा प्राप्त हुने सुझाव र निचोडका आधारमा क्यासलाई अझ सरलीकृत गर्दै लैजाने योजना छ।

कार्यसञ्चयिका फाइल र मूल्याङ्कन फारमको नमुना पनि पठायो। तर, त्यहाँका कुनै पनि विद्यालयमा निरन्तर मूल्याङ्कनको प्रयोग भेटिँदैन। *शिक्षक* प्रतिनिधिले फर्पिङ स्रोत केन्द्रका ६ विद्यालयमा ‘क्यास’ कार्यान्वयनको अवस्थाबारे बुझ्दा अरुणोदय उमावि, सतीखेलले मूल्याङ्कन अभिलेख फारमसम्म तयार गरेको पाइयो। अरूले त्यही पनि गरेका छैनन्।

‘क्यास’को अभिमुखीकरण पाएका कतिपय शिक्षकहरू अझै पनि यो मूल्याङ्कन विधि राम्ररी बुझ्न नसकेका गुनासो गर्छन्। चाल्नाखेलस्थित चाल्नाखेल निमाविका शिक्षक शिवराज खड्का र भगवती केसीले स्रोत केन्द्रबाट ‘क्यास’को अभिमुखीकरण लिए पनि कक्षाकोठामा यसको कार्यान्वयन गरेका छैनन्। ‘क्यास’ विधि ‘झन्झटिलो र कठिन’ भएकाले प्रयोग नगरिएको खड्काको भनाइ छ।

फर्पिङ उमाविका पद्मलक्ष्मी ताम्राकार र सुनिता बलामीले गत असारमा ‘क्यास’को अभिमुखीकरण तालिम त लिए, तर आफूले सिकेको सीप सहकर्मीसम्म पुऱ्याएका छैनन्। बलामी भन्छिन्, “हेडसरले यसपालि भ्याइँदैन, अर्को वर्ष लागू गर्ने भन्नुभयो। अनि अरू सर/मिसलाई पनि भनिएन।”

यता सेतीदेवी मावि, टल्कुमा चाहिँ कार्यसञ्चयिका फाइल बनाउन नसकेर क्यासको कार्यान्वयन रोकिएको छ। सेतीदेवीका शिक्षक अशोक बलामी भन्छन्, “फाइल अर्डर गर्नका लागि प्रेसमा पनि गयौं। तर, हाम्रो विद्यालयको लागि मात्रै फाइल बनाउँदा महङ्गो पर्ने देखेर फर्केर आयौं।” टल्कुकै इन्द्रायणी र कालीदेवी निमावि पनि त्यसैमा अड्किएका छन्। स्रोत केन्द्र अन्तर्गतका सबै विद्यालय मिलेर फाइल अर्डर गर्दा सस्तो पर्ने भए पनि त्यो जाँगर विद्यालयहरूले देखाउन सकेका छैनन्। न त स्रोत केन्द्रले नै त्यसको समन्वय गरिदिएको छ।

कीर्तिपुर स्रोत केन्द्रले गत जेठमा मातहतका सबै विद्यालयका एक-एक जना शिक्षकलाई क्यासको तीन दिने अभिमुखीकरण तालिम दिए पनि विद्यालयमा यो लागू हुनसकेको छैन। स्रोतव्यक्ति कुलप्रसाद भट्टराईका अनुसार, यहाँ पनि फाइल नभएकै कारणले ‘क्यास’को कार्यान्वयन रोकिएको हो।

### व्यवस्थापकीय कमजोरी

निरन्तर विद्यार्थी मूल्याङ्कनको अभ्यास नेपालका लागि बिल्कुलै नयाँ प्रयोग होइन। नयाँ शिक्षा, २०२८ को पाठ्यक्रममा पनि पाठैपिच्छे मूल्याङ्कन गर्ने र विद्यार्थीको सिकाइ उपलब्धिको प्रगति फारम भर्ने व्यवस्था थियो। तर, त्यतिबेला यसका निम्ति सीप-स्रोतको अभाव र शिक्षक अभ्यस्त तुल्याउन पर्याप्त तयारी नगरिएका कारण त्यो प्रयास निरर्थक बन्न पुगेको थियो।

नयाँ शिक्षा (२०२८) पद्धति उल्ट्याएको धेरै पछि आएर २०५७ सालमा सरकारले पुन: इलाम, चितवन, स्याङ्जा, सुर्खेत र कञ्चनपुरमा निरन्तर मूल्याङ्कनको परीक्षण कार्यक्रम शुरु गऱ्यो। तीन वर्षसम्म गरिएको यो परीक्षण पनि असफल भएको अध्ययनले देखायो। परीक्षण अवधिमा विद्यार्थीको सिकाइ उपलब्धि, उपस्थिति र विद्यालय छोड्ने दरमा खासै सुधार नआएको तथ्य अध्ययन प्रतिवेदनले दिएको छ। ‘क्यास’को विधि र अवधारणाबारे शिक्षकहरूमा पर्याप्त जानकारी नपुग्नु, शिक्षकले जिम्मेवारी वहन नगर्नु, ‘क्यास’लाई उदार कक्षोन्नतिको रूपमा मात्र लिइनु, अनुगमनको अभाव जस्ता कारणले परीक्षण कार्यक्रम असफल भएको

निचोड प्रतिवेदनमा छ। त्यसले निरन्तर मूल्याङ्कन पद्धति सबै विद्यालयमा लागू गर्नुपूर्व शिक्षकलाई यसका ज्ञान/सीपको विकास तथा जिम्मेवारीप्रति उत्तरदायी बनाउन सुझाव पनि दिएको छ।

२०६२ मा परिमार्जित कक्षा १-३ र २०६५ मा परिमार्जित कक्षा ४-५ को पाठ्यक्रममा निरन्तर मूल्याङ्कन पद्धति (क्यास)लाई अनिवार्य गरियो। त्यस अनुसार, पाठ्यक्रम विकास केन्द्रले शैक्षिक वर्ष २०६३ मा कक्षा एकदेखि 'क्यास' शुरु गर्‍यो। तर, बहुसङ्ख्यक विद्यालयले यसलाई कार्यान्वयन गर्न सकेनन्। यसो हुनुमा सरकारी निकाय नै बढी जिम्मेवार देखिन्छन्। क्यासलाई पाठ्यक्रममा त राखियो, तर सरकारले न शिक्षकलाई यसको विस्तृत ज्ञान/सीपको विकास गराउन सक्यो, न त यस निम्ति आवश्यक फाइल र फारमको व्यवस्था नै। पाठ्यक्रम विकास केन्द्रका उपसचिव तुलसीप्रसाद आचार्य भन्छन्, "क्यासलाई नीतिमा त राखियो। तर, त्यसको कार्यान्वयनका लागि आवश्यक पर्ने बजेट र कार्यक्रम चाहिँ दिन सकिएन। यो हाम्रै कमजोरी हो।"

शिक्षा विभागले आव २०६७/६८ मा 'क्यास'को अभिमुखीकरण र कार्यसञ्चयिका फाइल/फारम तयारीका लागि रु.१५ करोड छुट्याएको थियो। तर, जेठमा मात्रै बजेट निकासा भएका कारण जेठ/असारमा मात्रै अभिमुखीकरण कक्षा सञ्चालन भए भने फाइलका लागि प्रति विद्यार्थी रु.५० को दरले दिइएको रकम पनि असारमा मात्रै विद्यालयमा पुग्यो। जबकि यो काम शैक्षिक वर्ष शुरु नहुँदै (वैशाख अघि नै) हुनुपर्थ्यो।

नीतिगत हिसाबले निरन्तर मूल्याङ्कन यतिखेर कक्षा पाँचसम्म विस्तार भइसकेको अवस्था भए पनि कार्यसञ्चयिका फाइलका लागि कक्षा १-५ का सबै विद्यार्थीलाई पुग्ने गरी विभागले बजेट पठाएको छैन। फलत: जिशिका, काठमाडौंले कक्षा १-३ का विद्यार्थीका लागि मात्रै रकम विद्यालयमा पठाएको छ भने काभ्रेले पाँचसम्मकै विद्यार्थीलाई केन्द्रित गरे पनि अपुरो रकम विद्यालयलाई दिएको छ।

### सुधार्नुपर्ने कुरा

विद्यालय क्षेत्र सुधार कार्यक्रमले आधारभूत तह(कक्षा १-८) सम्मै निरन्तर मूल्याङ्कनको परिकल्पना गरेको छ। 'क्यास'मार्फत उपचारात्मक र सुधारात्मक शिक्षण गराउँदै कक्षा दोहोर्‍याउने क्रमको अन्त्य गर्ने यसको लक्ष्य छ।

तर, निरन्तर मूल्याङ्कनको प्रभावकारी कार्यान्वयनका निम्ति यसका नीतिगत र व्यावहारिक पक्षमा धेरै नै सुधार गर्नुपर्ने देखिन्छ। पहिलो कुरा त विद्यालयका प्रअसहित हरेक शिक्षकसम्म क्यासको अवधारणा र प्रयोग विधिबारे विस्तृत जानकारी पुर्‍याउनु आवश्यक छ। एउटा विद्यालयका एकाध शिक्षकलाई मात्रै अभिमुखीकरण दिएर मात्रै पनि पुग्ने देखिँदैन। जिशिका, काभ्रेका उपसचिव खेम पोखरेल भन्छन्, "विगतमा दिइएका फुटकर तालिम प्रभावकारी भएनन्। अब




## आदर्शसौलको भिन्न अभ्यास

ललितपुर जिल्लाको राम्रा सामुदायिक विद्यालयहरूको सूचीमा पर्ने आदर्शसौल उमावि, बुङ्मतीमा २०६७ देखि निरन्तर मूल्याङ्कन पद्धति(क्यास) लागू गरिएको छ। यहाँ कक्षा १ देखि ८ सम्म एकसाथ 'क्यास'को प्रयोग थालिएको हो। यो विद्यालयले सरकारी मापदण्डभन्दा केही फरक खालको मूल्याङ्कन पद्धति बनाएको छ।

यहाँ पहिलो त्रैमासिक अगाडि दुई पटक 'युनिट टेस्ट' लिइन्छ। जुन २५-२५ अङ्कको हुन्छ। त्यस्तै अन्य क्रियाकलापलाई ५० प्रतिशत अङ्कभार दिइएको छ। विद्यार्थीको कक्षागत सहभागिता, गृहकार्य, परियोजना कार्य र व्यवहार परिवर्तनलाई १०-१० तथा सिर्जनशीलता र कक्षा उपस्थितिको लागि अधिकतम ५-५ अङ्क छुट्याइएको छ। यसबाट विद्यार्थीले पाउने कुल अङ्कलाई विषय अनुसार २० वा २५ प्रतिशतमा ढालिन्छ। अनि ७५ वा ८० पूर्णाङ्कको अर्को लिखित परीक्षाको अङ्कलाई जोडेर कुल प्राप्ताङ्क निकाल्ने गरिएको छ। दोस्रो त्रैमासिक र वार्षिक परीक्षामा पनि सोही विधिमा मूल्याङ्कन गरिन्छ भने तीनवटै परीक्षाको औसत प्राप्ताङ्कको आधारमा विद्यार्थीको कक्षोन्नति गर्ने गरिएको छ। आदर्शसौलका प्रअ भीम सापकोटाका अनुसार, तीन वटै परीक्षाको प्रगति विवरण अभिभावकलाई पठाउने गरिएको छ।

विद्यालयले हरेक शिक्षकलाई डायरी उपलब्ध गराएको छ। शिक्षकले दैनिक रूपमा विद्यार्थीका विविध पक्षका सङ्केतलाई डायरीमा नोट गर्दछन्। अनि त्यसमा कमजोरी देखिएमा विद्यार्थीको सुधारात्मक शिक्षण गरिन्छ। पाठगत विषयवस्तुका आधारमा विद्यार्थीलाई परियोजना कार्यहरू गराइन्छ। निरन्तर मूल्याङ्कनका क्रममा सिर्जनशीलतामा विद्यार्थीका अतिरिक्त सीपको क्षमतालाई आधार मानिन्छ भने विद्यार्थीको आचरण, मिहिनेत, मिलनसारिता जस्ता गुणका आधारमा व्यवहार परिवर्तनको अङ्क दिने गरिएको छ। क्यास लागू भएको शुरुका दिनमा शिक्षकले कार्यबोझ बढेको महसुस गरे पनि अहिले सहज रूपमा लिएका छन्। प्राथमिक शिक्षक मीना शर्मा भन्छिन्, "यो त शिक्षकले गर्नैपर्ने काम रहेछ। अझ बढी मिहिनेत गरौं भन्ने लागेको छ।"

'क्यास' लागू भएयता विद्यार्थीको उपस्थिति दर बढेको र विद्यालय छोड्ने दर न्यून हुँदै गएको शिक्षकहरूको भनाइ छ। सबै तहका विद्यार्थीको सिकाइ उपलब्धि दर पनि बढेको पाइएको छ। जस्तै; २०६६ सालमा कक्षा ६ को औसत उपलब्धि दर अङ्ग्रेजीमा ४५.७०, गणितमा ३६.३० र विज्ञानमा ३६.८७ प्रतिशत थियो। २०६७ मा क्यास लागू भएपछि यो दर क्रमश: ५४.५०, ४४.३५ र ३८.४२ प्रतिशत पुगेको देखिन्छ। 📖

# ‘बल्ल शिक्षक हुन खोजिँदैछ’

**हरिशरण दुलाल**
श्वेतबराह मावि, टुकुचा, काभ्रे



लिखित परीक्षा लिएर त्यसको नतिजाका आधारमा विद्यार्थीलाई पास/फेल गराउने अभ्यासमै १४ वर्ष बितेछ। ‘लिखित जाँच’को नाममा विद्यार्थीको सुनाइ र बोलाइको क्षमतालाई त हामीले मतलब गरेका रहेनछौं। जब क्यासको तालिम पाएँ, तब महसुस हुनथाल्यो कि विद्यार्थीको एकपक्षीय मूल्याङ्कन पो गरिएछ ! सिकाइमा सुनाइ र बोलाइ पनि महत्त्वपूर्ण रहेछन्।

अहिले सिकाइ उपलब्धि चार्टका आधारमा विद्यार्थीले सिके/नसिकेको मूल्याङ्कन गर्न थालेको छु। कक्षा कार्य, समूह कार्य, परियोजना कार्यसँगै विषयवस्तुसँग सम्बन्धित विभिन्न क्रियाकलाप गराउँछु। म कक्षा तीनको ‘ग्रेड टिचर’ हुँ। निरन्तर मूल्याङ्कनमा हरेक पाठपछि सिकाइको स्तर जाँचिने हुँदा विद्यार्थीको क्षमतालाई नजिकबाट नियाल्ने मौका पाइने रहेछ। कमजोर देखिएका विद्यार्थीलाई उसको साथीसँग राखेर सिक्न लगाउँछु। आफैले पनि अभिप्रेरित गर्छु।

‘क्यास’ शुरु भएपछि शिक्षक-विद्यार्थीबीचको आत्मीयता बढेको छ। विद्यार्थी अरु बढी रम्फ्रामिन आउँछन्। कक्षा उपस्थिति पनि बढेको छ। ‘ड्रपआउट रेट’ घट्दैछ। शुरुमा केही फन्फट र अन्योल लागे पनि गर्दै जाँदा यो विधि सजिलो हुने रहेछ। मलाई त बल्ल वास्तविक शिक्षक भएको महसुस हुँदैछ। तल्लो कक्षाका विद्यार्थीका निम्ति त ‘क्यास’ अपरिहार्य नै रहेछ। सबै शिक्षकलाई निरन्तर यसको तालिम दिनु आवश्यक छ। तर, अल्छी शिक्षकले यो काम गर्न सक्दैन। यसलाई नित्यकर्म ठान्ने प्रतिबद्ध शिक्षकले मात्रै यसमा आफूलाई समर्पित गर्न सक्छन्।



**तालिम त लिइयो तर...**
**फर्पिङ उमावि काठमाडौंकी शिक्षक पद्मलक्ष्मी ताम्राकार र सुनिता बलामी।**

सबै शिक्षकलाई समेट्ने गरी ‘होल स्कूल एप्रोच’मै तालिम चलाउनुपर्छ।” साथै, निरन्तर मूल्याङ्कन लक्षित गरिएका तहका सबै विद्यार्थीलाई पुग्ने गरी फाइल तथा मूल्याङ्कन फारम तयारीका निम्ति पर्याप्त रकम विद्यालयमा पठाउन सक्नुपर्छ।

‘क्यास’ कार्यान्वयनको महत्त्वपूर्ण पक्ष शिक्षकहरू नै हुन्। वर्षौंसम्म ‘पेपर-पेन्सिल टेस्ट’मा अभ्यस्त शिक्षकलाई निरन्तर मूल्याङ्कनको ‘ट्र्याक’मा डोऱ्याउन ठूलै मानसिक र भौतिक कसरत जरुरी पर्छ। ‘क्यास’प्रति शिक्षकमा सकारात्मक मनोवृत्तिको विकास नभएसम्म यसको उच्चतम प्रतिफलको सम्भावना रहँदैन। पाठगत मूल्याङ्कनमा शिक्षकले फन्फट मान्ने प्रवृत्ति नै अहिले सबैभन्दा अहं समस्या देखिएको छ। यो अवस्थामा शिक्षकले विद्यार्थीको वस्तुनिष्ठ मूल्याङ्कन नै नगरी ‘हचुवा’का भरमा रेजा लगाइने सम्भावना पनि रहन्छ। यस्तो प्रवृत्तिलाई निरुत्साहित तुल्याउन प्रअलाई शिक्षकको नियमित अनुगमनमा लगाउनुपर्ने हुन्छ।

निरन्तर विद्यार्थी मूल्याङ्कनले अभिभावकलाई पनि महत्त्वपूर्ण साझेदार पक्ष मानेको छ। खासगरी बालबच्चालाई नियमित विद्यालय पठाउने, घरमा पनि पढाइको वातावरण बनाइदिने, बेलाबेलामा विद्यालय पुगेर सिकाइ उपलब्धिबारे जानकारी लिने सवालमा अभिभावकको भूमिका रहन्छ। अतः ‘क्यास’को महत्त्वको बारेमा अभिभावकलाई जागरुक तुल्याउनु पनि उत्तिकै जरुरी देखिन्छ।

शिक्षक-विद्यार्थीबीचको अनुपातमा देखिएको असन्तुलन पनि सामुदायिक विद्यालयको अर्को समस्या हो। विद्यार्थी अनुपात बढी भएको अवस्थामा ‘क्यास’को अभ्यास स्वतः असहज हुन्छ। शिक्षक-विद्यार्थी अनुपातलाई सन्तुलित बनाउने प्रयास नगरी ‘क्यास’ कार्यान्वयन गर्न खोज्दा प्रत्युत्पादक हुने तर्फ सरकारी निकायहरूले समयमै ध्यान दिनुपर्ने देखिन्छ।

# पानी र चर्पीको सुविधाले विद्यालय परिवारको स्वास्थ्यमा आएको सुधार

■ टिकाराम शाही

शकुन्तला टमाटा विद्यालयमा 'पढ्ने' छात्रामै गनिन्छिन्। तर उनलाई भने विद्यालय सम्झिँदै दिक्क लाग्थ्यो। यो दिग्दारी र विरक्तिको कारण थियो, विद्यालयमा चर्पी नहुनु। "विद्यालयमा चर्पी नहुञ्जेल त दिसापिसाब लाग्यो कि कक्षा नै छुटाएर जङ्गल जानुपर्थ्यो। अनि एकातिर सरहरूको गाली खाइने, अर्कातिर अरूले देख्लान् भन्ने डर" पहिलेको कुरा सम्झिँदै उनी भन्छिन्। आजभोलि विद्यालयमै चर्पी र पानीको व्यवस्था भएपछि विद्यार्थीलाई सजिलो भएको छ। पानी बोकेर कक्षा कोठाको भुईं लिप्न बाध्य विद्यार्थीको दुःखको पनि अन्त्य भएको छ।

नेपालको ग्रामीण क्षेत्रका अधिकांश विद्यालयको सन्दर्भसँग मेल खाने यो प्रसङ्ग सुर्खेत जिल्लाको कुनाथरी-८ स्थित श्री भैरव प्राथमिक विद्यालयको हो। २०३४ सालमा स्थापना भएको यस विद्यालयमा हाल २५० जना विद्यार्थी अध्ययनरत छन्। शुरुमा समुदायको सक्रियतामा निर्मित ६ कोठे कामचलाउ भवन थियो। अहिले आईएनएफ र कोडेकबाट प्राप्त सहयोगबाट काठको ६ कोठे व्यवस्थित भवन निर्माण भएको छ।

बल्लतल्ल जुटाएको आर्थिक सहयोगबाट भवन बनाएर पठनपाठन शुरु गरिए पनि गुणस्तरीय शिक्षाका लागि आवश्यक पर्ने खानेपानी र चर्पी जस्ता भौतिक सुविधाहरूको भने यहाँ अभाव नै थियो। विद्यार्थीले मात्र नभई शिक्षकले समेत शकुन्तलाको जस्तो समस्या भोग्नु परिरहेको थियो। "दूषित पानी खानुपर्ने बाध्यताले हामीलाई झाडापखाला, आउँमासी जस्ता रोगहरू लागेर कैयौं दिन विद्यालय आउन सकेका थिएनौं" दुःखका दिन सम्झँदै भन्छन् कक्षा चारका छात्र सन्तोष बि.क.।

## बदलिएको परिस्थिति

तर अहिले भने भैरव प्राथमिक विद्यालयका विद्यार्थी र शिक्षकहरूले यो दुःखबाट छुटकारा पाएका छन्। अष्ट्रेलियन सहयोग नियोगको आर्थिक तथा वाटरएड नेपालको व्यवस्थापकीय सहयोग र नेपाल स्वास्थ्यको लागि पानी (नेवा) को प्राविधिक सहजीकरणमा आ.व. २०६७/६८ मा स्थानीय खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको प्रत्यक्ष संलग्नतामा सञ्चालन गरिएको आलडाँडा खानेपानी तथा सरसफाइ आयोजना अन्तर्गत यस विद्यालयलाई पनि खानेपानी र सरसफाइ सुविधा उपलब्ध गराइयो। हाल यस विद्यालयमा खानेपानी जम्मा गर्ने छुट्टै ट्याङ्की, धारा र छात्र-छात्राका लागि उपयोगी हुने बेग्लाबेग्लै चारकोठे चर्पी निर्माण गरिएको छ। विद्यार्थी तथा शिक्षकहरूलाई सहभागी गराएर व्यक्तिगत एवं वातावरणीय सरसफाइबारे चलाइएको अभियानले सबैलाई सचेत र जागरुक तुल्याएको छ।

विद्यालयमा निर्मित चर्पी र खानेपानीको दिगो व्यवस्थापन गर्न विद्यालय व्यवस्थापन समितिले अभिभावकहरूलाई पनि उत्प्रेरित गर्ने कार्य गरेको छ। हाल चर्पी सरसफाइ र मर्मतसम्भारका लागि विद्यालय सहयोगी, विद्यार्थी र शिक्षक समेतको एक व्यवस्थापन समूह गठन गरिएको छ। शिक्षकहरूले प्रति महिना दश रुपैयाँ, व्यवस्थापन समितिबाट पाँच रुपैयाँ र विद्यार्थी भाइबहिनीहरूले एक रुपैयाँका दरले रकम जम्मा गरी त्यसबाट फिनेल, साबुन, हर्पिक र ब्रस जस्ता चर्पी सरसफाइका सामग्री खरिद गर्ने तथा सबैले मिलीजुली चर्पी सफा गर्ने नियम बनाइएको छ।

विद्यालयमा स्वास्थ्य र सरसफाइ शिक्षा सञ्चालन गरेपछि विद्यार्थीहरूमा सकारात्मक परिवर्तन आएको बताउनुहुन्छ यस विद्यालयका प्रधानाध्यापक टङ्कबहादुर शाही। "विद्यालयमै खानेपानी र चर्पी सुविधाको व्यवस्था भएपछि पठनपाठनका लागि समय बचत भएको छ। विद्यार्थीहरूको व्यक्तिगत सरसफाइमा सुधार आएको छ। दूषित पानीबाट लाग्ने रोगहरूबाट सुरक्षित भएको महसुस भएको छ। विद्यालय वरपरको वातावरणमा सुधार आएको छ", उहाँ भन्नुहुन्छ।

भैरव प्राविमा आएको यो परिवर्तनलाई अरू विद्यालयमा पनि अनुसरण गर्न सके यसले विद्यार्थीको शिक्षा, स्वास्थ्य र आत्मसम्मान वृद्धिमा पक्कै सघाउ पुग्ने निश्चित छ।

*शिक्षक, भैरव प्रावि, कुनाथरी-८ सुर्खेत*





## रिपोर्ट निरन्तर मूल्याङ्कन पद्धति

**बाबुराम विश्वकर्मा**

# प्रगतिपथमा प्रगति शिक्षा सदन

पाठ्यक्रम विकास केन्द्रले २०६३ सालमा शुरु गरेको *निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली (क्यास)* ले ललितपुरको कुपण्डोलस्थित प्रगति शिक्षा सदनको एसएलसी परिणाम मात्रै सुधारेको छैन; पठनपाठन र छात्रछात्राको समग्र विकासमा समेत सकारात्मक योगदान गरेको छ।

विद्यार्थीको सिकाइ उपलब्धि स्तर परीक्षण गर्ने आदर्श विधि ठानिएको भए पनि देशका अधिकांश सार्वजनिक विद्यालयमा यो मूल्याङ्कन प्रणाली प्रभावकारी ढङ्गले लागू हुन सकेको छैन।

प्रगति शिक्षा सदनमा 'क्यास'को प्रयोजनका लागि स्कूलका सबै छात्रछात्राको व्यक्तिगत मूल्याङ्कन फाइल तयार गरिएको छ। उक्त फाइलमा विषय शिक्षकले विद्यार्थीको हाजिरी, पाठगत परीक्षा, कक्षा कार्य, परियोजना कार्य, गृहकार्य र व्यवहारगत परिवर्तनका आधारमा दैनिक मूल्याङ्कन विवरण भर्ने गर्छन्। विषय शिक्षकहरूको मूल्याङ्कनका आधारमा कक्षा शिक्षकले हरेक विद्यार्थीको श्रेणीगत नतिजा निकाल्छन्। यसरी मूल्याङ्कन गर्दा राम्रो, मध्यम र कमजोर विद्यार्थी छुट्टिने र कमजोरलाई सुधार गर्न नयाँ तरिका अपनाउन सहयोग पुग्ने गरेको प्रअ सूर्यप्रसाद घिमिरे बताउँछन्।

निरन्तर मूल्याङ्कन पद्धतिबारे आफ्नो अनुभव सुनाउँदै प्रअ घिमिरे भन्छन्, "कापी जाँचेर अङ्क दिने बानी भएका शिक्षकलाई 'क्यास'मा जान कठिन भए पनि यसले कालान्तरमा स्कूलको समग्र शैक्षिक स्तर बढाउन र व्यक्तिगत रूपमा छात्रछात्राको समग्र उपलब्धि नाप्न ठूलो सहयोग पुऱ्याउँछ । त्यसैले केही चुनौतीपूर्ण भए पनि यसलाई हामीले लागू गरेका छौं।" उक्त स्कूलमा पहिलो प्राथमिकतामा *कक्षा कार्य,* दोस्रोमा *प्रोजेक्ट वर्क* र तेस्रोमा गृहकार्य राखिएको छ। "छात्रछात्रालाई आकर्षित गर्न र स्कूलप्रति अभिभावकको अपनत्व बढाउनका लागि यी कुराले धेरै ठूलो सहयोग गरेको अनुभूति गरेको छु", प्रअ घिमिरे थप्छन्।

प्रगति शिक्षा सदनको पठनपाठन राम्रो हुनुको कारण निरन्तर विद्यार्थी मूल्याङ्कन मात्र भने होइन। यो स्कूलले विगत तीन वर्षदेखि नर्सरी, केजी र कक्षा १ मा कक्षा शिक्षण (ग्रेड टिचिङ) पनि शुरु गरेको छ। तीन वर्षदेखि ग्रेड टिचिङमा लागेकी शिक्षक विमला विष्टलाई अहिले कक्षा १ मा कक्षा शिक्षणको जिम्मा दिइएको छ। एउटा कक्षाको जिम्मा एउटा शिक्षकलाई दिँदा छात्रछात्राको सिकाइ उपलब्धिप्रति व्यक्तिगत रूपमा शिक्षक जवाफदेही हुने र अभिभावक पनि प्रसन्न हुने गरेका छन्। कक्षा शिक्षण प्रभावकारी भएका कारण कक्षा ३ सम्म विस्तार गर्ने योजना रहेको प्रअ घिमिरे बताउँछन्।

पाठ्यक्रमको उद्देश्य हासिल गर्न यो विद्यालयमा शैक्षिक क्यालेन्डर पनि लागू गरिएको छ। अधिकांश विद्यालयका छात्रछात्रालाई कठिन लाग्ने गणित विषयलाई सजिलो पार्न प्रगति शिक्षा सदनले कक्षा ८ र १० का छात्रछात्राका लागि स्कूलमै नि:शुल्क अतिरिक्त कक्षा चलाउने गरेको छ।

सरकारी मापदण्ड अनुसार यो विद्यालय वर्षमा २२० दिन खुल्छ भने करिब २०० दिन कक्षा सञ्चालन हुन्छ। दैनिक आठ घण्टी पढाइ हुन्छ; छात्रछात्रा प्राय: खाली बस्नै पाउँदैनन्। पठनपाठन सुधारका निम्ति परीक्षामा नै सुधार गर्नुपर्छ भन्ने मान्यताका कारण प्रगति शिक्षा सदनमा हरेक साता इकाइगत परीक्षा (युनिट टेष्ट) लिने गरिएको छ। हरेक त्रैमासिक परीक्षा र अन्तिम परीक्षामा ललितपुरका ५२ वटा विद्यालयका निम्ति शैक्षिक समन्वय केन्द्र ललितपुरले बनाएको प्रश्नपत्र लागू गर्ने

**हेडमास्टरको कक्षा: प्रगति शिक्षा सदनका प्रअ सूर्यप्रसाद घिमिरे कक्षा १० का छात्रछात्रालाई पढाउँदै।**



मीनरत्न वज्राचार्य

गरिएको छ। परीक्षाको प्रश्नपत्र बाहिरबाट निर्धारण हुने भएपछि शिक्षकमाथि समयमा पठनपाठन पूरा गर्नुपर्ने दबाब पर्ने गरेको प्रअ घिमिरेको अनुभव छ।

कक्षा १० सम्म ४७५ र कक्षा ११ र १२ मा ११० जना छात्रछात्रा अध्ययनरत यस विद्यालयमा कक्षा ४ देखि ८ सम्म कम्प्युटर शिक्षा लागू गरिएको छ। विद्यालयको शैक्षिक गुणस्तर बढाउन हरेक वर्ष राम्रो गर्ने शिक्षक र छात्रछात्रालाई पुरस्कृत गर्ने नीति लिइएको छ। सम्बन्धित शिक्षकले पढाएको विषयमा छात्रछात्राले एसएलसी र अरू परीक्षामा हासिल गरेको नतिजा, स्कूलको विषयगत औसत उपलब्धि, शिक्षकको बिदा, अतिरिक्त कक्षाको सङ्ख्या र छात्रछात्राको मूल्याङ्कनका आधारमा हरेक वर्ष दुई जना उत्कृष्ट र एक जनालाई सर्वोत्कृष्ट शिक्षकको रूपमा पुरस्कृत गर्ने गरिएको छ। प्रअ घिमिरे स्कूल आएर छोराछोरीको पढाइ बारे सोधपुछ गर्ने अभिभावकलाई पनि बार्षिक रूपमा पुरस्कृत गर्ने योजनामा छन्।

## प्रतिबद्ध र उत्प्रेरित हेडमास्टर

प्रगति शिक्षा सदनको शैक्षिक स्तर माथि जानुमा प्रअको कुशल नेतृत्वले पनि उत्तिकै भूमिका निर्वाह गरेको देखिन्छ। २०६० सालमा घिमिरे प्रअ भएपछि विद्यालयको शैक्षिक/भौतिक अवस्था कायापलट मात्र भएन, यो स्कूल ललितपुरको एउटा नमुना सरकारी विद्यालय समेत बन्न सफल भएको छ। उक्त विद्यालयको २०६१ देखि २०६७ सम्मको एसएलसी परिणाम हेर्दा ९० देखि १०० प्रतिशतको बीचमा रहेको पाइन्छ। यसले अघिल्लो वर्षको एसएलसीमा शतप्रतिशत विद्यार्थी उत्तीर्ण गराई ललितपुरका सामुदायिक विद्यालयहरूमध्ये दोस्रो उत्कृष्ट स्थान हासिल गरेको थियो भने यो वर्ष नवौं स्थान।

प्रगति शिक्षा सदनको आकर्षण कुनै निजी बोर्डिङको भन्दा कम लाग्दैन। १३ मङ्सिर २०६८ मा उक्त विद्यालयका कक्षा १० का छात्रछात्रालाई सामूहिक रूपमा "तपाईंहरूमध्ये कसैलाई निजी स्कूलमा पढ्न नपाएकोमा वा सरकारी स्कूलको विद्यार्थी भएकोमा खिन्नताबोध भएको छ?" भन्ने प्रश्न राख्दा अधिकांशबाट आएको जवाफको सार थियो, "हामी निजी स्कूलमा पढ्न नपाएकोमा खिन्न होइन, सरकारी विद्यालयको विद्यार्थी



एक शिक्षक एक कक्षा: **प्रगति शिक्षा सदनमा कक्षा १ का नानीहरूलाई कक्षा शिक्षण गर्दै शिक्षक विमला विष्ट। यो विधिमा एउटा शिक्षकलाई एउटा कक्षाका सबै विषय शिक्षण गर्ने जिम्मा दिइन्छ।**

हुन पाएकोमा गौरवान्वित छौं। हामी निजी स्कूलमा पढेका हाम्रा समकक्षीसँग जुनसुकै विषयमा प्रतिस्पर्धा गर्न सक्छौं। किनभने, हाम्रो विद्यालय शहरका धेरै निजी विद्यालय भन्दा राम्रो छ।"

उदयपुरबाट बाबुआमासँग राजधानी आएर प्रगति शिक्षा सदनको कक्षा ५ मा भर्ना गरिएका कक्षा १० का छात्र दीपेन्द्र खत्री सधैं प्रथम हुँदै आएका छन्। उनी आसन्न एसएलसीमा विशिष्ट श्रेणी हासिल गरेर छात्रवृत्तिमा विज्ञान पढ्न चाहन्छन्। भविष्यमा चाहिँ उनको मुटुरोग विशेषज्ञ बन्ने लक्ष्य छ। दीपेन्द्रको जीवन लक्ष्य हासिल गर्नका निम्ति अभिभावकको आर्थिक हैसियत देखिँदैन। तर पनि उनी भन्छन्, "पैसा नभएर मेरो पढाइ रोकिन्न, राम्रो अङ्क ल्याएपछि छात्रवृत्ति पाइन्छ, छात्रवृत्तिले डाक्टर बनाउँछ।" राम्रो अङ्क ल्याउनका लागि उनले विद्यालयको पढाइ बाहेक कतै अतिरिक्त शुल्क तिरेर ट्युसन/कोचिङ पढेका छैनन्। यी छात्रमा डाक्टर बन्ने आत्मविश्वास पैदा गर्न अरू कसैको होइन, प्रगति शिक्षा सदनका प्रअ र शिक्षकहरूको देन भेटिन्छ।

शान्तिनगरमा बाबुआमासँग डेरामा बस्दै आएकी कक्षा १० की छात्रा शान्ति खड्का पनि हरेक दिन प्रगति शिक्षा सदन नै धाउँछिन्। किन त? शान्ति भन्छिन्, "हाम्रो डेरा नजिकका स्कूल प्रगति जस्ता छैनन्। त्यसैले म शान्तिनगरबाट कुपण्डोल ओहोरदोहोर गर्न गाह्रो मान्दिनँ।" पठनपाठनको स्तर, आफू भन्दा अग्रज छात्रछात्राले गरेको उन्नति, स्कूल अनुशासन र शिक्षकको मैत्रीपूर्ण व्यवहारका कारण आफूले प्रगति शिक्षा सदनलाई रोजेको शान्तिको कथन छ।

कक्षा ९ का हविन लामा निजी स्कूल छाडेर प्रगति शिक्षा सदनमा आएको डेढ वर्षभन्दा बढी भएको छैन। उनको अनुभव छ, "निजी स्कूलमा जान्ने विद्यार्थीलाई बढी ध्यान दिइन्छ। तर, प्रगतिमा जान्नेलाई भन्दा कमजोरलाई हौसला दिएर सिकाइन्छ।"

प्रअ घिमिरेले आफ्नो स्कूलमा गरेका सकारात्मक कार्यलाई जिल्लाका अरू सरकारी विद्यालयमा फैलाउन शैक्षिक समन्वय केन्द्रमार्फत प्रयास गरेका छन्। शैक्षिक समन्वय केन्द्र उनी लगायत ललितपुरका सामुदायिक विद्यालयका प्रतिबद्ध प्रअहरूको संस्था हो। यसले विना राजनीति ललितपुरका ५२ वटा सामुदायिक विद्यालयको शैक्षिक स्तर सुधार अभियान चलाएको छ। यसनिम्ति परीक्षा तथा मूल्याङ्कन प्रणालीमा सुधार, राम्रो गर्ने सरकारी विद्यालयको भ्रमण, शिक्षक-छात्रछात्रालाई सम्मान, शिक्षक तालिम तथा कार्यशाला, पाठ्यक्रम अनुसार पठनपाठन र सदस्य विद्यालयमा एउटै शैक्षिक क्यालेन्डर लागू गरेको छ। केन्द्रका सचिव रहेका घिमिरेले थपे, "आफ्नो विद्यालय सपार्न महत्त्वपूर्ण भूमिका खेलेका प्रअहरूले सामुदायिक स्कूललाई सुधार गर्ने उद्देश्यले केन्द्र खोलिएको हो।" केन्द्रले गरेको सबैभन्दा महत्त्वपूर्ण काम चाहिँ आफ्ना सदस्य स्कूलमा एउटै प्रश्नपत्रमा एकै पटक परीक्षा लिनु हो। यसले परीक्षामा मात्र सुधार होइन, पढाइमै सुधार गरेको छ। घिमिरेले केन्द्रमा राजनीति छिर्न नदिएको बताए। स्कूल वा शैक्षिक संस्थामा राजनीति छिऱ्यो भने स्कूललाई भन्दा बढी विद्यार्थीलाई सखाप पार्छ भन्ने घिमिरेको मान्यता छ।

# प्रस्तावित फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) सम्बन्धी ऐन–२०६७ निर्माण गर्न बनेको विधेयक

सर्वोच्च अदालतका माननीय न्यायाधीश कल्याण श्रेष्ठको संयोजकत्वमा गठित "फौजदारी कानुन परिमार्जन तथा सुधार कार्यदल" ले पेश गरेको मस्यौदाको आधारमा तयार भएका *अपराध संहिता २०६७, फौजदारी कार्यविधि संहिता, २०६७* र *फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०६७* का मस्यौदाहरू हाल व्यवस्थापिका-संसद्मा विचाराधीन छन्।

हाल प्रस्तावित फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०६७ को विधेयक नेपाली फौजदारी कानुनी प्रणालीले स्वीकार गर्न लागेको नयाँ अवधारणा हो। यसअघि दण्ड-सजाय निर्धारण तथा कार्यान्वयन सम्बन्धी विशेष कानुन वा कानुनी व्यवस्था थिएन। यो विधेयकले मूल रूपमा सजाय सम्बन्धी सामान्य सिद्धान्त, जरिवाना र कैद सम्बन्धी व्यवस्था तथा यसका वैकल्पिक उपाय र क्षतिपूर्ति सम्बन्धी व्यवस्था गरेको छ।

यसका मूलभूत विशेषता निम्नानुसार रहेका छन्:

**परिभाषाः** प्रस्तुत ऐनको प्रयोजनको लागि "कसुरदार", "कानुन", "प्रोवेशन अधिकृत", "प्रोवेशन तथा प्यारोल बोर्ड", "सामाजिक कार्यकर्ता" जस्ता ऐनमा प्रयुक्त शब्दावलीको परिभाषा गरिएको छ।

**ऐनको प्रयोगः** यो ऐन कुनै कसुरका सम्बन्धमा अदालतबाट सजाय निर्धारण गर्ने तथा त्यसको कार्यान्वयन गर्ने सम्बन्धमा मात्र लागू हुने; अदालतको अवहेलना सम्बन्धी कसुर; व्यवस्थापिका-संसद्ले चलाएको कारबाहीका सम्बन्धमा तथा यो ऐन लागू नहुने भनी प्रचलित कानुनमा व्यवस्था भएको अवस्थामा लागू नहुने व्यवस्था गरिएको छ।

**छुट्टै सुनुवाइको व्यवस्थाः** कसुरदारलाई सजाय निर्धारण गर्दा छुट्टै सुनुवाइ गरी सजाय निर्धारण गर्नुपर्ने, तर तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना हुने कसुरको कसुरदारलाई सजाय निर्धारण गर्दा छुट्टै सुनुवाइ गर्नु नपर्ने र यसरी सुनुवाइ गर्दा कसुर ठहर गर्ने न्यायाधीशको मृत्यु भएको, अवकाश भएको वा निजलाई कडा रोग लागी कार्यसम्पादन गर्न नसक्ने भएकोमा बाहेक अन्य जुनसुकै अवस्थामा निजले नै सुनुवाइ गरी सजाय निर्धारण गर्नुपर्ने व्यवस्था गरिएको छ।

## परिमार्जन एवं सुधार गर्नुपर्ने पक्ष

दण्ड-सजाय निर्धारण सम्बन्धमा विशेष ऐनको रूपमा आउन लागेको *फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०६७* को आफ्नै विशिष्ट महत्त्व हुने कुरामा विवाद छैन। तर अन्तिम मस्यौदा भई विधायिकामा प्रवेश गरेको यो विधेयकमा धेरै अपूर्णता देखिएको छ। यी अपूर्णताहरूलाई अझै पनि सुधार गर्न सकिन्छ। प्रस्तावित विधेयकमा मुख्य रूपमा सुधार गर्नुपर्ने कुराहरूलाई निम्नानुसार उल्लेख गरिएको छः

**ऐनको नामः** प्रस्तावित ऐनको नाम *"फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०६७"* रहेको छ। यो नाम आफैँमा ऐनलाई प्रतिनिधित्व गर्न सक्ने खालको छैन। तसर्थ यसलाई *"फौजदारी कसुर दण्ड-सजाय निर्धारण तथा कार्यान्वयन ऐन, २०६७"* भनी नामकरण गर्नु उपयुक्त हुन्छ। यो ऐन दण्ड-सजाय निर्धारण तथा कार्यान्वयनसँग सम्बद्ध रहने भएकाले तिनीहरूलाई कोष्ठभित्र नराखी खुला राखिनुपर्दछ।

**परिभाषाः** परिभाषा खण्डमा "फौजदारी कसुर", "सजाय निर्धारण", "सजायको कार्यान्वयन" जस्ता शब्दहरूको पनि परिभाषा गर्नु आवश्यक छ। यसले कार्यान्वयनको चरणमा हुने सम्भावित द्विविधालाई कम गर्दछ। त्यसैगरी दफा १५(२)(क) मा परिभाषित "जघन्य कसुर", "गम्भीर कसुर" को परिभाषा पनि दफा २ मा राख्नु उपयुक्त हुन्छ।

**सजाय सम्बन्धी सामान्य सिद्धान्तः** यसमा सजायको उद्देश्यभित्र दण्डका उद्देश्यहरू पनि राखिएका छन्। दण्डात्मक दृष्टिकोण र सुधारात्मक दृष्टिकोणभित्र पृथक् रूपमा विकसित सिद्धान्तहरूले राखेका उद्देश्यलाई पृथक् रूपमा राख्नु उपयुक्त हुन्छ। सजाय निर्धारण गर्दा अपराधीलाई समाजमा पुनःस्थापना गराउने प्रमुख सुधारात्मक उद्देश्य राखी सजाय निर्धारण गरिनुपर्ने र सुधार हुने सम्भावना नदेखिएका कठोर अपराधीहरूको पहिचान गरी समाजबाट अलग राख्ने, हतोत्साह गर्ने/गराउने जस्ता अन्य उद्देश्यहरू अवलम्बन गर्ने गरी दण्ड निर्धारणका उद्देश्य (दफा १३) मा व्यवस्था गर्नु उपयुक्त हुन्छ।

**अपराध संहिताको व्यवस्थासँग बाझिएकोः** अपराधसंहिताको दफा ४४ मा १० वर्षभन्दा माथि १४ वर्षभन्दा मुनिका बालबालिकालाई ६ महिनासम्म कैद, १४ वर्ष माथि १६ वर्ष मुनिकालाई उमेर पुगेकालाई हुने सजायको आधा र १६ माथि १८ वर्ष मुनिकालाई उमेर पुगेकालाई हुने सजायको दुईतिहाइ सजाय हुने व्यवस्था छ। तर प्रस्तुत विधेयकको दफा १६(२) मा बालबालिकालाई सजाय गर्दा जघन्य कसुर, गम्भीर कसुर वा पटके कसुर गरेमा बाहेक कैदको सजाय गर्न नहुने व्यवस्था गरिएको छ। बालिकाले जघन्य, गम्भीर बाहेकका तीन वर्षसम्म कैद हुने कसुर गरेमा निजलाई ६ महिनासम्म कैद गर्न पनि नमिल्ने भई कानुनी व्यवस्था परस्परमा बाझिएको छ। अपराध सहितको दफा ४४ को जरिवाना नतिरे वापत कैद गर्ने व्यवस्था

पनि उक्त व्यवस्थासँग बाझिएको छ। प्रस्तुत विधेयकले प्रक्रिया निर्धारण गर्ने भएकोले सारवान क्षेत्रमा प्रवेश गर्न नहुने, यदि सारवान व्यवस्था नै परिवर्तन गर्नुपर्ने भए अपराध संहितामा मिलाउनुपर्ने हुन्छ। अपराध संहिता र ऐनमा एकरुपता कायम रहेको हुनुपर्दछ।

**क्षतिपूर्तिसम्बन्धी व्यवस्था:** पीडित वा आश्रितलाई तत्काल क्षतिपूर्ति वा राहत दिनु परेमा अभियुक्तबाट दिने गरी अदालतले आदेश दिनसक्ने तर त्यस्तो अन्तरिम क्षतिपूर्ति अभियुक्तले तत्काल दिए पनि पछि सफाई पाएमा प्रतिवादीले पीडितबाट सो क्षतिपूर्ति रकम फिर्ता लिन पाउने व्यवस्था अपराध संहिताको दफा ४८ मा गरिएको छ। यो विधेयक यस विषयमा नबोलेको भए पनि उक्त व्यवस्था अनुपयुक्त भएकाले सो व्यवस्थालाई परिमार्जन गरी पीडितलाई सुरक्षा गर्न नसकेको जिम्मेवारी लिँदै प्रतिवादीले सफाइ पाएको मुद्दामा प्रतिवादीलाई राज्यले क्षतिपूर्ति भराइदिने व्यवस्था गर्नु उपयुक्त हुन्छ।

**अनुगमनको व्यवस्था गर्नुपर्ने:** प्रस्तावित ऐनको दफा २४ बमोजिम स्थान हद गर्दा, आवासमा बस्ने आदेश गर्दा, सामाजिक सेवामा पठाउँदा कसको सिफारिसमा कसले अनुगमन गर्ने भन्ने व्यवस्था नभएको, त्यसैगरी सामाजिकीकरणमा छुटेका (दफा २४), दुईतिहाइ कैद भुक्तान गरी प्यारेलमा छुटेकालाई अनुगमन गर्ने निकाय वा अधिकारीको व्यवस्था नभएकाले उनीहरूले पाएको छुटको उद्देश्य पूरा गर्न अनुगमन गर्ने निकायको सिर्जना गरी सो निकायलाई अनुगमन र सुपरीवेक्षण गर्ने र आवधिक रूपमा त्यसरी छोड्ने निकायमा प्रतिवेदन गर्नुपर्ने व्यवस्था गर्नु उपयुक्त हुन्छ।

**औचित्यहीन निषेध हटाउनुपर्ने:** सैद्धान्तिक रूपमा कैद सजायलाई अन्तिम आश्रयको रूपमा स्वीकार गरेको देखिए पनि सारमा प्रस्तावित ऐनले कैदलाई नै पहिलो विकल्प ठानेको देखिन्छ। तर यो अपराध वा कैदको मात्रामा होइन; सजाय भुक्तान गर्ने अपराधीमा निर्भर गर्दछ। दण्ड निर्धारणको अत्यन्तै महत्त्वपूर्ण यो पक्षलाई विधेयकले बुझ्न र स्वीकार गर्न सकेको छैन।

**सारवान कानुनले व्यवस्था गर्नुपर्ने विषय समेट्न नहुने:** प्रस्तावित ऐनको दफा १५(२) को (ख) मा पटके कसुरदारलाई पछिल्लो कसुरवापत हुने सजायको दोब्बर थप सजाय हुने र सोही दफाको (घ) मा कुनै सरकारी कार्यालय वा सार्वजनिक वा सङ्गठित संस्थाको पद वा ओहोदामा बहाल रही सो पद वा ओहोदाको दुरुपयोग गरी कसुर गर्ने कसुरदारलाई सो कसुरमा हुने सजायको डेढी सजाय हुने व्यवस्था गरिएको छ। सजाय सम्बन्धी व्यवस्था फौजदारी अपराध संहिताले मात्र गर्न सक्ने भएकाले यस्ता थप सजाय सम्बन्धी व्यवस्थाहरू सोही संहितामा मिलाउनु उपयुक्त हुन्छ।

**सुनुवाइमा पीडितको सहभागिताको अभाव:** दण्ड निर्धारण सम्बन्धी सुनुवाइमा पीडितको सहभागितालाई ठाउँ दिइएको छैन। दण्ड निर्धारण प्रक्रिया एउटा महत्त्वपूर्ण हिस्साको रूपमा पीडितको सहभागितालाई स्वीकार गरिने भएकाले यो अवधारणालाई ऐनमा सामेल गर्नुपर्दछ।

**अ.बं. १८८ को बिदाइको औचित्य:** हाल अ.बं. १८८ नं. ले अङ्गीकार गरेको कानुनी व्यवस्था र यसको प्रयोगको अवस्थालाई पर्याप्त मात्रामा आलोचना गर्न सकिने ठाउँ छन्। तर यो व्यवस्थाले स्वीकार गरेको अवधारणालाई बिदाइ नै गर्नुपर्ने अवस्था भने आइसकेको छैन। यसलाई नेपाली कानुनी प्रणालीले बिदा गर्ने बेला भयो भनी कुनै अनुसन्धानले नदेखाएको अवस्थामा यसको औचित्य स्थापित हुनसकेको छैन। कानुनमा नै निश्चित मार्ग निर्देश गरी सीमित रूपमा हालको अ.बं. १८६ नं. बमोजिम साधक जाहेर गर्नुपर्ने मुद्दाहरूमा मात्र लागू हुने गरी प्रयोग गर्नु नै राम्रो हुन सक्दछ।

**दण्डको वैयक्तिकरण भन्नाले फौजदारी कसुरको दण्ड घटित अपराधको गम्भीरताको मात्रासँग मिल्ने गरी तोक्नुको सट्टा अपराधीसँग मिल्ने गरी तोक्नु हो। दण्ड निर्धारण प्रक्रियाको यो मुख्य सारलाई नै प्रस्तावित विधेयकले राम्रोसँग आत्मसात गर्न सकेको छैन।**

## निष्कर्ष

अपराधको लागि नभई अपराधीका लागि दण्ड-सजाय निर्धारण गर्नुपर्ने हुन्छ। दण्ड-सजाय निर्धारण प्रक्रियाले मात्रा र गुण दुवै दृष्टिबाट अपराधीका लागि उपयुक्त दण्ड-सजाय निर्धारण गर्ने कुरालाई सामेल गर्दछ। फौजदारी कानुनी प्रणालीभित्र दण्ड निर्धारण प्रक्रियाको महत्त्वलाई दण्डको वैयक्तिकरणको सन्दर्भमा स्वीकार गरिनुपर्दछ। दण्डको वैयक्तिकरण भन्नाले फौजदारी कसुरको दण्ड घटित अपराधको गम्भीरताको मात्रासँग मिल्ने गरी तोक्नुको सट्टा अपराधीसँग मिल्ने गरी तोक्नु हो। दण्ड निर्धारण प्रक्रियाको यो मुख्य सारलाई नै प्रस्तावित विधेयकले राम्रोसँग आत्मसात गर्न सकेको छैन। तीन वर्षभन्दा बढी कैद भएका व्यक्ति सबै असल र सुध्रन सक्ने नहुन पनि सक्दछन् भने सोभन्दा बढी कैद भएका व्यक्ति पनि सुधार भई असल नागरिक बन्न सक्ने हुनाले कैद अवधिलाई मात्र आधार मानी सजाय निर्धारणको सुनुवाइ गर्ने गरिनु उपयुक्त हुँदैन। कैदको विकल्प नभएको अवस्थामा तीन वर्षभन्दा कम अवधिको कैद भएको अवस्थामा पनि सजायको पृथक् सुनुवाइलाई स्वीकार गर्नु राम्रो हुन्छ। माथि उल्लेख गरिएका सुधार गरिनुपर्ने विविध पक्षहरूलाई ठीक ढङ्गले मिलाउन सकियो भने राम्रो प्रयासको परिणाम पनि अपेक्षित नै हुन्छ।

** प्रा. डा. रजितभक्त प्रधानाङ्ग तथा श्रीप्रकाश उप्रेतीद्वारा नेपाल कन्स्टिट्युसन फाउण्डेसनका लागि तयार गरिएको यो अनुसन्धान तथा सुझाव पत्रलाई महिला, जनजाति, मधेशी, युवा तथा अन्य क्षेत्रका दबाब समूहहरूको इनपुटका आधारमा अन्तिम रुप दिइएको छ। यस सम्बन्धमा यो फाउण्डेसन डा. बलबहादुर मुखिया, सञ्ज लामा, लभकुमार मैनाली, रमेशराज प्रधान, डा. बि. के. राय, डा. शंकरकुमार श्रेष्ठ, अधिवक्ता सुरेन्द्रकुमार महतो, गणेश भट्टराई, किरण गुप्ता, अनिता जोशी, गोपी विश्वकर्मा, ज्ञानेन्द्रप्रसाद अधिकारी, निर्मला शाक्य, निर्मला पौडेल, दिलीपकुमार खवास, युवराज रायमाझी, बि.बि. राई लगायत फुर्पा तामाङ, अभिषेक अधिकारी तथा डा. विपिन अधिकारी समेतप्रति आभार व्यक्त गर्दछ।*

*यो अध्ययन एसिया फाउन्डेसनको सहयोगमा गरिएको हो तर यसमा व्यक्त विचारहरू सम्बद्ध लेखकका हुन्। तिनले फाउन्डेसनको विचार र दृष्टिकोणलाई प्रतिनिधित्व गर्दैनन्।*



विश्लेषण

पीताम्बर शर्मा

# गरिबी: कसरी बुझ्ने ?

**तीन जनाको परिवारमा गरिबीको दर ८ प्रतिशत छ भने ६ भन्दा बढी भएको परिवारमा सो दर ३२ प्रतिशतभन्दा बढी देखिन्छ। परिवारमूलीको शैक्षिक स्तर बढ्दा गरिबी पनि घटेको देखिन्छ। निरक्षर परिवारमूली भएका परिवारहरूमा गरिबीको दर ३४ प्रतिशत छ भने ८–११ कक्षा पास गरेकामा सो दर १३ प्रतिशतभन्दा कम छ।**

**गरिब भन्छौ सुखको म फँ धनी**
**मिल्दैन संसार भरि कतै पनि**
**विलासको लालस दास छैन म**
**मिठो छ मेरो रसिलो परिश्रम !**
**– लक्ष्मीप्रसाद देवकोटा, 'गरिब' कविताबाट**

महाकविले गरिबलाई सुखी देखे पनि गरिबीलाई जानी-जानी आत्मसात् गर्ने मान्छेहरू विरलै हुन्छन्। फेरि त्यस्ता व्यक्तिलाई गरिब भन्न पनि नमिल्न सक्छ। साधारणतया जीवनलाई समर्थ र सार्थक बनाउनबाट वञ्चित गर्ने वा हरण गर्ने अवस्था नै गरिबी हो। यसैले गरिबी निवारण वा न्यूनीकरण नेपालका विकास योजनाहरूको प्राथमिक उद्देश्य रहँदै आएको छ। तर मान्छे देखेपछि गरिब भनेर चिन्न जति सजिलो छ तथ्याङ्कद्वारा गरिबको पहिचान गर्न र गरिब गन्न भने त्यति सजिलो छैन।

नेपालमा गरिब गन्ने काम (वा गरिबीको रेखामुनिको जनसङ्ख्याको प्रतिशत वा दर निकाल्ने काम) २०३३/३४ सालमा थालिएको भए पनि त्यसको तुलनात्मक तथ्याङ्क भने नेपाल सरकारको केन्द्रीय तथ्याङ्क विभागबाट गरिएका जीवनस्तर मापन सर्वेक्षणबाट मात्र उपलब्ध हुन्छ। हालसम्म २०५२/५३, २०६१/६१ र २०६६/६७ गरी तीनवटा जीवनस्तर मापन सर्वेक्षण गरिएका छन्। यी सर्वेक्षणहरू नेपालीको जीवनस्तरमा आएको परिवर्तन आकलन, नीति र कार्यक्रमका हिसाबले विश्लेषण गर्ने उद्देश्यले गरिएका हुन्।

गरिबीको मापन सिद्धान्ततः धेरै प्रकारले गर्न सकिन्छ- परिवार वा व्यक्तिको आयका हिसाबले, उपभोग खर्चका हिसाबले, युक्तिसङ्गत जीवनस्तर निर्वाह गर्नका लागि चाहिने सामर्थ्यका हिसाबले आदि। जसरी मापन गरिए पनि गरिबको पहिचान गर्न गरिबीको रेखा निर्धारण गर्नु आवश्यक पर्छ जुन रेखाभन्दा मुनिको आय वा उपभोग खर्च वा सामर्थ्यका आधारमा गरिबीको दर जान्न सकियोस्। नेपालमा हालसम्म गरिएको गरिबी मापन-आधारभूत आवश्यकताको लागत (cost of basic needs) मा आधारित छ। यसो गर्न पहिला आधारभूत आवश्यकतालाई खाद्य र गैर-खाद्य गरी दुई भागमा बाँडिन्छ। खाद्य आवश्यकता अन्तर्गत एउटा औसत परिवारका सदस्यलाई स्वस्थ र सक्रिय रहन आवश्यक पर्ने न्यूनतम पोषणका लागि चाहिने क्यालरी र त्यसको खाद्य डालो (basket of goods) को निर्धारण गरिन्छ। क्यालरी उमेर र लिङ्ग अनुसार फरक हुने गर्छ। नेपालका लागि औसत आवश्यक क्यालरी २२२० निर्धारण गरिएको छ। आधारभूत आवश्यकताको खाद्य डालोका लागि चाहिने लागत अर्थात् खर्चले खाद्य गरिबीको रेखा निर्धारण गर्छ। यस्तो खर्च पनि ठाउँ अनुसार फरक हुन सक्छ। सर्वेक्षणका आधारमा नेपालका लागि सालाखाला खाद्य गरिबीको रेखा २०६६/६७ का लागि वार्षिक प्रतिव्यक्ति रु.११,९२९ निर्धारण गरिएको छ।

गैर-खाद्य आवश्यकतामा आवास, लत्ता-कपडा, शिक्षा, स्वास्थ्य लगायतमा लाग्ने खर्च समाविष्ट हुन्छ। २०६६/६७ का लागि गैर-खाद्य गरिबीको रेखा वार्षिक प्रतिव्यक्ति रु.७,३३२ निर्धारण गरिएको छ। यो खर्च पनि प्रदेश र ठाउँ अनुसार फरक हुन सक्छ। औसत गरिबीको रेखा खाद्य र गैर-खाद्य गरिबीको रेखाको समष्टि हो। नेपालका लागि २०६६/६७ मा यो रेखा रु.११,९२९ + रु.७,३३२ = रु.१९,२६१ निर्धारण गरिएको छ। यस प्रकार २०६६/६७ को हिसाब अनुसार वार्षिक रु.१९२६१ या प्रतिदिन रु.५३ भन्दा कम खर्च गर्ने क्षमता भएको व्यक्ति गरिबीको रेखामुनि पर्न आउँछ।

२०६६/६७ को जीवनस्तर मापन सर्वेक्षणका लागि देशभरबाट कुल ७२०० घर परिवार छनोट गरिएको थियो। यो छनोटका लागि नेपाललाई १४ (भौगोलिक प्रदेश, विकास क्षेत्र, ग्रामीण, सहरी आदि गरी) तहमा विभाजित गरी तीभित्रका वडा, घरपरिवार छनोट हुने समान सम्भावनाका आधारमा छानिएको थियो। सर्वेक्षणको नतिजा भने नेपाललाई १२ विश्लेषणात्मक क्षेत्रमा विभाजन गरी प्रस्तुत गरिएको छ।

माथि भनिए जस्तै गरिबीको रेखा विश्लेषण क्षेत्र अनुसार फरक पर्छ। सर्वेक्षण अनुसार काठमाडौं उपत्यका शहरी क्षेत्रमा गरिबीको रेखा सबैभन्दा माथि अर्थात् रु.४०,९३३ छ। काठमाडौं उपत्यकाको शहरी क्षेत्रमा प्रतिव्यक्ति प्रतिदिन रु.११२ भन्दा कम मात्र खर्च गर्ने क्षमता भएकालाई गरिबीको रेखामुनिभएको मानिन्छ। नेपालमा गरिबीको रेखा सबैभन्दा कम वार्षिक रु.१५,९९८ (प्रतिव्यक्ति प्रतिदिन रु.४४) ग्रामीण पश्चिमाञ्चल तराईमा छ।

२०६६/६७ को जीवनस्तर मापन सर्वेक्षण अनुसार नेपालको कुल जनसङ्ख्याको २५.१६ प्रतिशत गरिबीको रेखामुनि छन्। यो दर २०५२/५३ मा ४२ प्रतिशत र २०६०/६१ मा ३१ प्रतिशत थियो। नेपालको शहरी क्षेत्रमा गरिबीको रेखामुनि

१५ प्रतिशत जनसङ्ख्या छ भने ग्रामीण क्षेत्रमा २७ प्रतिशत। भौगोलिक प्रदेश अनुसार गरिबी दर हिमालमा सबैभन्दा बढी (४२ प्रतिशत) छ। यो दर पहाडमा २४ र तराईमा २३ प्रतिशत छ। पहाड र तराईमा उस्तै उस्तै दर भए पनि गरिबीको विषमता (गरिबमध्ये कति गरिब गरिबीको रेखाभन्दा कति तल छन् भन्ने सूचक) र गहनता (गरिबबीचको असमानताको सूचक) पहाडमा बढी छ। फेरि पहाड र तराई दुवैमा सबैभन्दा बढी गरिबी (क्रमश: ३७ प्रतिशत र ३१ प्रतिशत) मध्य र सुदूर पश्चिममा छ। २०६६/६७ को सर्वेक्षण अनुसार शहरी क्षेत्रमा सबैभन्दा कम गरिबी (८ प्रतिशत) काठमाडौं बाहेकका पहाडी शहरमा छ भने सबैभन्दा बढी गरिबी (२२ प्रतिशत) तराईका शहरहरूमा छ।

खाद्य डालोको फरकले गर्दा २०६६/६७ र त्यसअघिका सर्वेक्षणका नतिजालाई प्रत्यक्ष तुलना गर्न नसकिए पनि नेपालमा गरिबीको दर घट्दो छ भन्ने कुरा माथि उल्लिखित तथ्याङ्कले देखाउँछन्। सामान्यतया देशको आर्थिक वृद्धिदर बढ्दा गरिबी घट्ने हो। तर देशको आर्थिक वृद्धि दरमा उच्च नहुँदा पनि नेपालको गरिबी घटेको देखिन्छ। २०५३ देखि २०६७ सम्मको तीन योजना अवधिमा नेपालको कुल गार्हस्थ्य उत्पादनको औसत वार्षिक वृद्धिदर ३.४ र देखि ४.५ प्रतिशतका बीच रह्यो। तर यो अवधिमा गरिबीको दर ४२ प्रतिशतबाट २५ प्रतिशतमा झऱ्यो। तुलनात्मक खाद्य डालोको हिसाब गर्ने हो भने पनि विगत १४ वर्षमा गरिबीको दर झण्डै ३१ प्रतिशतले घटेको देखिन्छ। त्यति मात्र हैन; २०६०/६१ मा ०.४२ रहेको असमानताको सूचकाङ्क (जिनी कोइफिसेन्ट) २०६६/६७ मा घटेर १.३३ मा आयो। यो कसरी सम्भव भयो? यसको पूरा जवाफ जीवनस्तर मापन सर्वेक्षणले दिँदैन तर केही कारकहरू भने देखाउँछ।

पहिलो कारक विप्रेषण (रेमिट्यान्स अर्थात् विदेशबाट नेपाल भित्रिने आय) मा भएको अभूतपूर्व वृद्धि हो। २०६६/६७ मा सर्वेक्षणमा परेका झण्डै ५६ प्रतिशत घरपरिवारले विप्रेषणबाट औसत रु.८०,४६३ आय प्राप्त गरेका थिए। यस्तो आय प्राप्त गर्ने घरपरिवारको प्रतिशत २०५२/५३ र २०६०/६१ मा २३ र ३२ प्रतिशत मात्र थियो। सर्वेक्षण अनुसार कुल जनसङ्ख्याको २० प्रतिशत जति ६ महिना वा सोभन्दा बढी समयदेखि घरपरिवारमा अनुपस्थित थिए। २०६७/६८ को सरकारी तथ्याङ्क अनुसार विप्रेषणले नेपालको कुल गार्हस्थ्य उत्पादनको झण्डै २० प्रतिशत हिस्सा ओगट्छ। विप्रेषणको सम्बन्ध शिक्षासँग पनि छ; किनभने विप्रेषणबाट आउने आयमध्ये ३.५ प्रतिशत जति शिक्षाका निम्ति खर्च हुने गर्छ।

दोस्रो कारक भनेको शिक्षा, स्वास्थ्य, यातायात, बजार, वित्तीय संस्था जस्ता सार्वजनिक सेवा र सुविधाको विस्तार र पहुँच हो। २०६६/६७ को सर्वेक्षणले देखाए अनुसार ९५ प्रतिशत घरपरिवार प्राथमिक विद्यालयबाट, ७२ प्रतिशत माध्यमिक विद्यालयबाट र ६२ प्रतिशत उप-स्वास्थ्य चौकीबाट आधा घण्टाभित्रको दूरीमा थिए। तुलनात्मक रूपमा कच्ची सडक र बजारको पहुँच पनि पहिलेको तुलनामा सुगम रहेको सर्वेक्षणबाट देखिन्छ।

गरिबी सम्बन्धी केही अन्य तथ्यहरू पनि चाखलाग्दा छन्। उदाहरणस्वरुप- परिवारको आकार बढ्दा गरिबी पनि बढेको देखिन्छ। तीन जनाको परिवारमा गरिबीको दर ८ प्रतिशत छ भने ६ भन्दा बढी भएको परिवारमा सो दर ३२ प्रतिशतभन्दा

**तपाईंको आफ्नो गाउँमा विद्यार्थीले गरिबी कसरी बुझ्छन्, विद्यार्थी बीच त्यो बुझाइमा कति फरक छ, सर्वेक्षणका निम्ति गरिबीको सरल मापक के हुन सक्छ र त्यस हिसाबले गाउँको गरिबीको स्थिति कस्तो छ भनेर बुझ्न विद्यार्थीका निम्ति कुनै कक्षा परियोजना बनाउन सक्नुहुन्छ ? सोच्नोस् त !**

बढी देखिन्छ। परिवारमूलीको शैक्षिक स्तर बढ्दा गरिबी पनि घटेको देखिन्छ। निरक्षर परिवारमूली भएका परिवारहरूमा गरिबीको दर ३४ प्रतिशत छ भने ८-११ कक्षा पास गरेकामा सो दर १३ प्रतिशतभन्दा कम छ। कृषि जमिन बढी भएका घरपरिवारमा गरिबीको दर पनि कम छ। त्यस्तै स्कूल, स्वास्थ्य सेवा, बजार, पक्की सडक, कृषि केन्द्र, सहकारी, बैंक जस्ता सार्वजनिक सुविधा नजिक हुँदा र त्यस अर्थमा बढी पहुँच हुँदा, गरिबीको दर तुलनात्मक रूपले निकै कम भएको देखिन्छ।

गरिबीको जातीय आयाम पनि छ। नेपालमा गरिबीको सबैभन्दा बढी दर (क्रमश: ४४ प्रतिशत र ३८ प्रतिशत) पहाड र तराईका दलित समूहमा छ भने सबैभन्दा कम गरिबी दर पहाडी बाहुन र नेवार (दुवै १० प्रतिशत) समूहमा छ। गरिबीको विषमता पनि दलित समूहमै सबैभन्दा बढी छ। पहाडी जनजाति (२८ प्रतिशत) र तराई जनजाति (२६ प्रतिशत) को गरिबी दर नेपालको औसतभन्दा केही बढी छ। तराईका मध्यम जातिको गरिबी दर २९ प्रतिशत छ भने मुसलमानहरूको २१ प्रतिशत। गरिबीको जातीय स्थितिले गरिबी न्यूनीकरणका लागि कुन समूहहरूमा बढी ध्यान केन्द्रित गर्नु आवश्यक छ भन्ने जानकारी दिन्छ।

व्यक्तिको सामर्थ्यको भन्दा उपभोग्य खर्चको उपलब्धतालाई जोड दिइएकाले नेपालका सन्दर्भमा गरिबी मापन गर्ने जीवनस्तर मापन सर्वेक्षणको विधिको पनि आलोचना गर्न सकिन्छ। कतिपयले आय वा खर्चमा आधारित गरिबी मापन विधि एकाङ्गी हुने तर्क पनि गर्छन्। हालसालै बहु-आयामिक गरिबी सूचकाङ्क (multi dimensional poverty index) को निर्माण र प्रयोग पनि गरिएको छ। यो सूचकाङ्कले शिक्षा, स्वास्थ्य र जीवनस्तरका विभिन्न पक्षलाई मापन गर्ने १० वटा सूचकको प्रयोग गरेका छ। यस्ता सूचकहरू प्रायश: अन्तर्राष्ट्रिय तुलनाका लागि पनि उपयोग गरिन्छन्।

शिक्षाको एउटा महत्त्वपूर्ण पक्ष जीवन उपयोगी र जीवन सान्दर्भिक ज्ञान हासिल गर्नु हो। जसरी परिभाषित गरे पनि गरिबी नेपाली जीवनको व्यापक र कठोर सत्य हो। गरिबीको पहिचान र त्यसको सामाजिक, आर्थिक, राजनीतिक निदान विकासको सबैभन्दा मानवीय पक्ष हो। यो पक्षप्रति संवेदनशील नयाँ पुस्ताको निर्माण नै शिक्षकको बृहत्तर अभिभारा हो।

तपाईंको आफ्नो गाउँमा विद्यार्थीले गरिबी कसरी बुझ्छन्, विद्यार्थी बीच त्यो बुझाइमा कति फरक छ, सर्वेक्षणका निम्ति गरिबीको सरल मापक के हुन सक्छ र त्यस हिसाबले गाउँको गरिबीको स्थिति कस्तो छ भनेर बुझ्न विद्यार्थीका निम्ति कुनै कक्षा परियोजना बनाउन सक्नुहुन्छ? सोच्नोस् त!




टिप्पणी

गुणराज लोहनी


# ब्रेकिङ विथ ओल्ड आइडियाज् र नेपालको शिक्षा

**कलेजको भित्तामा "भैंसीका बारेमा प्रवचन धेरै देऊ ! घोडाका बारेमा प्रवचन कम देऊ !" लेखिएको पोष्टर टाँसिन्छ। डिन र सह-प्राचार्य त्यो पोष्टर च्यात्न भन्दछन्। प्राचार्य लिङलाई चाहिं उक्त पोष्टर राम्रो लाग्छ। लिङचाहिँ "यति सानो पोष्टरले नै दिमाग खराब गर्ने पाठ्यक्रमलाई पूरै च्यात्नुपर्दछ" भन्दै विद्यार्थीको कुरामा समर्थन जनाउँछन्।**

'*ब्रेकिङ विथ ओल्ड आइडियाज्*' १९७५ मा बनेको चिनियाँ चलचित्र हो। चुन आओ भ्कोङ जीको लेखनमा लि वेन्हुसले निर्देशन गरेको यो फिल्मको मूल विषयवस्तु शिक्षा रहेको छ।

सामान्य लेखपढ गर्न जान्ने लिङ तुङतेङ गाउँका कम्युन निर्देशक हुन्छन्। उनलाई कलेजको प्राचार्य नियुक्त गरिन्छ।

कलेजमा नयाँ भर्ना चलिराखेको हुन्छ। कलेजका डिन सुन विद्यार्थीको शैक्षिक प्रमाणपत्र जाँच गरिराखेका हुन्छन्। राम्रो अङ्क ल्याएर डिप्लोमा गरेका विद्यार्थीले मात्र त्यस कलेजमा भर्ना हुन पाउने पुरानो प्रावधान छ। योग्यता नपुगेकाहरूलाई डिन सुन "यो कलेज हो; कुनै साक्षरता कक्षा होइन। यहाँ भर्ना हुनका लागि कम्तीमा पनि डिप्लोमा उत्तीर्ण हुनुपर्दछ," भनिराखेका हुन्छन्। यही विषयलाई लिएर विद्यार्थी र डिनका बीचमा भनाभन हुन्छ। रिसाउँदै डिन सुन विद्यार्थीलाई 'पाखे' भनेर गाली गर्छन्।

प्राचार्य लिङ कलेज पुग्छन्। भर्ना हुनका लागि बाहिर बसेका विद्यार्थीलाई उनी भित्र बोलाउँछन्। उनले विद्यार्थी छनोटका लागि एकजना वृद्ध किसानलाई साथमा ल्याएका हुन्छन्।

कुनै जमिनदारको घरमा काम गर्न बसेकी लि चेन फेङ नामकी एकजना महिला पनि कलेजमा भर्ना हुन आएकी हुन्छिन्। १९४९ को क्रान्तिसँगै मुक्त भएपछि उनले महिला सङ्गठनको उत्पादन ब्रिगेडमा लागेर धान खेतीबारे राम्रो अनुभव हासिल गरेकी हुन्छिन्। वृद्ध किसानले ती केटीको धान उत्पादन सम्बन्धी ज्ञानको प्रशंसा गर्छन्। अनि प्राचार्य लिङले लि चेनलाई केही लेख्न लगाउँछन्। लि चेनले लेखेर देखाउँछिन्। सामान्य लेख-पढ गर्न जान्ने र धानखेती सम्बन्धी विशेष रुचि र अनुभव समेत भएकाले लि चेनलाई कलेजमा भर्ना दिइन्छ।

गरिब परिवारका नियङ ल-नियन एउटा आरनमा फलाम घन ठोक्ने काम गरिरहेका हुन्छन्। हत्केला भरी ठेला उठेका हुन्छन्। प्राचार्य लिङले नियनका हात उठाउँदै, "देश मुक्त भएको ९ वर्षपछि पनि श्रम गर्ने देशका गरिब किसान र मजदुरले शिक्षा पाएका छैनन्। त्यसैले नियन जस्ता हातभरी ठेला उठाउनेहरूका लागि यिनै ठेला हुन् कलेजमा भर्ना हुनका लागि आवश्यक योग्यता" भन्दै उनलाई पनि कलेजमा भर्ना गर्छन्।

नेपालमा अहिले प्राविधिक शिक्षा असाध्यै महँगो छ। यो सर्वसाधारण जनताको पहुँच भन्दा बाहिर छ। नेपालको शिक्षामा विकास त भएको छ तर शिक्षालाई उत्पादनसँग नजोडेका कारण शैक्षिक बेरोजगारको सङ्ख्या ह्वात्तै बढेको छ। शैक्षिक जनशक्ति विदेश पलायन भएको छ। हुनेखानेले प्राविधिक शिक्षा पढ्ने र नहुनेले मानविकी र शिक्षा जस्ता बौद्धिक विलासिताका विषयहरूमा अल्मलिनुपर्ने उल्टो परम्परा नै बसेको छ। दक्ष जनशक्ति नेपाल बस्ने, त्यसमा पनि ग्रामीण क्षेत्रमा जाने प्रविधि शिक्षामा जोडिएको छैन।

त्यो चलचित्रमा कलेज कस्तो स्थानमा बनाउने भन्ने बहस पनि चलाइएको छ। त्यस कलेजका सह-प्राचार्य ताओ शहरको नजिकै, नदीको किनारमा, स्वच्छ हावा बहने सुविधासम्पन्न स्थानमा कलेज बनाउन प्रस्ताव राख्छन्। प्राचार्य गरिब किसान-मजदुरको विकट वस्तीमा कलेज बनाउने तर्क गर्छन्। तर ताओहरू 'पहाडमा पैसा, शिक्षक र विद्यार्थी भर्नाको समस्या छ। राम्रो पढेका मान्छे नै छैनन्। त्यसैले शहर नजिक बनाउनुपर्दछ। बरु विद्यालय शिक्षा राम्रोसँग उत्तीर्ण गरेका पहाडका विद्यार्थीलाई शहरमै बोलाए भइहाल्यो नि !' भन्ने तर्क गर्छन्। तर प्राचार्य लिङ "त्यस्तो होइन, हामी कसलाई पढाउँदैछौं भन्ने कुरा महत्वपूर्ण हो। हामी गरिब किसान र



मजदुरका छोराछोरीलाई पढाउँदैछौं । त्यसैले बढीभन्दा बढी गरिब किसान र मजदुरलाई पायक पर्ने गाउँ नजिकै कलेज हुनु जरुरी छ", भन्दछन् ।

नेपालका गाउँ र शहर बीचमा शिक्षा, स्वास्थ्य जस्ता विकासका पूर्वाधारमा ठूलो खाडल उत्पन्न भएको छ। शहरहरू नै स्वास्थ्य र शिक्षाका केन्द्र बनेका छन्। प्राविधिक र सीपमूलक शिक्षामा ग्रामीण जनताको पहुँच बढाउन, शहर-गाउँमा जनसङ्ख्याको सन्तुलन कायम राख्न, स्थानीय साधनस्रोतको सदुपयोग गर्न र समग्र विकासका लागि प्राविधिक र अनुसन्धानमूलक कलेजहरू ग्रामीण क्षेत्रमा स्थापना गर्नु आवश्यक छ।

उक्त फिल्ममा डिन सुन एक महिनादेखि घोडाका बारेमा पढाइराखेका हुन्छन्। त्यहीबेला अघि विद्यार्थी छान्न बोलाइएका वृद्ध किसान आफ्नो भैंसी बिरामी भएर उपचार गराउन कलेजमा ल्याउँछन्। कक्षामा पढाइराखेका डिन सुन भैंसी कराएको सुनेर बाहिर आउँछन्। डिन "यो कलेज हो, यहाँबाट भैंसी लगिहाल" भनेर किसानलाई आदेश दिएर फेरि कक्षामा पढाउन थाल्छन्। भैंसी फर्काएर वृद्ध किसान त्यही कक्षामा आएर बस्दछन् । एकछिन पछि उठेर ती वृद्ध किसानले पढाउँदै गरेका डिनलाई भन्छन्, "तपाईं दक्ष हुनुहुन्छ रे। मेरो भैंसीलाई हिजोदेखि ज्वरो आइरहेको छ। त्यसैले देखाउन आएको थिएँ। हिउँदमा ब्याउने हो।" विद्यार्थीले पनि डिनलाई एकपटक भैंसी हेरिदिन भन्दछन्। तर डिन मान्दैनन्। बरु वृद्ध किसानलाई कक्षाकोठाबाट बाहिर जान भन्छन् ।

डिन फेरि पढाउन थाल्दछन् । यसपटक एकजना विद्यार्थी डिनसँग प्रश्न सोध्न हात उठाउँछन्। डिन ती विद्यार्थीको नजिक पुग्दछन् र कमिजको टाँक राम्ररी लगाउन भन्छन् । विद्यार्थी प्रश्न गर्छन्, "तपाईंले केही महिनादेखि लगातार घोडाका बारेमा पडाइ राख्नुभएको छ । हामीलाई मंगोलियामा घोडा चराउन लैजाने हो कि क्या हो !" सबै विद्यार्थी हाँस्छन् । "हाम्रो यहाँ घोडा नै पाईंदैन। यहाँ त भैंसी, सुँगुर पाइन्छ। तिनै भैंसी र सुँगुरका बारेमा पढाए हुँदैन ?" डिनले विद्यार्थीलाई "तँ उठ् ! यो पाठमा रुचि छैन भने कक्षा छाडेर जान सक्छस्" भनी आदेश दिन्छन् ।

ती विद्यार्थी बाहिर त जान्छन्; तर भोलिपल्ट कलेजको भित्तामा "भैंसीका बारेमा प्रवचन धेरै देऊ ! घोडाका बारेमा प्रवचन कम देऊ !" लेखिएको पोष्टर टाँसिन्छ । डिन र सह-प्राचार्य त्यो पोष्टर च्यात्न भन्दछन्। विद्यार्थीले सानो पोष्टर च्यातेर झनै ठूलो पोष्टर टाँसिदिन्छन्। प्राचार्य लिडलाई चाहिँ उक्त पोष्टर राम्रो लाग्छ। सह-प्राचार्य त्यो पोष्टरले कलेजको पाठ्यक्रमको खिल्ली उडाएको गुनासो गर्छन्। लिङचाहिँ "यति सानो पोष्टरले नै दिमाग खराब गर्ने पाठ्यक्रमलाई पूरै च्यात्नु पर्दछ" भन्दै विद्यार्थीको कुरामा समर्थन जनाउँछन् ।

सडेको धानको तस्बिर देखाउँदै प्राचार्य लिडले धान कुहिनाका कारण विद्यार्थीलाई किन नपढाइएको भनी प्राध्यापकहरूसँग प्रश्न गर्छन् । प्राध्यापकहरू पाठ्यक्रम अनुसार त्यो पाठ जुलाईमा पढाइने जानकारी दिन्छन् । धानको बीउ राख्ने बेलामा धान थन्क्याउने पाठ पढाउनु उचित हुँदैन भन्दै पाठ्यक्रमलाई नै तर्कसम्मत र वस्तुवादी बनाउन निर्देशन दिन्छन् ।

अन्ततः प्राध्यापक र विद्यार्थी मिलेर क्रमशः पाठ्यक्रम बदल्छन्। विद्यार्थीलाई खेतका गराहरूमै कालोपाटी राखेर पढाइन्छ।

पाठ्यक्रम कसले कस्तो बनाउने भन्ने विषय असाध्यै

**यो चलचित्रले शिक्षामा पहुँच, शिक्षाको उत्पादन, पाठ्यक्रम भित्रको मुख्य पक्ष; शिक्षण विधि र मूल्याङ्कन विधिका बारेमा फरक दृष्टिकोण दिन्छ। यसले श्रमलाई शिक्षासँग जोड्ने, काम गर्दागर्दै सिक्ने र सिक्दासिक्दै काम गर्ने कुरालाई महत्व दिएको छ।**

●●●

महत्वपूर्ण हो। हामीकहाँ पढ्ने विद्यार्थी र पढाउने शिक्षकले पाठ्यक्रम बनाउन पाउँदैन । देशलाई चाहिने जनशक्ति र नेपालको आफ्नै विशेषताका आधारमा पाठ्क्रम बनाइनुपर्दछ । प्राकृतिक साधन स्रोत, भौगोलिक बनावट, हावापानी, वातावरण र यहाँ चाहिने जनशक्तिलाई हेक्का राखेर पाठ्यक्रममा कुन कुन विषय समावेश गर्ने किटान गरिनुपर्दछ । यसले सिङ्गो देशको विकास, आर्थिक असमानतालाई न्यूनीकरण गर्न मद्दत गर्नुपर्दछ।

उक्त कलेजमा परीक्षा सञ्चालन भइराख्दा विद्यार्थीले लगाएको धानको बोटमा कीरा लागेको हुन्छ। लि चेन फेङ कलेजमा गएर विद्यार्थी र प्राध्यापकलाई धानमा लागेको कीराको उपचार गर्न आग्रह गर्छन्। १५ जना विद्यार्थी परीक्षा छाडेर उनीसँगै धानमा औषधि छर्किन जान्छन्। धान राम्रो फल्दछ । तर ती पन्ध्र जना विद्यार्थीलाई परीक्षा छाडेको निहुँ बनाएर कलेजबाट निष्कासन गरिइन्छ। तर प्राचार्य लिङले उनीहरूलाई तत्काल पुनर्बहाली गरिदिन्छन्।

यो चलचित्रले शिक्षामा पहुँच, शिक्षाको उत्पादन, पाठ्यक्रम भित्रको मुख्य पक्ष; शिक्षण विधि र मूल्याङ्कन विधिका बारेमा फरक दृष्टिकोण दिन्छ। यसमा एउटा नारा दिइएको हुन्छ "आंशिक समय काम, आंशिक समय अध्ययन!" यसले श्रमलाई शिक्षासँग जोड्ने, काम गर्दागर्दै सिक्ने र सिक्दासिक्दै काम गर्ने कुरालाई महत्व दिएको छ।

आजको चीनको आर्थिक विकासको आधार यसै समयमा लागू गरिएको शिक्षा प्रणालीले बनाइदिएको हो। अमेरिकाका चर्चित समाजशास्त्री विलियम हिल्टनले चीनको शिक्षामा भएको क्रान्तिका बारेमा एउटा किताब लेखेका छन्- *"हण्ड्रेड डे वार"*। यस पुस्तकमा शिक्षामा सबैको पहुँच, तीव्र विकास, उत्पादनसँगको सम्बन्धका बारेमा राम्रो व्याख्या छ। त्यसताका चीनमा लागू गरिएको शिक्षा प्रणाली र त्यसको प्रयोग, जनतामा भएको पहुँच, उत्पादन र समग्र विकासको अध्ययन गरी डोङपीङ हानले "अन् नन् कल्चरल रेभोलुशन" (unknown cultural revolution) नामक खोजपूर्ण किताब नै तयार पारेका छन्। यो चलचित्रले प्रस्तुत गरेको शिक्षा सम्बन्धी अवधारणा र प्रयोगलाई यी दुईवटा पुस्तकले पनि पुष्टि गरेका छन्।

कालपृष्ठ
राष्ट्रिय दैनिक

व्यक्तित्व **टेकबहादुर जिरेल**

**शेखर खरेल**

# जिरीका जिरेल सर !



**"आफ्नो पेशागत धर्म र कर्म अनुसारको कर्तव्य पालना गर्नु नै शिक्षकको राजनीति हो। हामी शिक्षकहरू मुलुकका प्रबुद्ध र जिम्मेवार व्यक्ति हौं। किसानको मञ्चमा किसान, विद्यार्थीको मञ्चमा विद्यार्थी र राजनीतिको मञ्चमा राजनीतिज्ञको भूमिका निर्वाह गर्ने हो भने हामी शिक्षक कम अभिनेता ज्यादा हुनेछौं।"**

स्विट्जरल्याण्डको ज्यूरिचसँग तुलना गरेको पाइन्छ नेपालको जिरीलाई। सुन्दर सल्लेरी पाखाहरूले घेरिएको जिरीमा हिजोआज व्यावसायिक तवरमा चिया खेती समेत शुरु भएकाले धेरैले यहाँ भारतको दार्जीलिङको झलक पनि पाउन थालेका छन्। शहरको कोकोहोलोबाट मुक्ति र प्राकृतिक सुन्दरता खोज्नेहरूका निम्ति राम्रो गन्तव्य रहँदै आएको छ जिरी। तर, शिक्षा र सामाजिक विकासमा चासो हुनेहरू एउटा अर्को ठाउँमा पुग्न खोज्छन् र एउटा व्यक्तिलाई भेट्न खोज्छन्। हो, जिरी उच्च मावि र त्यसका प्राचार्य टेकबहादुर जिरेलको पनि एउटा राष्ट्रियस्तरको गन्तव्यको हैसियत बनिसकेको छ।

चार वर्षअघि एउटा वृत्तचित्र महोत्सवमा सहभागी हुन जिरी पुग्दा टेकबहादुर जिरेलसँग पहिलो भेट भएको थियो। परिचयका क्रममा मेरो नाम सुन्नासाथ उहाँले दि काठमाण्डू पोष्ट मा प्रकाशित मेरा लेखहरूको चर्चा गर्नुभयो। जिरीमा गएर त्यस किसिमको प्रतिक्रिया पाउने आसै नगरेकाले होला, म चकित भएको थिएँ। पछि थाहा हुँदै गयो, उहाँको चाख र सूचना सम्पन्नता अद्भुत रहेछ। छापामा आएका लेख, समसमायिक राजनीतिक टिप्पणी र साहित्यका राम्रो अध्येता मात्र हैन, उहाँलाई धेरै लेखक साहित्यकारहरूका कतिपय हरफहरू कण्ठस्थ हुँदा रहेछन्। पूर्ण मनोयोगले पढ्ने व्यक्तिलाई मात्र कुनै कुरा त्यसरी सम्झना हुनसक्छ। त्यति भइकन पनि उहाँमा मन परेका रचनाहरूलाई पुस्तकालयमा 'आर्काइभिङ' गर्ने बानी पनि रहेछ।

अक्षरसँग यस्तो गहिरो मितेरी भएका जिरेल सरको अक्षर यात्रा भने निकै दुरुह रहेछ भन्ने कुराको ज्ञान चाहिँ मैले धेरै पछि मात्र पाएँ।

द्वितीय विश्वयुद्धमा बेलायती सेनाका तर्फबाट लडेका फौजी पिताका छोरा टेकबहादुरको बाल्यकाल फौजी कथाहरूकै रोमाञ्चकतामा बित्यो। २०२१ सालमा तत्कालीन जिरी राष्ट्रिय प्राइमरी स्कूलमा भर्ना हुँदा उहाँको उमेर ११ वर्ष पुगिसकेको थियो। जिरी र सिक्री खोलाका दहहरूमा खेल्दै र वनपखेरामा चराका गुँडहरू खोज्दै समय बिताइरहेका टेकबहादुरलाई अक्षरसित खेल्न र किताबमा पढेका कुराहरूको उत्तर खोज्न पहाडै बोकेजस्तो हुन्थ्यो। पढ्न मात्र हैन, अरु कठिनाइ पनि धेरै थिए। ती दिनहरू सम्झँदै जिरेल सर भन्नुहुन्छ, "बेलुका पढ्नका लागि दियालो खोज्नुपर्थ्यो। जिरीको ठिही कटाउन खुट्टामा जुत्ता र आङमा न्यानो लुगासम्म हुँदैनथ्यो। तैपनि जेनतेन एसएलसी पास गरेँ।"

त्यसबेला शिक्षा 'अधिकार' थिएन, त्यो एउटा एकदमै मुस्किलले पाइने अवसर थियो र थियो कठिन साधना। "त्यही भएर होला, त्यसबेला पढेका कतिपय कुराहरू अहिले पनि मलाई कण्ठस्थ छन्। अहिलेकाहरूले शिक्षाका निम्ति त्यस्तो सङ्घर्ष गर्नु परेको छैन।"

प्रवेशिका पछि काठमाडौं आउनुभयो र त्रिविवि कीर्तिपुरको शिक्षा संकायबाट स्नातक उत्तीर्ण गरेपछि जिरी फर्केर तत्कालीन जिरी माविमा पढाउन थाल्नुभयो। तर, पञ्चायतकालका कठोर दिनहरूमा उहाँ बरू राजनीतिक पूर्वाग्रहको सिकार हुन राजी हुनुभयो तर राजनीतिक चेत र विवेकलाई बन्धकी राख्न भने तयार हुनु भएन। २०३७ चैत १४ गतेको प्रथम नेपाल बन्दमा उहाँले गिरफ्तारी दिई स्वेच्छिक जेलयात्रा गर्नुभयो। जनमत सङ्ग्रहमा बहुदलीय व्यवस्थाको पक्षमा वकालत गरेवापत उहाँलाई

मावि तहमा १५ वर्षसम्म स्थायी हुनबाट वञ्चित गरियो।

२०४६ सालको राजनीतिक परिवर्तनपछि भने जिरेल सरले आफूलाई दल निरपेक्ष व्यक्तिका रूपमा प्रस्तुत गर्दै आउनुभएको छ। राजनीति र शिक्षाको सम्बन्ध बारे भन्नुहुन्छ, "आफ्नो पेशागत धर्म र कर्म अनुसारको कर्तव्य पालना गर्नु नै शिक्षकको राजनीति हो। हामी शिक्षकहरू मुलुकका प्रबुद्ध र जिम्मेवार व्यक्ति हौं। किसानको मञ्चमा किसान, विद्यार्थीको मञ्चमा विद्यार्थी र राजनीतिको मञ्चमा राजनीतिज्ञको भूमिका निर्वाह गर्ने हो भने हामी शिक्षक कम अभिनेता ज्यादा हुनेछौं।"

जिरी उच्च माविले अनेकौं कोसेढुङ्गाहरू खडा गर्दै दोलखामा मात्र नभएर मुलुकमै आफूलाई एउटा नमुना विद्यालयका रूपमा उभ्याएको छ। यस उच्च माविमा शिक्षा, विज्ञान, मानविकी र व्यवस्थापन विषयहरूमा अध्ययन अध्यापन शुरु हुन थालेपछि जिरी र वरपरकाहरू राजधानीसम्मको खर्चिलो र बोझिलो यात्राबाट मुक्त भएका छन्।

औपचारिक शिक्षाका लागि मात्र नभएर जिरी उच्च मावि अहिले एउटा बहुउद्देश्यीय स्रोत केन्द्रको रूपमा समेत जिल्ला र जिल्ला बाहिर परिचित बन्दै गएको छ। विद्यालय हातामा निर्मित ४०० भन्दा वढी क्षमताको सुविधासम्पन्न सभाहलमा मल्टिमिडियाको व्यवस्था हुनाले त्यहाँ सभा सम्मेलनका अतिरिक्त समय-समयमा वृत्तचित्रहरूको पनि प्रदर्शन हुँदै आएको छ। अहिले विद्यालय हातामै जिल्लाको सबैभन्दा ठूलो खेलमैदान निर्माण भइरहेको छ। विद्यालयको सुरम्य भौगोलिक अवस्थिति र यिनै सुविधा र आकर्षणका कारण पनि यो विद्यालय अवलोकन गर्न आउनेहरूको सङ्ख्या दिनहुँ बढ्दो छ। अनेकौं आरोह-अवरोह पार गर्दै आएको जिरी उमाविले गत साल आफ्नो स्थापनाको स्वर्ण वर्ष मनाएको थियो, जसको प्रमुख आतिथ्य राष्ट्रपति डा. रामवरण यादवले ग्रहण गर्नुभएको थियो।

गुणस्तरीय शिक्षाका निम्ति भौतिक संरचनाहरूको दरकार पर्छ नै। "विद्यालय भनेको केही पुस्तक, ढुङ्गा र माटो मात्र होइन; यहाँसम्म ल्याइपुर्‍याउने अग्रजहरूको निस्वार्थ सेवाभाव र समर्पण पनि हो", आफ्ना अग्रजहरूप्रति नतमस्तक जिरेल सर भन्नुहुन्छ, "त्यसैले उहाँहरूप्रति हामी सदैव ऋणी छौं।" नयाँ पुस्ताकाहरूले संस्थापक शिक्षकहरूको योगदानको स्मरण गरुन् भनेर जिरेल सरले अग्रजहरूको सम्मान र अभिनन्दन गर्दै आउनुभएको छ। विद्यालयको हातामा निर्मित संस्थापक शिक्षक युवराज उपाध्यायको सालिक कुनै पनि शिक्षाजीवीको जिल्लाभरकै पहिलो सालिक पनि हो।

आफ्ना विद्यार्थीले समाजका विविध क्षेत्रमा पहिचान बनाउन सकेकोमा जिरेल सर सन्तुष्ट हुनुहुन्छ। उहाँका विद्यार्थीहरू डाक्टर, इन्जिनियर, शिक्षक लगायत विविध पेशाहरूमा छरिएका छन्। दोलखा क्षेत्र नम्बर १ की सभासद् शान्ति पाखिन र पप गायनमा राम्रै पहिचान बनाएकी गायिका रेश्मा सुनुवार उहाँका विद्यार्थी थिए। जिरेल समाजबाट पहिलो पल्ट सगरमाथा आरोहण गर्ने लालबहादुर जिरेल पनि उहाँकै विद्यार्थी हुन्। बेलायती सेनामा रहेका बसन्त जिरेल उहाँकै प्रेरणाले थातथलो जिरीको विकासमा यथासक्दो सहयोग पुर्‍याउँदै आइरहेका छन्। "पासाङ ल्हामु क्याम्पसका नेपाली भाषाका शिक्षक मेरा विद्यार्थी टीका जिरेल ३० वर्षपछि यस वर्षको गुरुपूर्णिमामा मलाई भेट्न आएका थिए", जिरेल सर सम्झनुहुन्छ, "मेरा कतिपय विद्यार्थीहरू देश बाहिर पनि राम्रै गरिरहेका छन्। उनीहरू चिट्ठीपत्र

**भावुक हुँदै उहाँ भन्नुहुन्छ, "हाम्रो शिक्षाले हाम्रा घरखेत र गोठबारी सिध्याएर बिल्लीवाठ पारी विदेशतिर धपाएको छ। हामी अतीतको कालो अफ्रिकामा रुपान्तरित त भइरहेका छैनौं ? कक्षाकोठामा विद्यार्थीलाई पढाइरहेको बेला यही चित्र सामु आउँदा कुनै दुस्वप्न झैं म झसङ्ग हुन्छु र कहिलेकाहीँ कक्षाकोठाबाट बाहिर गएर रोएको पनि छु।"**

●●●

र इमेलमार्फत नियमित सम्पर्कमा छन्। अन्तर्राष्ट्रिय साहित्य समाज बेलायतका संयोजक केदार सुनुवार 'संकेत' बारम्बार मेल गरिरहेका हुन्छन्।"

"प्रत्येक वर्ष केही विद्यार्थी विद्यालयबाट जान्छन् र प्रत्येक वर्ष नयाँ जोश र उमङ्गका साथ नयाँ विद्यार्थी थपिन्छन्। त्यसैले नयाँ ऊर्जा थपेको होला जस्तो लाग्छ, हुनुपर्छ, मलाई सधैं युवक नै रहेजस्तो लाग्छ। अनवरत पढाइरहेको छु, उनीहरूको भविष्यमै आफ्नो भविष्य देख्छु", जिरेल सर एउटा सच्चा शिक्षकको भावना व्यक्त गर्नुहुन्छ।

शहरमा बस्नेहरूलाई जिरीसँग जोड्नका लागि उहाँले आफूलाई अनेकौं आयामहरूसँग जोड्नुभएको छ। राजधानीको प्रत्येक पटकको यात्रा उहाँका निम्ति उद्देश्यपरक हुने गरेको छ। सङ्गीतकार अम्बर गुरुङदेखि लिएर कैयन् युवा साहित्यकार-कलाकारहरूसित उहाँको नियमित सम्पर्क छ। शक्ति र सत्ताका केन्द्रहरूको साटो सृजनाका मन्दिरहरूमा परिक्रमा गर्ने उहाँको बानीका कारण धेरै स्रष्टाहरू जिरीका बारेमा जान्ने र जिरीको माया गर्ने भएका छन्।

जिरेल सर लामो समयसम्म शिक्षण पेशामा रहँदा समाजबाट पाएको सम्मानबाट सन्तुष्ट हुनुहुन्छ। तर शिक्षामा समयोपयोगी परिवर्तन हुन नसकेको र मुलुकका शिक्षित युवाहरू हुलका हुल बाँधेर विरानो मुलुकमा रोजगारीमा गएको कुराले आफू निकै विचलित बनेको बताउनुहुन्छ। भावुक हुँदै उहाँ भन्नुहुन्छ, "हाम्रो शिक्षाले हाम्रा घरखेत र गोठबारी सिध्याएर बिल्लीवाठ पारी विदेशतिर धपाएको छ। हामी अतीतको कालो अफ्रिकामा रुपान्तरित त भइरहेका छैनौं ? कक्षाकोठामा विद्यार्थीलाई पढाइरहेको बेला यही चित्र सामु आउँदा कुनै दुस्वप्न झैं म झसङ्ग हुन्छु र कहिलेकाहीँ कक्षाकोठाबाट बाहिर गएर रोएको पनि छु।"

झरीमा रुझेर होस् वा घाममा उभिएर एक्लो नै सही सतीसालले झैं जिरेल सरले धेरैलाई छहारी दिँदै आउनुभएको छ। मैले उहाँको विद्यार्थी हुने सौभाग्य त पाइनँ, तर उहाँको असलपना र गुणग्राहिताबाट परिचित हुने मौका पाएको छु। र, शायद मेरोभन्दा पनि उहाँ जस्तै शिक्षाका ज्योति फैलाइरहेका म्यागासासे पुरस्कार विजेता महावीर पुनले आगन्तुक पुस्तिकामा लेखेका केही हरफहरू जिरेल सरका निम्ति सही मूल्याङ्कन हुन सक्लान्। पुन लेख्नुहुन्छ, "यो दुनियाँमा अलिकति असल हृदय, सौन्दर्य, सिर्जनशीलता, प्रेम, करुणा जस्ता गुण नहुँदा हुन् त, अर्थात् टेकबहादुर जिरेल सर जस्ता सुन्दर हृदयका मानिस नहुँदा हुन् त झन् कठिन हुन्थ्यो होला मानिस भएर बाच्न!"



## नेपाल-अध्ययन

डा. तीर्थबहादुर श्रेष्ठ

# शिक्षक चाहिदैंनन् कीरा फट्याङ्ग्रालाई !




**माहुरीलाई कुन फूलमा मह छ भनेर कसैले सिकाउनु पर्दैन, कोया फुटाएर बाहिर निस्कनासाथ आफैं उडेर पुतलीहरू आफ्नो जोडी भेट्न कहाँ पुग्ने र कुन फूलको रस चुस्ने भन्ने ज्ञान आफैंमा लिएर आएका हुन्छन् । कमिलाहरू जन्मनेबित्तिकै आफ्नो कर्म अनुसारको धर्म निर्वाह गर्न मिहिनेतमा जुटिहाल्छन् । कीरा-फट्याङ्ग्रामा यस्ता ज्ञान तत्वहरू वंशाणुगत संरचनाभित्र नै निहित हुन्छन् ।**

हामी आफ्ना छोराछोरीलाई धेरै कुरा सिकाउन खोज्छौं, सिकाउन चाहन्छौं । हामी मात्र कहाँ हो र; काग, भँगेरा, जुरेली र अरू चराचुरुङ्गीहरू पनि आफ्ना बचेरालाई उड्न सिकाउँछन् । बाघ, सिंह र बिरालाहरू आफ्ना डमरु, छाउरा, छाउरीलाई सिकार गर्न सिकाउँछन् । आफ्ना सन्तति सक्षम होउन्, सिपालु होउन्, योग्य होउन् भन्ने सबै प्राणीको चिन्ता हुन्छ । र, बालबच्चालाई सिकाउँछन्, प्रशिक्षण दिन्छन्, तालिम दिन्छन् आदि इत्यादि । तर संसारमा यस्ता प्राणी पनि छन्, जसले आफ्ना आमा-बुबा लगायत पहिलो पुस्ताबाट केही सिक्न पाउँदैनन्। आफू जन्मँदा पुराना पुस्ता परलोक भइसकेका हुन्छन् । तैपनि, प्राणीजगतमा उनीहरू नै सबैभन्दा सफल, सबैभन्दा सबल र सबैभन्दा स्वावलम्बी छन्। प्राणीजगतको यो चरित्र कीरा-फट्याङ्ग्राको जीवनमा साकार हुन्छ ।

माहुरीलाई कुन फूलमा मह छ भनेर कसैले सिकाउनु पर्दैन, कोया फुटाएर बाहिर निस्कनासाथ आफैं उडेर पुतलीहरू आफ्नो जोडी भेट्न कहाँ पुग्ने र कुन फूलको रस चुस्ने भन्ने ज्ञान आफैंमा लिएर आएका हुन्छन् । कमिलाहरू जन्मनेबित्तिकै आफ्नो कर्म अनुसारको धर्म निर्वाह गर्न मिहिनेतमा जुटिहाल्छन्, मिलेमतोमा सङ्गठित भइहाल्छन्। कीरा-फट्याङ्ग्रामा यस्ता ज्ञान तत्वहरू वंशाणुगत संरचनाभित्र नै निहित हुन्छन् । यिनको जीवनचक्रमा सर्वप्रथम आमाको कोखबाट अण्डाका रूपमा स्थापित हुन्छन् । अण्डाबाट अति सक्रिय लार्भा अवस्थामा प्रवेश गर्छन् । लार्भेहरू विभिन्न खाद्यवस्तु खान सक्ने खाएर अघाएपछि कोया अवस्था (pupa) मा पुन: निष्क्रिय भएर बस्दछन् । त्यसबाट बाहिर निस्कँदा चटकीले चटक गरेझैं ती लार्भे पूर्णत: वयस्क पुतली, माहुरी वा बारुलो बनेर अवतरण हुन्छन् । त्यसैले हामीले देख्ने साना पुतलीहरू ठूला पुतलीका बच्चा होइनन्। त्यस्तै साना-साना लामखुट्टे पनि ठूला लामखुट्टेका बच्चा होइनन् । बरु ती भिन्नभिन्न प्रजातिका हुन्छन् । कीरा-फट्याङ्ग्रामा हुने यो अद्भुत परिवर्तनलाई अङ्ग्रेजीमा मेटामर्फोसिस (metamorphosis) भनिन्छ । हुन पनि एक घिनलाग्दो झुसिले कीराबाट पुतलीको सौन्दर्यमा अवतरण हुनु निश्चय नै विस्मयपूर्ण घटना हो ।

प्राणीजगतको अस्तित्वको सङ्घर्षमा कीरा-फट्याङ्ग्रा सबैभन्दा सफल प्राणी मानिन्छन् । पृथ्वीतलको जस्तोसुकै विषमता वा विविधतामा पनि यिनीहरू आफूलाई अनुकूल बनाउन सक्दछन्। यिनीहरू खानाको लागि सामान्य फूल बीज-बिरुवादेखि कपडा, काठ-दाउरा जस्ता घरेलु सामग्री समेत छोड्दैनन् । सन्तान जन्माउने कुरा गर्दा एउटै माउबाट सयौंका सङ्ख्यामा सन्तान जन्माउन सक्दछन्। एउटा रानो माहुरीबाट हजारौं अरू माहुरी

जन्मन्छन्। प्रत्येक दिन १५०० भन्दा बढी अण्डा दिन्छे एक रानो माहुरीले। कीरा-फट्याङ्ग्राहरू शरीरले पनि सानै हुन्छन्। जहाँ पनि अटाउन सक्छन्। धेरैका पँखेटा हुन्छन्। छिटो भाग्न र छिटो सफर गर्न पनि समर्थवान हुन्छन्। यी सबै कुराभन्दा अरु महत्त्वपूर्ण कुरा त; कीरा-फट्याङ्ग्राको शारीरिक बनावट स्थानअनुसार मिल्ने विशिष्ट प्रकारको हुन्छ। यिनका खाने मुख, चुस्ने अङ्ग, खुट्टाका आकार-प्रकार, पखेंटाका रुपरङ आदि विविधताले भरिपूर्ण हुन्छन्। कीराफट्याङ्ग्राको संसारभन्दा विविध र ठूलो संसार अरू प्राणीको छैन। वैज्ञानिकहरूले पत्ता लगाएका लगभग चौध लाख जीवप्राणी र वनस्पतिमध्ये सात लाख पचास हजार (५३.५७ प्रतिशत) त कीरा-फट्याङ्ग्राका प्रजाति नै छन्। यो सन् १९८० ताकाको तथ्याङ्क हो। प्रत्येक वर्ष नयाँ प्रजातिका सयौं सयौं कीरा-फट्याङ्ग्रा पत्ता लाग्दैछन्। पत्ता लगाउन बाँकीको सङ्ख्या अथाह छ। कीरा-फट्याङ्ग्रा भन्नाले तीन भागमा छुट्टिएको शरीर (टाउको, छाती र पेट) तथा ६ वटा खुट्टा भएका प्राणीलाई मात्र भन्न खोजिएको हो। माकुरा, शंखेकीरा, गड्यौला, जुका इत्यादि यसभित्र पर्दैनन्।

संसारका कुनै पनि प्राणी पृथ्वीको जीवन्त प्रणालीमा बेकामका हुँदैनन्। सबैको आ-आफ्नै भूमिका हुन्छ। यहाँ चाहिँ हामी मानिसको निम्ति प्रत्यक्ष लाभ र हानि गर्ने कीरा फट्याङ्ग्राहरूका बारेमा बढी केन्द्रित रहन्छौं।

हामी आफ्नो घर-दैलो, बारी, बगैंचा, खेत र चौरमा जाँदा विभिन्न जाति-प्रजातिका कीराफट्याङ्ग्रा वा तिनका लाभ्रे सलबलाएको देख्छौं। घरभित्रै पनि झिँगा, साङ्ला, कमिला र धमिराले निकै दुःख दिने गरेको हामीलाई थाहा छ। अरु उडुस, उपियाँ, जुम्रा र लामखुट्टेको हैरानी त बयान गरिसाध्य छैन। हामीले आफ्नो शरीर, लुगाफाटा, ओढ्ने-ओछ्याउने र घरको आँगन-चोटा, कोठा र भान्छा सफा-सुग्घर नराखे यिनको बिगबिगीले बाँच्नै गाह्रो बनाइदिन्छ।

हाम्रो बारी र बगैंचाका फूल-तरकारीका बिरुवामा पनि लाभ्रे, लाही, खुम्रे, खपटे, गवारो, फट्याङ्ग्रा, पतेरो आदि विभिन्न प्रकारका कीरा-फट्याङ्ग्रा (insects) ले ठूलो क्षति पुऱ्याउने गरेका छन्। विशेष गरेर सागपात, तरकारी र फलफूल खेतीलाई कीरा-फट्याङ्ग्राले अधिक सताउने गर्दछन्। तर धान, गहुँ, मकै, भटमास र दाल पनि तिनको प्रकोपबाट मुक्त हुँदैनन्। त्यसैले; विश्वमा कीटनाशक विषादी रसायनहरूको प्रयोग बढ्दो छ। यस्ता रसायनको अधिक प्रयोगबाट मानिस लगायत अरू पशुपन्छी र सिङ्गो वातावरण नै प्रदूषण हुने गरेका धेरै उदाहरणहरू छन्। तिनबाट स्वास्थ्यमा पर्ने दीर्घकालीन प्रभावका कारण आजभोलि कृत्रिम विषादीको प्रयोगमा सचेतना बढाउने काम पनि हुँदै आएको छ। यस्ता विषादीको अन्धाधुन्द प्रयोगबाट शत्रु कीरा मात्र हैन मित्र कीरा पनि नष्ट हुन्छन्। तर यहाँनेर ख्याल राख्नुपर्ने कुरा के छ भने; हामीले चिन्न सकेका दश लाख प्रजातिका कीरा-फट्याङ्ग्रामध्ये एक प्रतिशतले मात्र हानि-नोक्सानी पुऱ्याउँछन्। अरूले त फाइदै पुऱ्याउँछन्। एक प्रतिशतलाई नाश गर्दा बाँकी उनान्सय प्रतिशत पनि नष्ट हुने खतरा स्वतः स्पष्ट छ। भनिन्छ, यदि संसारबाट माहुरी लोप भयो भने मानिसको जीवन आधार चार वर्षमा समाप्त हुन्छ। यो भनाइ प्रसिद्ध वैज्ञानिक अल्बर्ट आइन्सटाइनको हो भन्ने मौरी पालकहरूको दाबी छ।

प्राणीजगतको सम्पूर्ण खाद्य पदार्थ वनस्पतिबाट प्राप्त हुन्छ। वनस्पतिजगतलाई जीवन्त राख्ने काममा कीरा-फट्याङ्ग्राको विशेष भूमिका हुन्छ- खास गरेर परागसेचन कार्यमा। माहुरी, बारुलो, भँमरा, पुतली, विभिन्न प्रकारका झिँगाहरू आफू जन्मेदेखि नमरुन्जेल फूल फुल्ने बिरुवाहरूको बिहे गराइदिने कार्यमा व्यस्त हुन्छन्। पुरोहितको मन्त्रोच्चारणझैं लाग्ने तिनको भुनभुन आवाज भने पखेँटाको चाल गतिबाट आउने हो; तिनको गलाबाट होइन।

विश्वको सर्वोत्कृष्ट मुलायम बस्त्र बन्ने रेशम धागोको स्रोत रेशम कीरा (Cater Piller) को कोयाबाट प्राप्त हुन्छ। त्यस्तै बहुउपयोगी लाहा पनि एक प्रकारको लाही कीराबाटै प्राप्त हुन्छ। चिठीपत्र सिलबन्दी गर्दा लाहाछाप लगाउने चलन हामीकहाँ छ। चीन, जापानमा कलात्मक भाँडाकुँडा, बट्टुको आदिमा आकर्षक पालिस लाहाबाटै लगाइन्छ। माहुरीको मह र मैन कति उपयोगी छ, त्यो भन्नै पर्दैन। त्यस्तै कतिपय कीराहरू विशेष गरेर लाभ्रे कीराहरू चराचुरुङ्गीका प्रमुख आहारा पनि हुन्। धमिरा मात्र खाएर जीविका गर्ने एन्ट इटर (ant eater) तथा अरू प्राणीको अस्तित्वमा कीराको महिमा ठूलै हुन्छ। नेपालको प्रख्यात जडिबुटी यार्सागुम्बा पनि कीराकै लाभ्रेबाट बन्ने हो।

कीरा-फट्याङ्ग्राको जीवनगाथा रोमाञ्चकारी र कौतुहलपूर्ण मात्र नभई तिनबाट मानिसले सिक्नुपर्ने ज्ञानगुनका कुरा पनि थुप्रै हुन्छन्। धमिराले निर्माण गर्ने माटाका गुँड कसरी वातानुकूल हुन्छन्? अध्ययन-अनुसन्धानको विषय बन्दै आएको छ। खपटे कीराको जुधाइ हेरेर कुस्ती खेलको नयाँ दाउपेच पत्ता लगाउने तरखर पनि सुनिन थालेको छ। मानिसलाई हानि पुऱ्याउने कीराहरूलाई आफ्नो आहारा बनाएर जैविक सन्तुलनमा सघाउ पुऱ्याउने धेरै कीराका प्रजाति हुन्छन्। तिनमा टिके कीरा, गाइने कीरा, बारुला र कुमालकोटीका प्रसङ्गहरू रोचक हुन्छन्। तर, पुतलीका विभिन्न प्रजातिले प्रदान गर्ने सौन्दर्यतिर मानिसहरू अधिक आकर्षित हुने गरेका छन्। प्रकृतिको छटाको रूपमा पुतली हेर्न पर्यटकहरू नेपालमा पनि आउन थालेका छन्। पुतली (butterfly) को विश्व वैभवको २.६ प्रतिशत (६४० प्रजाति) नेपालमा विद्यमान छन्। तिनमा निशाचर पुतली भने समावेश छैन। यस्ता पुतलीलाई अङ्ग्रेजीमा मथ (moth) भनिन्छ। अक्सर रात परेपछि सक्रिय जीवनचर्या अपनाउने पुतली नै मथ हुन्। हाम्रो बत्तीमा झुम्मिएर ज्यान फाल्ने पुतली यिनै हुन्। दिया र पतङ्ग (पुतली) को कथा यिनै मथ पुतलीमा आधारित छ। दिउँसो बगैंचामा देखिने पुतली वटरफ्लाई (butterfly) को कथा होइन त्यो।

वटरफ्लाई पुतली दिनमा सक्रिय हुन्छन् भने मथ पुतली रातमा। 'वटरफ्लाई' पुतलीको जुँगा सलक्क परेको धागो जस्तो मात्र हुन्छ तर मथ पुतलीका जुँगामा झुस पलाएको हुन्छ। नजिकबाट हेर्दा कपाल कोर्ने काँगियो जस्तो पनि देखिन्छ। वटरफ्लाई पुतलीहरू भुईंमा वा फूलमा बस्दा दुवै पँखेटा खप्टाएर बस्दछन्, हाम्रो हत्केलाले नमस्ते गरेझैं। मथ पुतली बस्दा दुवै पँखेटा फैलाएर बस्दछन्। यसरी बस्दा एट्लासमथ (atlas moth) को पँखेटा ३० सेन्टीमिटरसम्म फैलिन्छ। कीरा-फट्याङ्ग्राको संसारमा यो सबैभन्दा ठूलो प्रजाति हो। यो प्रजाति नेपालमा पनि पाइन्छ। कीरा-फट्याङ्ग्रा, पुतली आदि प्राणीका रहस्य बुझ्दै जानुपर्छ; हामीमा संरक्षणको चेतना पनि खुल्दै जान्छ। *क्रमशः*

सत्यमेव जयते

# Notice

## GOLDEN JUBILEE SCHOLARSHIP SCHEME 2011-12

### EMBASSY OF INDIA, KATHMANDU

[FOR UNDERGRADUATE COURSES FOR NEPALESE STUDENTS STUDYING IN NEPAL]

Embassy of India, Kathmandu invites applications for scholarships on prescribed data sheets from **Nepalese nationals** enrolled in first year of under graduate courses in recognized educational institutions in Nepal. During the academic year 2011-12, hundred (100) scholarships will be awarded under the scheme as per the following distribution:-

| | | |
|---|---|---|
| i) | Medical | 25 (5 years course) |
| ii) | Engineering | 25 (4 years course) |
| iii) | Other disciplines | 50 (3 years course) |

(B.Sc, B.A, BBS, B.Com, B.Ed, etc)

**2. Eligibility:**

Candidates must be a Nepali citizen and have secured at least 70% marks in aggregate at the Intermediate (+2) level/ Class 12th and family income of the candidate must be less than NRs. 1,20,000/- per annum. **Note:** Those who have already received or are receiving scholarship for any course under this scheme **are not eligible to apply.**

**3. Age Limit:**

Applicants should be between 17 and 22 years of age as on 1st July 2011 for all undergraduate courses.

**4. Scholarship Amount:**

Selected students in medical / engineering disciplines will get a scholarship of NRs.3,000/- per month. The scholarship for students in other disciplines will be NRs. 2,000/- per month. The scholarship will be discontinued if the percentage of marks obtained by the awardees falls below 50% in each year or for any other reason that the Embassy may deem necessary.

**5. Selection Process:**

i) Selection will be based on merit. Short listed candidates will be called for interview which will be conducted in Kathmandu and Birgunj in Nepal tentatively in **January/ February 2012**. Outstation candidates called for interview will be reimbursed conveyance charges up to a maximum of NRs. 500/- on producing proof of having undertaken the journey i.e. bus/ air tickets.

ii) Names of candidates short-listed for interview will be placed on Indian Embassy website and intimation to this effect will be given through advertisement in newspapers. Candidates are advised to interact solely with the Education Wing, Embassy of India, Kathmandu and CGI Birgunj for the scholarship scheme. The candidates should indicate their address and contact telephone numbers/ e-mail address clearly on the data sheet. Any change in address/ telephone number should also be intimated immediately through letter. Candidates are advised to check the website to ascertain the status of their application.

iii) **50 scholarships** will be reserved for students belonging to districts (25) identified by Government of Nepal as educationally disadvantaged. These are Morang, Dhading, Sindhuli, Kavrepalanchok, Nawalparasi, Sindhupalchok, Rupandehi, Nuwakot, Kanchanpur, Dangdeukhuri, Sunsari, Banke, Makwanpur, Kapilvastu, Parsa, Saptari, Sarlahi, Rautahat, Mahottari, Dhanusha, Bara, Kailali, Bardiya, Siraha and Rasuwa.

iv) Children of retired/ serving Nepalese soldiers in Indian Army are required to furnish a certificate to this effect that he/she is a child of serving/ex-serviceman personnel of Indian Army and send their application through **Asstt. Military Attache (Welfare), Embassy of India, Kathmandu.**

v) Candidates belonging to or studying in Dhanusha, Mahottari, Sarlahi, Rautahat, Bara, Prasa, Makwanpur and Chitwan may send their applications to **Consulate General of India, Shreepur**, **Birgunj**. However, candidates from above districts presently studying in Kathmandu may submit their application to Education Wing, Embassy of India, Kathmandu. All other candidates should submit their application forms at Embassy of India, Kathmandu.

**6. Instruction for filling Data-sheet**

i) The data-sheet may be downloaded from the Indian Embassy website www.indianembassy.org.np and should be filled-in legibly, preferably typed and should be submitted in **one (01) copy only.**

ii) Candidates should attach one attested photograph, attested photocopies of citizenship certificate, mark-sheet of class XII (Transcript only) and parental income certificate issued by CDO or college authorities where the student is studying. **Original documents need not be attached at this stage**. Candidates who are not in possession of citizenship certificates should enclose copy of citizenship certificate of either mother or father. Data-sheet may be submitted personally or by post to the office of Attache (Education), Embassy of India, P.O Box- 292, Kapurdhara Marg, Kathmandu or Consulate General of India, Shreepur, Birgunj, not later than **December 19, 2011**. Forms will be accepted on all working days between 1000 hrs. to 1200 hrs.

**7.** Data-sheet should be strictly in the format specified in the Indian Embassy website www.indianembassy.org.np

## Embassy of India, Kathmandu/ CGI, Birgunj/Embassy of India, Camp Office, Biratnagar General Cultural/SAARC Scholarship Scheme for 2012-13 session for Under- Graduate Courses

Embassy of India, Kathmandu invites applications on prescribed form from Nepalese nationals desirous of pursuing **under-graduate courses** in Computer Applications, Business Administration, Arts, Hospitality & Hotel Management and Music/ Performing Arts in Indian Universities for the academic year 2012-13.

**2. Eligibility:**

(i) Applicants must have passed Class 12 or equivalent examination with compatible subject in class XII and have secured minimum of 60% marks in aggregate as well as in English.

(ii) Applicants should be between 17 to 22 years as on **1st July, 2012.**

(iii) **For Music:** Photographs of their performances, audio/video cassettes or CD's alongwith above criteria..

(iv) **For Fine Arts:** Photographs and 12 slides of candidate's work alongwith above creteria.

**3. Selection Process:**

(i) The short-listed candidates will be informed individually for interview, which will be conducted in Kathmandu / Birgunj / Biratnagar. They are advised to interact solely with the Education Wing, Embassy of India, Kathmandu or Consulate General of India, Birgunj or Embassy of India, Camp Office, Biratnagar about the scholarship. The candidates should indicate their address and contact telephone numbers / e-mail address clearly in the prescribed column of the application form. Any change in address / telephone number should also be intimated immediately through a letter.

(ii) Selection will be based on the applicant's

academic record and performance in the interview. However, nomination of a candidate by the Embassy does not guarantee admission to any Indian college/university for the above courses. Confirmation of admission by the Embassy will be given only after receipt of the same from the concerned Indian University.

